समाजवाद

मुद्दा र आन्दोलन

सम्पादक

अशेष घिमिरे

अर्जुन राई

प्रकाशक

समाजवाद अध्ययन केन्द्र नेपाल, धनकुटा

नेपालको समकालीन समाजवादी आन्दोलनका सन्दर्भमा विभिन्न कोणबाट छलफल, बहस तथा राजनीतिक संघर्ष हुँदै आएको छ । कतिपय दृष्टिकोणहरूमा मतभिन्नता पनि रहेको छ । यस पुस्तकमा संग्रहीत लेखहरूमा ती भिन्नताहरू स्वभाविक रूपमा प्रकट भएका छन् । समाजवादी संघर्षमा लागेका जो कोहीका लागि यो पुस्तकमा सम्मिलित विचारहरू सन्दर्भ सामाग्री बन्छ भन्ने हाम्रो विश्वास छ । यसमा समेटीएका विचारहरू लेखकका नीजि विचार हुन् ।

प्रकाशकः

समाजवाद अध्ययन केन्द्र नेपाल, धनकुटा

Socialism Study Center Nepal, Dhankuta

Email: studysocialism777@gmail.com
URL: www.sscnepal.com.np

सवाधिकार © लेखकमा सुरक्षित

सम्पादक :
अशेष घिमिरे
अर्जुन राई

व्यवस्थापन :
निश्चल राई, गोपाल बराईली, बिमला राई

आवरण तथा पृष्ठसज्जा :
रिकेश कार्की र प्रिन्स बाबु चौधरी

पुस्तक प्रकाशनार्थ आर्थिक सहयोगः
सामाजिक विकास मन्त्रालय, प्रदेश सरकार कोशी प्रदेश नेपाल ।

हिजो, आज र भोलिका

समाजवादी अभियन्ताहरूमा समर्पित

विषय सूची

नेपालको समाजवादी अन्दोलन र नेकपा (एकीकृत समाजवादी)	माधवकुमार नेपाल	१
नेपालमा समाजवादी क्रान्तिबारे केही कुरा	झलनाथ खनाल	१५
विश्व पुँजीवाद र अन्तरविरोध	प्रमेश हमाल	२७
महिलामुक्तिका चुनौतीहरू	जयन्ती देवी राई	३१
समाजवाद निर्माण: कस्तो पार्टी कस्तो चुनौति	घनश्याम भुषाल	४०
समाजवादका निम्ति सङ्घर्ष	राम कार्की	५२
समाजवादी महिला आन्दोलन	गरिमा शाह	६०
नेपाली वामपन्थको असहज यात्रा	हरि रोका	७३
समाजवादको आधार वैज्ञानिक भूमिसुधार	गणेश विश्वकर्मा	९२
एकीकृत समाजवादीको दस्तावेज अर्को एउटा घुम्ती	दामोदर अर्याल	१०४
समाजवादी संघर्ष: तत्कालका मुद्दाहरु	अशेष घिमिरे	११५
विकल्प समाजवाद	अर्जुन राई	१२५
मार्क्सवादी महिलावादको प्रतिरक्षामा	करुणा पराजुली	१३३

नेपालको समाजवादी अन्दोलन र नेकपा (एकीकृत समाजवादी)

माधव कुमार नेपाल
पूर्वप्रधानमन्त्री

नवौं महाधिवेशनका निष्कर्ष र कार्यान्वयनको समीक्षा

२०७१ असार १९ मा सुरुभई साउन १ मा सम्पन्न भएको नेकपा (एमाले) को नवौं महाधिवेशन नेकपाको इतिहासमा एउटा महत्वपूर्ण मोड थियो किनभने त्यस महाधिवेशनले नेपाली समाज र क्रान्तिको चरित्रका बारेमा नयाँ निष्कर्ष निकालेको थियो । नेकपाले आफ्नो स्थापना कालदेखि नै तत्कालीन नेपाली समाज अर्ध सामन्ती र अर्ध औपनिवेशिक अवस्थामा छ भन्ने विश्लेषण गर्दै आएको थियो । नवौं महाधिवेशनले पार्टी स्थापना कालदेखि नै सामन्तवादका विरुद्ध निरन्तर रूपमा सञ्चालन गरिएका विभिन्न प्रकारका सङ्घर्षहरूको परिणामस्वरूप समाजको आर्थिक सामाजिक क्षेत्रमा भएका परिवर्तन तथा २०६२/६३ सालको शान्तिपूर्ण जनक्रान्तिबाट सामन्ती राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना भएसँगै सामन्तवाद आधारभूत रूपमा ढलेको छ र नेपाली समाज पूँजीवादी युगमा प्रवेश गरेको छ भन्ने नयाँ निष्कर्ष निकालेको थियो । त्यसैगरी राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनासँगै नेपाली जनवादी क्रान्ति आधारभूत रूपमा सम्पन्न भएको छ र समाजवादी क्रान्तिको चरण सुरु भएको छ भन्ने निष्कर्ष पनि त्यस महाधिवेशनले निकालेको थियो ।

नवौं राष्ट्रिय महाधिवेशनले मुलुकमा पूँजीवादी जनवादी क्रान्ति मूलतः सम्पन्न भएको व्याख्या गर्दै नेपाली समाज पूँजीवादमा प्रवेश गरेको निष्कर्ष निकाली पार्टीले अब जनवादी क्रान्तिका उपलब्धि अर्थात् मुलुकमा आएको राजनैतिक परिवर्तन अनुरूप समाजको आर्थिक-सामाजिक एवं सांस्कृतिक रूपान्तरण अभियान सञ्चालन गरेर नेपाली विशेषताको समाजवादका आधार निर्माण गर्ने कार्यदिशा अँगाल्ने छ भन्ने निर्णय र निर्देश पनि गरेको थियो ।

नवौं महाधिवेशनले निकालेका निष्कर्ष र त्यसले गरेका निर्णय एवम् निर्देश एकदमै सही थिए । तिनीहरूको कार्यान्वयन हुँदा मुलुक प्रगति पथमा अगाडि बढ्न सक्थ्यो । समाजमा विद्यमान तमाम समस्याहरूको समाधान गर्दै समाजवादका आधार निर्माण गर्न सकिन्थ्यो तर सोही महाधिवेशनबाट निर्वाचित मूल नेतृत्व महाधिवेशनले तय गरेको कार्यदिशा अनुरूप अगाडि बढ्न र महाधिवेशनका निर्णय एवम् निर्देशको कार्यान्वयन गर्न कहिल्यै पनि तयार भएन । हामीले बारम्बार आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरण अभियान

सञ्चालन गर्न जोड गऱ्यौँ । कैयौँ पटक फरक मत पनि राख्यौँ । तर पार्टीको मूल नेतृत्व महाधिवेशनले तय गरेको कार्यदिशा अनुरूप अगाडि बढ्न तयार हुँदै भएन, स्वेच्छाचारी ढङ्गले चलिरह्यो । पार्टीका क्रान्तिकारी नीति, सिद्धान्त र विचार सबै परित्याग गरियो । पार्टीका स्थापित विधि, पद्धति र संस्थागत प्रणालीलाई लत्याएर सम्पूर्ण रूपमा व्यक्तिवादी ढङ्गले चल्ने काम भयो । नीति प्रधान हुनुपर्ने कम्युनिष्ट पार्टीलाई सम्पूर्ण रूपमा नेता प्रधान बनाइयो । पार्टी एकता गर्ने जस्तो विशेष महत्वको विषयमा समेत पार्टीभित्र कुनै छलफल र निर्णय गरिएन । पार्टीलाई दक्षिणपन्थी अवसरवादको दलदलमा धकेल्दै लगियो । हामीले उक्त गलत विचार र व्यवहारका विरुद्ध निरन्तर अन्तरपार्टी संघर्ष चलायौँ तर पार्टीको प्रमुख नेता केपीशर्मा ओलीको विचार, व्यवहार र कार्यशैली बदलिएन । उनी गुटबन्दीपूर्ण कृयाकलापमा चुर्लुम्मै डुबिरहे ।

दक्षिणपन्थी अवसरवाद र विसर्जनवाद विरुद्ध सङ्घर्ष

अवसरवाद सिद्धान्त र आदर्शप्रति बेवास्ता गर्दै तात्कालिक परिस्थितिको उपयोग गरेर फाइदा लिने वा स्वार्थ सिद्ध गर्ने कार्य हो भने विसर्जनवाद परिस्थिति अनुकुल छैन भन्ने निहुमा मार्क्सवादका प्रावधानहरूलाई लत्याउने कार्य हो । राजनीतिमा अवसरवाद र विसर्जनवाद प्रायजसो सत्ता स्वार्थसँग जोडिएको हुन्छ ।

विश्व कम्युनिष्ट आन्दोलनमा शुरुदेखि नै दुईखाले गलत प्रवृत्ति रहिआएका छन् । ती हुन् : उग्र वामपन्थी भड्काउ र दक्षिणपन्थी अवसरवाद । उग्रवामपन्थी भड्काउ परिस्थितिभन्दा अगाडि दगुर्नखोज्ने, मात्रात्मक परिवर्तनलाई महत्व नदिने, गुणात्मक फड्कोमा मात्रै जोडदिने, बस्तुवादी ढङ्गले नसोच्ने, मनोगतवादी एवम् जडसूत्रवादी चिन्तन र अवस्तुवादी कार्यक्रम-कार्यनीति अंगालेर हिड्ने तथा अराजक कार्यशैली र सर्वसत्तावादी चरित्र भएको विचार एवम् व्यवहार प्रवृति हो । दक्षिणपन्थी अवसरवाद सुधारात्मक कार्यमा मात्र ध्यान दिने, गुणात्मक फड्कोको दिशामा अगाडि बढ्न नचाहने र प्रगतिका निम्ति अगाडि नबढी यथास्थितिमा रमाइरहने प्रवृति हो । कम्युनिष्ट आन्दोलनमा अहिले पनि विद्यमान यी प्रवृत्तिहरू नै अवसरवादका मुख्य प्रकार हुन् । यी गलत प्रवृत्तिका विरुद्ध मार्क्स, एंगेल्स, लेनिन, माओ सबैले सङ्घर्ष गरेका थिए ।

नेपालको कम्युनिष्ट आन्दोलनमा पनि शुरुदेखि नै उपर्युक्त गलत प्रवृति रहिआएका छन् र यी गलत प्रवृत्तिका विरुद्ध सङ्घर्ष पनि चलिआएको छ । नेपाली कम्युनिष्ट आन्दोलनमा उग्रवामपन्थी भड्काउ दक्षिणपन्थी अवसरवाद दुबैबाट क्षति भएको छ । त्यसमा पनि पार्टीको दोस्रो महाधिवेशनबाट पार्टी महामन्त्री बनेका केशरजङ्ग रायमाझीले अँगालेको दक्षिणपन्थी अवसरवाद र नवौँ महाधिवेशनबाट निर्वाचित पार्टी अध्यक्ष केपी ओलीले अँगालेको दक्षिणपन्थी अवसरवादले अझ बढी क्षति पुऱ्याएको छ । रायमाझीले दोस्रो महाधिवेशनबाट पारित गरिएको गणतान्त्रिक कार्यदिशा कार्यान्वयन नगरी सामन्तवादको सेवा गरेका थिए भने नवौँ महाधिवेशनबाट निर्वाचित अध्यक्ष केपी ओलीले पनि नवौँ महाधिवेशनबाट पारित समाजवादी कार्यदिशा कार्यान्वयन नगरी वित्रीय तथा दलाल-नोकरशाही पूँजीवादको सेवा गरेका थिए । केशरजङ्ग रायमाझीले २०१७ सालमा राजाको प्रतिगामी कदमलाई समर्थन गरेका थिए भने ओलीले प्रतिनिधि सभा विघटन गरेर आफै प्रतिगामी मार्ग अबलम्बन गरेका थिए ।

रायमाझीको दक्षिणपन्थी अवसरवादका विरुद्ध पुष्पलाल, मनमोहन अधिकारी, तुलसीलाल अमात्य, मोहनविक्रम सिंहलगायत नेताहरूले तीखो सङ्घर्ष सञ्चालन गर्नुभएको थियो भने हामीले नवौँ महाधिवेशनबाट पार्टीको मूल नेतृत्वमा पुगेका केपी ओलीको दक्षिणपन्थी अवसरवादका विरुद्ध सङ्घर्ष गऱ्यौँ । दक्षिणपन्थी अवसरवाद विरुद्ध सङ्घर्षको प्रथम पक्ष पार्टीका क्रान्तिकारी नीति, सिद्धान्त र विचारको रक्षा गर्नु थियो किनभने पार्टीका क्रान्तिकारी नीति, सिद्धान्त र विचार सबै परित्याग गरी पार्टीलाई दक्षिणपन्थी अवसरवादको दलदलमा धकेल्दै लगिएको थियो । दोस्रो पक्ष पार्टीको नवौँ महाधिवेशनबाट पारित कार्यदिशा र निर्देश कार्यान्वयन गर्नु गराउनु थियो । तेस्रो पक्ष पार्टीका स्थापित विधि, पद्धति र संस्थागत प्रणालीको रक्षा गर्नु थियो ।

पार्टीको अध्यक्ष र संसदीय दलको नेताको हैसियतले प्रधानमन्त्री बनेका व्यक्तिले पार्टीमा निर्णय गराउनु त परै जावस कुरै नराखी असंवैधानिक ढङ्गले प्रतिनिधि सभाको विघटन गर्ने सिफारिस गरेर लोकतन्त्र समाप्त गर्ने प्रतिगामी कदम चालेकाले हामी त्यस प्रतिगामी कदमका विरुद्ध उभिन वाद्य भयौँ । किनकि असंवैधानिक ढङ्गले जन निर्वाचित प्रतिनिधि सभाको विघटन गर्ने विषय पार्टीको

आन्तरिक विषय अर्थात अन्तरपार्टी सङ्घर्षको विषय मात्र थिएन । यो त जनताले आफ्ना प्रतिनिधिमार्फत निर्माण गरेको संविधानमाथि हमला गर्ने, जनताले सङ्घर्ष गरेर प्राप्त गरेका अधिकारहरू अपहरण गर्ने र जनवादी क्रान्तिका सम्पूर्ण उपलब्धिहरू नष्ट गर्ने प्रतिगामी कदम थियो । त्यसैले तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को केन्द्रीय कमिटीको अत्यधिक (करिब ७० प्रतिशत) बहुमतले त्यसलाई प्रतिगामी कदम भनी भर्त्सना गरेको थियो र त्यसका विरुद्ध राजनीतिक एवम् कानुनी सङ्घर्ष गर्ने निर्णय गरेको थियो । त्यसैले हामी त्यस प्रतिगामी कदमका विरुद्ध खुल्ला विद्रोहमा उत्रियौँ । मुलुकका सबै लोकतान्त्रिक शक्ति, नागरिक समाज र लोकतन्त्रप्रेमी जनता त्यस प्रतिगामी कदमका विरुद्ध आन्दोलित भए । कानुनी र सडक सङ्घर्षबाट उक्त प्रतिगमनलाई परास्त गरेर संविधान र लोकतन्त्रको रक्षा गरियो । अहिले फेरि दक्षिणपन्थी शक्तिहरूका प्रतिगमनकारी स्वरहरू सुनिदै छन् । गणतन्त्रका विरुद्ध षड्यन्त्रका तानाबाना पनि अझै बुनिदै छन् । हाम्रो पार्टीले सङ्घीय लोकतान्त्रिक गणतन्त्र विरोधी हरेक षड्यन्त्रलाई चकनाचुर पार्दै जनवादी क्रान्तिका उपलब्धीहरूको रक्षा गर्ने र समाजवादका आधार निर्माण गर्ने अभियानको नेतृत्व गर्नुपर्दछ ।

हाम्रो विद्रोह र त्यसको औचित्य

माथि उल्लेख गरिसकिएको छ कि हामी एकताको पक्षमा थियौँ र नेकपा (एमाले) मै रहन चाहन्थ्यौँ तर अर्को पक्ष नेकपा (एमाले) लाई विभाजन गरिछाड्ने गरी प्रस्तुत भएकाले एकता जोगाउन सकिएन । हामीले पार्टी एकता जोगाउन निरन्तर प्रयत्न गरेता पनि अर्को पक्षले एकता जोगाउन चाहँदै नचाहेपछि हामीले नेकपा (एमाले) को पुनर्गठन एवम् रूपान्तरण गरी पार्टी र आन्दोलनलाई जोगाएर अगाडि बढाउनु आफ्नो कर्तव्य एवं जिम्मेवारी ठान्यौँ र एमालेबाट विद्रोह गरी नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) गठन गऱ्यौँ । नेपाली कम्युनिष्ट आन्दोलनको रक्षा गर्ने उद्देश्यका साथ गरिएको हाम्रो विद्रोह सिद्धान्तनिष्ट, जायज र अत्यावश्यक विद्रोह हो । विगतमा पनि कैयन पटक यस्तै विद्रोह गरेर पार्टी र आन्दोलनको रक्षा गरिएको थियो । केशरजङ रायमाझीले पार्टीलाई दक्षिणपन्थी अवसरवादको दलदलमा धकेलेको बेला कमरेड पुष्पलाललगायतका नेताहरूले विद्रोह गरेर पार्टी पुनर्गठन गरी आन्दोलनको

रक्षा गर्नु भएको थियो । मोहनबिक्रम सिंहलगायतका नेताहरूले पनि विद्रोह गरेर पार्टी पुनर्गठन अभियान चलाउनु भएको थियो । कम्युनिष्ट आन्दोलन विभाजित भएर कम्जोर बन्दै गएको बेलामा झापा सङ्घर्ष, मुक्तिमोर्चा विद्रोह, बर्रे सङ्घर्ष आदि विद्रोहहरू गरेर पनि पार्टी पुनर्गठन अभियान सञ्चालन गरी नेपाली कम्युनिष्ट आन्दोलनको रक्षा र विकास गरिएको थियो । नेपाली कम्युनिष्ट आन्दोलनलाई फेरि दक्षिणपन्थी अबसरवाद र विसर्जनको दलदलमा धकेलिएकाले त्यसबाट पार्टी र आन्दोलनलाई बचाउनका निम्ति विद्रोह गर्नु अनिवार्य भएकोले यो विद्रोह गरिएको थियो ।

पार्टीको नवौँ राष्ट्रिय महाधिवेशनले वर्तमान नेपाली समाजको चरित्र तथा क्रान्तिको चरित्र र कार्यदिशाको सम्बन्धमा सही निर्णय गरेको भएता पनि नेतृत्वमा उक्त कार्यदिशाका विरोधी व्यक्तिलाई छानेको हुनाले उनले महाधिवेशनबाट पारित कार्यदिशा कार्यान्वयन गर्न नै चाहेनन् । त्यसले गर्दा पार्टीभित्र गम्भीर मतभेद रहिरहेको थियो तर त्यस मतभेदलाई हामीले विद्रोहको विषय होइन आन्तरिक वहसको विषय मात्र बनाएका थियौँ । जब मूल नेतृत्वले स्वेच्छाचारी ढङ्गले प्रतिनिधि सभाको विघटन गरेर मुलुकलाई प्रतिगमनको दिशामा धकेल्यो तब मात्रै हामीले विद्रोहको झण्डा उठाएका थियौँ । प्रतिनिधि सभाको विघटन गर्ने कार्य जनताले सङ्घर्ष गरेर प्राप्त गरेका सम्पूर्ण अधिकार हरण गर्ने गलत कदम थियो । जनवादी क्रान्तिका सम्पूर्ण उपलब्धी नष्ट गर्ने र मुलुकलाई प्रतिगमनको दिशामा धकेल्ने प्रतिगामी कदम थियो । त्यसैले हामी त्यस प्रतिगामी कदमका विरुद्ध उभिएका थियौँ र विद्रोहमा उत्रिएका थियौँ ।

एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टीले मार्क्सवादी-लेनिनवादी अर्थात् द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोण अँगालेको हुनुपर्दछ । त्यो पार्टी समाजको आमूल परिवर्तनको पक्षमा सदैव क्रियाशील हुनुपर्दछ । त्यसले समाजका आम श्रमजीवी वर्गको पक्षमा निरन्तर काम गरिरहेको हुनुपर्दछ । त्यसले मुलुकको सार्वभौमसत्ता आम जनतामा निहीत छ भन्ने कुरा आत्मसात गरेर जनादेश अनुरूप चल्नु पर्दछ । कम्युनिष्ट पार्टीले आफूले अँगालेको सिद्धान्तलाई व्यवहारमा उतार्न हरदम लागिपर्नु पर्दछ । मार्क्सवाद-लेनिनवादलाई मुलुकको भूधरातलीय यथार्थ र समाज विकासको स्तरका आधारमा रचनात्मक ढङ्गले लागू गर्नुपर्दछ ।

एउटा क्रान्तिकारी कम्युनिष्ट पार्टीमा हुनुपर्ने यी मुख्य गुण केपी ओलीले चलाएको एमालेमा एउटा पनि छैन । एमालेले जनवादी केन्द्रीयताको मान्यता र जनताको बहुदलीय जनवादले अँगालेको विचारको विविधतालाई स्वीकार एवं अङ्गिकार गर्ने मान्यता, कम्युनिष्ट पार्टी विधि पद्धतिमा चल्नुपर्दछ र उसले राज्य सञ्चालन गर्दा पनि विधि पद्धति अनुसार चल्नु र चलाउनु पर्दछ भन्ने मान्यता तथा कम्युनिष्ट पार्टीमा जनसेवी चरित्र एवं जनपक्षीय आचरण र सभ्य संस्कार हुनुपर्दछ भन्ने मान्यता समेत परित्याग गरेको छ । एमाले नेतृत्व जनताको बहुदलीय जनवादी पनि होइन । एमाले व्यक्तिगत स्वार्थमा केन्द्रित दक्षिणपन्थी अवसरवादीहरूको एउटा झुण्डमा परिणत भएको छ ।

उपर्युक्त निष्कर्षका साथ हामीले एमालेभित्र रहेको क्रान्तिकारी पंक्तिलाई नयाँ ढङ्गले पुनर्गठित गरेर नेपाली कम्युनिष्ट आन्दोलनको रक्षा एवम् विकास गर्दै नेपाली समाजको आमूल परिवर्तनका निम्ति योगदान गर्ने उद्देश्यले विद्रोह गरेका हौँ । बुँदागत रूपमा भन्नुपर्दा हाम्रो विद्रोहका कारण र उद्देश्य निम्न प्रकार थिए :

१. एमाले नेतृत्वले नेपाली जनताको लामो र कष्टसाध्य सङ्घर्षबाट प्राप्त लोकतन्त्र समाप्त गर्ने षड्यन्त्र गरेकाले त्यस षड्यन्त्रलाई विफल पारी लोकतन्त्रको रक्षा र विकास गर्ने,

२. एमाले नेतृत्वले नेपाली जनताले आफ्ना प्रतिनिधिमार्फत आफैंले बनाएको संविधानमाथि पटक-पटक हमला गरेकाले त्यस हमलालाई विफल पारी संविधानको रक्षा र पूर्ण कार्यान्वयन गर्ने,

३. एमाले नेतृत्वले पार्टीलाई दक्षिणपन्थी अवसरवादको भासमा डुबाउँदै लगेकाले नेपाली कम्युनिष्ट आन्दोलनलाई दक्षिणपन्थी भासमा डुब्नबाट जोगाउँदै क्रान्तिकारी धारको रक्षा र विकास गर्ने,

४. एमाले नेतृत्वले मार्क्सवाद-लेनिनवादका मूलभूत सिद्धान्तहरू (द्वन्द्वात्मक भौतिकवादी विश्व दृष्टिकोण, परिवर्तनकारी दृष्टिकोण, श्रमजीवी वर्गको पक्षपोषण गर्ने दृष्टिकोण, जन- सार्वभौमसत्ताको दृष्टिकोण र सिद्धान्त र व्यवहारबिच एकरूपताको दृष्टिकोण) परित्याग गरेकाले तीनीहरूको रक्षा र सिर्जनात्मक प्रगोग गर्ने,

५. एमाले नेतृत्वले पार्टीको तर्फबाट सरकार सञ्चालनको नेतृत्व गर्दा पार्टीले अगाडि सारेका आर्थिक, सामाजिक र सांस्कृतिक कार्यक्रमहरूको कार्यान्वयन गर्दै नेपाली समाजको आर्थिक-सामाजिक-सांस्कृतिक रूपान्तरण गर्ने कार्य नगरी दलाल पूँजीपतिहरूको सेवामा आफूलाई समर्पित गरेकाले आम जनताको हितमा राष्ट्रिय पूँजीको निर्माण गर्दै समाजवादको लक्ष्य प्राप्त गर्न सक्ने क्रान्तिकारी तथा जनमुखी पार्टी निर्माण गर्ने,

६. एमाले नेतृत्वले दुई ठूला कम्युनिष्ट पार्टीको गठबन्धनलाई प्राप्त जनमतका आधारमा सरकारमा बसेर देश, जनता र राष्ट्रको हितविरुद्ध गतिविधि गरेकाले त्यस गतिविधिलाई रोक्ने र देश, जनता र राष्ट्रको पक्षमा काम गर्ने,

७. एमाले नेतृत्वले प्रश्रय दिएका भ्रष्टाचार, कुशासन, कमिशनखोरी, नातावाद, कृपावादजस्ता गलत कार्यको विरोध गर्दै सदाचार, सुशासन, स्वच्छता, पारदर्शीता र निस्पक्षताका साथ जनहितमा कार्य गर्ने ।

उपर्युक्त कारण र उद्देश्यले गरिएको विद्रोह एक ऐतिहासिक आवश्यकता थियो र यो औचित्यपूर्ण एवम् जायज थियो । यसबाट नेपाली कम्युनिष्ट आन्दोलनको रक्षा एवम् विकास गर्ने कार्यमा, कम्युनिष्ट पार्टी र आन्दोलनप्रति आम नेपाली जनतामा नयाँ आशा, विश्वास र ऊर्जा सिर्जना गर्ने कार्यमा र नेपाली समाजको आमूल परिवर्तन गर्ने कार्यमा योगदान हुनेछ ।

मुलुकको राजनीतिमा एकपछि अर्को सफलता प्राप्त गर्दै अगाडि बढेको कम्युनिष्ट आन्दोलनमा २०७४ सालको निर्वाचन परिणाम र कम्युनिष्ट पार्टीहरूको एकीकरण एउटा ऐतिहासिक पानी ढलो थियो । तर, २०७७ पुस ५ मा प्रतिनिधि सभाको विघटन र २०७७ फागुन २३ मा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को विभाजन भएपछि नेपाली राजनीतिको कोर्स अचानक बदलियो । लोकतान्त्रिक स्थिरताका साथ समृद्धिको दिशामा अगाडि बढ्ने नेपाली जनताको आकाङ्क्षामा तुषारापात भयो । राष्ट्रिय राजनीति अस्थिरतातर्फ मोडियो । कम्युनिष्ट आन्दोलनमा असाधारण चुनौती थपिए । त्यस खालको परिस्थितिमा हामीले विद्रोह गरेर संविधानको रक्षाका लागि ठूलो चुनौतीको सामना गरेका हौँ, मूल्य चुकाएका हौँ । नेपालको राजनीतिक इतिहासले त्यसको मूल्याङ्कन

गर्ने नै छ। तर त्यो कदम संसदको रक्षा गर्ने एउटा राजनीतिक परिघटना मात्रै थिएन, बरु क्रान्तिको रक्षाका लागि क्रान्तिकारीहरूले गरेको जायज विद्रोह थियो । यो नेपाली जनताले कठोर सङ्घर्ष गरेर ल्याएको लोकतन्त्रको रक्षार्थ गरिएको जायज विद्रोह थियो । मुलुकमा राजनीतिक स्थायित्व कायम गर्नका निम्ति पनि यो विद्रोह आवश्यक र उचित थियो ।

हामीले विद्रोह मुलुकलाई प्रतिगमनको भूँमरीमा धकेल्ने दक्षिणपन्थी विसर्जनवादका विरुद्ध अर्थात् प्रतिगमनका विरुद्ध गरेका थियौँ । प्रतिगमनलाई परास्त गरी जनवादी क्रान्तिका उपलब्धीको रूपमा रहेका संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्ने, प्रतिनिधि सभालाई बचाएर पूर्ण कार्यकाल काम गर्न दिने तथा संविधानलाई क्रियाशील बनाउने र नेपाली कम्युनिष्ट आन्दोलनको रक्षा गर्ने हाम्रो विद्रोहका मुख्य लक्ष्य थिए । ती लक्ष्य प्राप्त गर्न हामी सफल भएका छौँ । प्रतिगमनलाई परास्त गरिएको छ। संविधान र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा भएको छ। प्रतिनिधि सभा पुनःस्थापित भएर पूर्ण कार्यकाल कृयाशील रहन सक्यो । संविधान क्रियाशील भयो र सङ्घ, प्रदेश र स्थानीय तहका निर्वाचन सम्पन्न भए। जनताले आफ्नो अधिकार प्रयोग गरी तीनै तहमा नयाँ नेतृत्व चयन गर्न पाए । हामीले विद्रोह नगरेको भए यी सब काम हुने थिएनन् । यस अर्थमा हाम्रो विद्रोहको औचित्य पुष्टि भएको छ ।

नेपाली कम्युनिष्ट आन्दोलनको कोणबाट हेर्दा पनि हामीले तत्कालीन नेकपा (एमाले) को नेतृत्व गुटमा देखापरेको दक्षिणपन्थी विसर्जनवादका विरुद्ध विद्रोह गरेका थियौँ । त्यस दक्षिणपन्थी विसर्जनवादी गुटसँग हाम्रा थुप्रै भिन्नताहरू थिए र अहिले पनि छन् । मुख्य भिन्नताहरूलाई निम्न बुँदामा राख्न सकिन्छ :

१. हामी २०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिमार्फत सामन्ती राजतन्त्रको अन्त्य गरेर गणतन्त्र स्थापना भएपछि नेपाली जनवादी क्रान्ति आधारभूत रूपमा सम्पन्न भएको मान्दछौ भने एमालेले यो मान्दैन। उसले "क्रान्तिले पूरा गर्नुपर्ने अभिभारा-एक वर्गको हातबाट अर्को वर्गको हातमा राज्यसत्ता हस्तान्तरण गर्ने, पुरानो उत्पादन सम्बन्धलाई भत्काएर नयाँ उत्पादक शक्ति अनुकूलको उत्पादन सम्बन्ध विकास गर्नेजस्ता कतिपय विषय अधुरै छन्" भन्छ (प्रथम विधान महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन, पृष्ठ १०१) ।

२. हामीले मार्क्सवाद-लेनिनवादलाई मात्र पार्टीको मार्गदर्शक सिद्धान्त मान्छौं भने एमालेले "पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवाद हो" भन्छ (प्रथम विधान महाधिवेशन र दशौं राष्ट्रिय महाधिवेशनबाट संशोधित विधान, पृष्ठ ५) ।

३. हामीले अब हुने नेपाली क्रान्तिलाई समाजवादी क्रान्ति भएकाले समाजवादी क्रान्तिको कार्यक्रम अँगालेर अगाडि बढ्ने भन्छौं भने एमालेले "आज हामीले अगाडि सार्ने कार्यक्रम समाजवादी कार्यक्रम होइन, समाजवादको आधार तयार गर्ने कार्यक्रम हो" भन्छ (प्रथम विधान महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन, पृष्ठ १०३-४) ।

४. हामीले समाजवादी कार्यदिशा अँगाल्ने भन्छौं भने एमालेले "जनताको बहुदलीय जनवाद लागू गर्दै राष्ट्रिय पूँजीको विकास गर्नु र समाजवादको आधार निर्माण गर्नु हामीले अवलम्बन गरेको राजनीतिक कार्यदिशाको सार हो" भन्छ (प्रथम विधान महाधिवेशनबाट पारित राजनीतिक प्रतिवेदन, पृष्ठ ११३) ।

५. हामी प्रतिगामी पुनरुत्थानवादी तत्वहरूका विरुद्ध प्रहार केन्द्रित गर्ने भन्छौं भने एमाले त्यस्ता तत्वसँग सहकार्य गर्न चाहन्छ ।

उपर्युक्त मूलभूत सवालहरूमा हाम्रो पार्टी र एमालेबिच भिन्नता रहेको हुनाले पनि हाम्रो विद्रोहको औचित्य पुष्टि भएको छ ।

पार्टीका मुख्य सैद्धान्तिक अवधारणा

हरेक राजनीतिक दलका आफ्ना निश्चित् सैद्धान्तिक एवम् वैचारिक अवधारणा र स्पष्ट आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र वैदेशिक नीति हुन्छन् । कम्युनिष्ट पार्टीमा सैद्धान्तिक एवम् वैचारिक स्पष्टता र नीतिगत प्रतिबद्धताको झन बढी खाँचो पर्दछ । त्यसैले हामीले पार्टी पुनर्गठन अभियान सुरु गरेदेखि नै पार्टीका मूलभूत सैद्धान्तिक एवम् वैचारिक अवधारणा र नीतिगत प्रतिबद्धता एकदमै स्पष्ट रूपमा राख्दै आएका छौं । हामीले पार्टी दर्ता गर्दाको घोषणा पत्रमा नै संक्षिप्तमा धेरै कुरा स्पष्टसँग राखेका छौं । जस्तो कि वर्तमान नेपाली समाजको चरित्र, प्रधान अन्तर्विरोध, क्रान्तिको

चरित्र, पार्टीको रणनीतिक लक्ष्य र पार्टीको मार्गदर्शक सिद्धान्तका बारेमा उक्त घोषणा पत्रमा भनिएको छ : "२०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिद्वारा सामन्ती राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै नेपाली क्रान्तिले एउटा चरण पार गरेर अर्को चरणमा प्रवेश गरेको छ । नेपाली समाज आधारभूत रूपमा पूँजीवादी चरित्रको बन्न पुगेको छ । ... यतिबेला नेपाली समाजमा रहेका समाजवादी क्रान्तिका पक्षधर शक्ति र त्यसका विरोधी शक्तिहरूबिचको अन्तर्विरोध समाजको प्रधान अन्तर्विरोध बन्न पुगेको छ । ...पार्टीको रणनीतिक लक्ष्य लोकतान्त्रिक मूल्य मान्यतासहितको वैज्ञानिक समाजवाद हो । ...पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो ।" त्यसैगरी केन्द्रीय कमिटीको प्रथम बैठकबाट पारित राजनीतिक प्रस्तावमा अहिले पार्टीले अँगाल्ने कार्यदिशा र कार्यभारको बारेमा स्पष्ट पार्दै भनिएको छ : "हामी समाजवादी क्रान्तिको कार्यदिशा अवलम्बन गर्नेछौँ र समाजवादको यात्रामा अगाडि बढ्ने छौँ । ...समाजवादी क्रान्तिका विरोधी शक्तिहरूमाथि प्रहार केन्द्रित गर्दै समाजवादको दिशामा अगाडि बढ्नु यतिबेलाको हाम्रो मुख्य कार्यभार हो । हाम्रो अबको गन्तव्य वैज्ञानिक समाजवाद हो । त्यो समाजवाद लोकतान्त्रिक मूल्य मान्यतासहितको र समावेशी चरित्रको हुनेछ ।" यसका अतिरिक्त केन्द्रीय कमिटीका अन्य बैठक र केन्द्रीय परिषद्को बैठकबाट पारित राजनीतिक प्रतिवेदनहरू, निर्वाचन घोषणा पत्र आदि दस्तावेजहरूमा पनि आफ्ना स्पष्ट विचार र दृष्टिकोण राखेर आएका छौँ । यस दस्तावेजमा पनि केही महत्वपूर्ण विषयहरूको संक्षेपमा चर्चा गर्नु उपयुक्त नै हुनेछ ।

सर्वप्रथम यो सपष्ट गरौँ कि नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) २२ अप्रिल १९४९ (१० वैशाख २००६) मा स्थापित नेपाल कम्युनिष्ट पार्टीको वर्तमान रूप हो । यो पार्टी नेपाली सर्वहारा श्रमजीवी वर्गका जनताको हित प्रतिनिधित्व गर्ने राजनीतिक पार्टी हो । नेपाल कम्युनिष्ट पार्टीले आफ्नो स्थापना कालदेखि राख्दै आएको नेपाली समाजमा रहेका सामन्ती तथा दलाल-नोकरशाही पूँजीवादी र साम्राज्यवादी शोषण, दमन र उत्पीडनको अन्त्य गरी जनवादी चरण हुँदै वैज्ञानिक समाजवादको स्थापना गर्ने र समाजमा रहेका वर्गीय, जातीय, लैङ्गिक, भाषिक, सांस्कृतिकलगायत सबै प्रकारका विभेदहरूको अन्त्य गरी सामाजिक न्याय र समानतासहितको स्वतन्त्रता तथा

आम जनता सुखी एवम् समृद्ध भएको समाज स्थापना गर्ने उद्देश्यहरू नै यस पार्टीका आम लक्ष्य र उद्देश्यहरू हुन् । यो पार्टी यी सबै लक्ष्य र उद्देश्यहरू प्राप्तिको सङ्घर्षमा निरन्तर डटिरहन प्रतिबद्ध छ ।

हामीले सुरुदेखि नै स्पष्टसँग भन्दै आएका छौँ कि पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो । मार्क्सवाद-लेनिनवाद क्रान्तिकारी चरित्रको वैज्ञानिक विश्वदृष्टिकोण र श्रमजीवी वर्गको मुक्ति एवम् समाज परिवर्तनको मार्गदर्शक सिद्धान्त हो । मार्क्सवाद कुनै जडसूत्र नभएर एक गतिशील वैज्ञानिक सिद्धान्त भएकाले यसको प्रयोग समाजको विशिष्ट परिस्थिति अनुरूप सिर्जनात्मक ढङ्गले हुन्छ र गर्नुपर्दछ भन्ने हाम्रो दृढ मान्यता छ । मार्क्सवादको प्रयोगको कुनै एउटा मात्र आदर्श नमुना वा मोडेल छैन । यसको प्रयोग विभिन्न मुलुकमा विभिन्न ढङ्गले भएको छ । हामी नेपाली कम्युनिष्टहरू लोकतान्त्रिक मूल्य मान्यतासहितको राजनीतिक प्रणालीका साथ मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने पक्षमा रहिआएका छौँ । त्यसक्रममा जननेता कमरेड मदन भण्डारीको अगुवाइमा नेपाली क्रान्तिको कार्यक्रमका रूपमा प्रतिपादित जनताको बहुदलीय जनवादले नेपाली कम्युनिष्ट आन्दोलनको व्यापक विस्तार एवम् विकास र लोकतान्त्रिकरणमा महत्वपूर्ण योगदान गरेको थियो । जनवादी क्रान्तिको चरणमा त्यसले हामीलाई मार्गदर्शन गरेको थियो । अहिले नेपाली क्रान्ति जनवादी चरण पार गरेर समाजवादी चरणमा प्रवेश गरेको हुँदा अब हामीले समाजवादी क्रान्तिको कार्यक्रम अँगालेर अगाडि बढ्नुपर्दछ भन्ने निष्कर्ष केन्द्रीय कमिटीको प्रथम बैठकबाट नै निकालिएको थियो । जनताको बहुदलीय जनवादमा अगाडि सारिएका सामन्तवाद विरोधी राजनीतिक माग, नारा र मूल्य मान्यताहरू संविधानमा संस्थागत भएका छन् । यो उपलब्धिको पक्ष हो । तर, यसले अगाडि सारेका समाजको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणका मागहरू भने व्यवहारमा लागु भइसकेका छैनन् । ती मागहरूलाई अब पार्टीले अगाडि सार्ने समाजवादी कार्यक्रमका अभिन्न अङ्ग बनाएर अझै उन्नत रूपमा प्रस्तुत गरी कार्यान्वयन गर्नुपर्दछ ।

पार्टीको सङ्गठनात्मक सिद्धान्त जनवादी केन्द्रीयता हो । जनवादी केन्द्रीयता भनेको जनवाद र केन्द्रीयता दुवैको संयोजन भएको व्यवस्था हो । कमरेड पुष्पलालका अनुसार “जनवाद र केन्द्रीयता पार्टी सङ्गठनका दुई पहलु हुन् । यी तराजुको दुई पल्ला हमेशा बराबर सन्तुलित रहनुपर्छ । यसमा बेथिति

आएमा पार्टी जीवनमा नै बेथिति देखापर्दछ।" (नेपाल कम्युनिष्ट पार्टी र यसको कार्य पद्धति) । यस सिद्धान्तको मूल मर्म निर्णय प्रकृयामा जनवाद र निर्णय कार्यान्वयनमा केन्द्रीयता लागुहुन्छ भन्ने हो । निर्णय प्रकृयामा जनवाद भनेको पार्टीको नीति निर्माण गर्ने प्रकृयामा हरेक सदस्यले स्वतन्त्रतापूर्वक आफ्नो राय राख्न र मत जाहेर गर्न पाउंछन् भन्ने हो भने निर्णय कार्यान्वयनमा केन्द्रीयता भनेको जनवादी प्रकृया अवलम्बन गरेर निर्णयमा पुगिसकेपछि सबैले उक्त निर्णय कार्यान्वयन गर्नुपर्दछ भन्ने हो । निर्णयमा असहमति छ भने पनि कार्यान्वयनमा असहमति हुनु हुँदैन भन्ने हो । जनवादी तरिकाले वहस छलफल गरेर सकेसम्म सहमतिबाट र सहमति हुन नसकेमा लोकतन्त्रिक विधिबाट निर्णय गर्ने र निर्णय भइसकेपछि त्यसलाई अनुशासित ढङ्गले कार्यान्वयन गर्नुपर्दछ भन्ने हो । पार्टीका सबै कमिटी र जनसङ्गठनहरू यही सिद्धान्त र कार्यपद्धति अनुरूप सङ्गठित र परिचालित हुनेछन् । **यो पार्टी नेता प्रधान होइन नीति प्रधान हुनेछ । पार्टीमा सामूहिक नेतृत्व र व्यक्तिगत उत्तरदायित्वको कार्य पद्धति अवलम्बन गरिने छ ।** पार्टीको सार्वभौम अधिकार पार्टीका सङ्गठित सदस्यहरूमा रहनेछ र त्यसको प्रयोग पार्टी विधान अनुसार गरिनेछ । पार्टीका सवै कमिटीहरू समावेशी चरित्रका हुनेछन् र युवालाई उचित स्थान दिइने छ ।

जनवादी केन्द्रीयताको सिद्धान्तका सार पक्ष र रूप पक्ष छन् । मार्क्सवादी विश्वदृष्टिकोण, श्रमजीवी वर्ग पक्षधरता र समाजको आमूल परिवर्तन गर्ने दृष्टिकोण यस सिद्धान्तको सार पक्ष हो भने व्यक्ति कमिटीको मातहत हुन्छ, अल्पमत बहुमतको मातहत हुन्छ, तल्लो कमिटी माथिल्लो कमिटीको मातहत हुन्छ, सबै तल्ला कमिटी केन्द्रीय कमिटीको मातहत हुन्छन्, केन्द्रीय कमिटी र केन्द्रीय निकाय महाधिवेशनको मातहत हुन्छन् र महाधिवेशन पार्टी सदस्यहरूको मातहत हुन्छ भन्ने सङ्गठनात्मक प्रणाली यसको रूप पक्ष हो । वास्तवमा सङ्गठनात्मक सिद्धान्तका यिनै सार र रूप पक्षको सही प्रयोगबाट नै सङ्गठनको व्यवस्थित निर्माण र सञ्चालन हुन्छ ।

यो पार्टी जन आधारित कार्यकर्ता पार्टी हो । यस पार्टीका सम्पूर्ण सदस्यहरू मुलुकको कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रिक र क्रान्तिकारी सारतत्वकासाथ अघि बढाउँदै नेपाली क्रान्तिका निर्दिष्ट लक्ष्य र उद्देश्यहरू हासिल गर्न

जनआधारित, सुसङ्गठित, एकताबद्ध, अनुशासित, गतिशील र जुझारु हुनेछन् र अग्रगामी राजनीतिक भूमिका निर्वाह गर्दै अघिबढ्न दृढ सङ्कल्पित रहने छन्। उनीहरू सामाजिक-आर्थिक तथा साँस्कृतिक रूपान्तरणका लागि उत्पादन सङ्घर्ष, वैज्ञानिक प्रयोग र वर्गसङ्घर्षमा सामेल हुँदै विचार, सङ्गठन, सङ्घर्ष र सिर्जनात्मकताका क्षेत्रमा अग्रणी भूमिका खेल्नेछन् । पार्टीका सदस्यहरू जनसरोकारका विषय र उत्पादनशील कार्यमा क्रियाशील हुँदै पार्टीको एकता र अग्रगतिका लागि समर्पित रहने छन् ।

यस पार्टीको रणनीतिक लक्ष्य वैज्ञानिक समाजवाद हो । यस पार्टीले शान्तिपूर्ण प्रतिस्पर्धामार्फत श्रेष्ठता हासिल गर्ने मान्यता राख्दछ । यो पार्टी संविधानको सर्वोच्चता, विधिको शासन, मानव अधिकार एवम् मौलिक हकको प्रत्याभूति, शक्ति पृथकीकरणको सिद्धान्त, बहुलतायुक्त खुला समाज, बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, समावेशी सहभागिता, जननिर्वाचित प्रतिनिधिहरूद्वारा सरकार सञ्चालन, प्रतिपक्षको संवैधानिक व्यवस्था र स्वतन्त्र न्यायपालिकाजस्ता लोकतन्त्रका विश्वव्यापी मूल्य मान्यताप्रति प्रतिबद्ध छ ।

यस पार्टीका सम्पूर्ण क्रियाकलाप नेपाल र नेपाली जनताको सर्वोपरि हितमा केन्द्रित हुनेछन् । यो पार्टी राष्ट्रिय हितको संरक्षण एवम् संवर्द्धनमा दृढतापूर्वक क्रियाशील रहने छ । पार्टीले संयुक्त राष्ट्र सङ्घको बडापत्र, पञ्चशीलका सिद्धान्त र असंलग्नताको सिद्धान्तमा आधारित स्वतन्त्र परराष्ट्र नीति अवलम्बन गर्नेछ। यो पार्टी पारस्परिक समानता, सम्मान र हितका आधारमा अन्तर्राष्ट्रिय समुदाय तथा छिमेकीलगायत विश्वका सबै देशसँग सुमधुर सम्बन्ध कायम गर्ने मान्यता राख्दछ ।

❖❖❖

नेपालमा समाजवादी क्रान्तिबारे केही कुरा

झलनाथ खनाल
पूर्वप्रधानमन्त्री

नेपाली क्रान्तिका दुई ऐतिहासिक चरणहरू

मानव समाजको विकासका आम नियमहरू अनुरूप नै नेपाली समाजको विकास पनि आदिम साम्यवादी चरण, दास प्रथाको चरण र सामन्तवादको चरण हुँदै विकसित भएको हो । ति ऐतिहासिक चरणका विकास र परिवर्तनहरू पनि क्रान्तिकारी परिवर्तनहरू नै हुन् । तर ती चरणका परिवर्तनहरू स्वतः स्फुर्त रूपमा र सामाजिक प्राकृतिक विकास प्रकृया अनुरूप हुँदै आए । तर सामन्तवादबाट पुँजीवादी व्यवस्थामा र पुँजीवादी व्यवस्थाबाट समाजवादी व्यवस्थामा परिवर्तन हुँदा भने श्रमजीवि वर्गको अग्रदुत नेपाल कम्युनिष्ट पार्टीको सचेत र योजनाबद्ध क्रान्तिकारी प्रकृयाबाट परिवर्तन अघि बढ्दै छ । यो परिवर्तको क्रममा बस्तुगत कारणले नेपाली क्रान्तिलाई दुई ऐतिहासिक चरणबाट अघि बढाउन पर्ने आवश्यकता उत्पन्न भएको हो । यही आवश्यकतालाई दृष्टि गोचर गरेर क. पुष्पलालले नेपाली क्रान्तिलाई पार्टी स्थापनाको वेलाबाट नै नयाँ जनवादी क्रान्ति र समाजवादी क्रान्तिका दुई चरणबाट अघि बढाउनु पर्ने उद्देश्य अघि सार्नु भएको थियो ।

मार्क्सवादको वा विश्व कम्युनिष्ट आन्दोलनको विकास अघि बढदै गर्दा विश्वको सामाजिक-आर्थिक विकासको प्रकृया अत्यन्त असमान ढङ्गले अघि बढदै थियो । पुँजीवादको विकासको नियम नै असमान विकास थियो र छ । त्यसैले युरोप, अमेरिका र जापानजस्ता देश र क्षेत्रहरूमा पुँजीवादको विकास अत्यन्त तीव्र रूपले भयो । ती क्षेत्रमा रहेको सामन्तवादलाई त्यसको आर्थिक आधार र उपरीढाँचासहित उन्मुलन गर्ने काम अधिकांस ठाउँमा १९औ शताब्दीतिर नै सम्पन्न गरियो । ती क्षेत्रहरूमा पुँजीवादको विकास साम्राज्यवादको चरणमा पुग्यो । त्यो साम्राज्यवादले आजका एसीया, अफ्रिका, ल्याटिन अमेरिका र ओसेनीयाका क्षेत्रहरूमा रहेका देशहरूलाई कठोर दमनचक्रका साथ उपनिवेश र अर्घउपनिवेश बनायो । विश्व साम्राज्यवाद र त्यसका प्रतिनीधि पुँजीवादी मुलुकहरूले ती उपनिवेश र अर्घउपनिवेशका जनता र राष्ट्रहरूलाई तथा उनीहरूका साधन र स्रोतहरूलाई निमर्मतापूर्बक शोषण, दोहन र लुटपाट गरे । त्यसका निम्ति उनीहरूले ती देशहरूमा पुँजीवादको विकासलाई अवरुद्ध पारे र त्यहाँ विद्यमान सामन्तवाद र पुरातन व्यवस्थाहरूलाई आफ्नो स्वार्थका

निम्ति रक्षा र प्रयोग गरे । त्यसले विश्वको सामाजिक आर्थिक विकास झन बढी असमान बन्न पुग्यो । त्यसले गर्दा विकसित पुँजीवादी मुलुकहरू वा साम्राज्यवादी मुलुकहरूमा वस्तुगत रूपले समाजवादी क्रान्तिको आधार परिपक्क बनिसकेको थियो । त्यहाँको श्रमजीवि वर्गको अग्रदुत कम्युनिष्ट पार्टीले सामन्तवादका विरुद्ध सङ्घर्ष गर्नुपरेन । त्यहाँको पार्टीले सोझै समाजवादी क्रान्तिको चरणलाई नै अघि बढाउनुपर्ने वस्तुगत अवस्था थियो । त्यसैले विकसित पुँजीवादी देशमा श्रमजीवि वर्गको पार्टी कम्युनिष्ट पार्टीले नेतृत्व गर्ने क्रान्तिको एउटै मात्र चरण रह्यो । त्यो हो समाजवादी क्रान्ति ।

पिछडिएका देशहरूमा वा हिजोका उपनिवेशी र अर्घउपनिवेशी देशहरूमा वा आज हामीले भन्ने गरेका तेस्रो विश्वका विकाशोन्मुख मुलुकहरूमा अझै सामन्तवाद ठुलो मात्रामा विद्यमान थियो । कतिपय देशमा त पुँजीवाद पुर्वका विभिन्न सामाजिक आर्थिक ढाँचाहरू पनि विभिन्न स्तरमा विद्यमान थिए । ती देशहरूमा पुँजीवादी-जनवादी क्रान्तिहरू नै सम्पन्न भैसकेका थिएनन । ति देशहरूमध्ये दोस्रो विश्वयुद्धपछि धेरैजसो देशहरू मुक्त भए र संयुक्त राष्ट्र सङ्घमा नव स्वतन्त्र मुलुकहरूको ठुलो पङ्क्ति विकसित भयो । धेरै देशहरूमा सामन्तवादी सामाजिक-आर्थिक ढाँचाहरू ठुलो मात्रामा थिए । ती आर्थिक सम्बन्धमाथि विभिन्न देशहरूमा निरङ्कुश राजतन्त्र, सैनिक शासन र एक वा अर्को रूपका प्रतिकृयावादी व्यवस्थाहरू थिए । ती देशमा विकास गरिरहेको पुँजीपति बर्ग सुरुदेखि नै विश्व साम्राज्यवादको दलाल थियो र सम्बन्धीत देशको प्रतिकृयावादी राज्य सत्ताको टेकोपूंणो खाएर वा उनीहरूको संरक्षणमा हुर्केको थियो । त्यो वर्ग आफ्नो देशमा पुँजीवादी जनवादी क्रान्तिलाई अगुवाई गर्न सक्ने अवस्थामा नै थिएन । त्यसैले ती देशका पुँजीवादी जनवादी क्रान्तिहरूलाई पनि श्रमिक वर्गको अग्रदुत कम्युनिष्ट पार्टीले नै नेतृत्व गर्नुपर्ने आवश्यकता र बाध्यता दुवै थियो । यो वस्तुगत ऐतिहासिक परिस्थितिले गर्दा सबैजसो पिछडीएका देशहरूका क्रान्तिलाई श्रमजीवि वर्गको पार्टी कम्युनिष्ट पार्टीले दुई ऐतिहासिक चरणमा विभाजन गरेर अघि बढाउनु पर्ने भयो ।

लेनिनले नै पहिलो पटक यो ऐतिहासिक विश्लेषणलाई अघि सार्नुभयो र खुद रुसमा पनि लेनिनको अगुवाईमा “सामाजिक जनवादी लेवर पार्टी” ले रुसी

क्रान्तिलाई अघि बढाउँदा त्यो देशमा पनि रुसी सामन्तवादी जार राजतन्त्र र त्यसको आधारका रूपमा सामन्तवाद जवर्जस्त रूपमा विध्यमान थियो। एकातिर रुसी पुँजीवाद पनि एकाधिकार पुँजीवादको रूपमा विकसित भैसकेको थियो । तर सामन्तवाद र राजतन्त्रलाई अन्त्य नगरी समाजवादी क्रान्तितर्फ अघि बढ्न सकिदैन थियो । त्यसैले रुसमा लेनिनको अगुवाईमा पहिलो पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भयो । जसलाई सन् १९१७ को फरबरी क्रान्ति भनिन्छ। त्यसले जार शाहीको शासनसत्ता पल्टाइदियो । त्यसपछि लगातार क्रान्तिलाई जारी राख्दै त्यही वर्षको अक्टोवरमा महान समाजवादी अक्टोबर क्रान्ति सम्पन्न भयो । मानव समाजले श्रमजीवि वर्गको अग्रदुतको नेतृत्वमा पुँजीवादको शासन सत्ताको जुवालाई पृथ्वीको ६ खण्डको एक खण्डवाट पल्टाइदियो । त्यस क्रान्तिले विश्वलाई पुँजीवादी जनवादी क्रान्तिको युगवाट समाजवादी विश्व क्रान्तिको युगमा रूपान्तरित गरिदियो ।

लेनिनका यिनै शिक्षा, निष्कर्ष र मार्गदर्शनका आधारमा विश्वका पिछडिएका देशका क्रान्तिहरू दुई ऐतिहासिक चरणमा विभाजित गरिए । सम्बन्धीत देशका कम्युनिष्ट पार्टीहरूले पुँजीवादी जनवादी क्रान्तिहरूलाई अघि बढाउँदै सामाजिक-आर्थिक रूपान्तरणका कार्यहरूलाई अघि बढाए । आजसम्म आउँदा एसीया, अफ्रिका र ल्याटिन अमेरिकाका कैयौ देशहरूमा पनि सामाजिक-आर्थिक ढाँचाहरूमा ठुलो रूपान्तरण आएको छ । कतिपय देशहरू विश्व परिस्थितिमा आएका परिबर्तनका यीनै कारणहरू समेतले गर्दा सामन्तवादलाई सुधारको प्रकृयाबाट पनि उन्मुलन गर्न सफल भएका छन् । कतिपय मुलुकले आधारभूत रूपले सामन्तवादलाई उन्मुलन गरेर समाजवादी क्रान्तिका लागि आधार तयार पारेका छन् । यतिवेला तेस्रो विश्वका विभिन्न देशहरूको सामाजिक-आर्थिक ढाँचामा व्यापक परिवर्तन भैरहेको छ । ती देशहरूमा पुँजीवादको विकास र विस्तार तीब्र बनिरहेको छ । यो पुँजीवादी उत्पादन सम्बन्धको विस्तारका साथसाथै धेरैजसो विकाशोन्मुख मुलुकहरूमा समेत एक वा अर्को ढाँचाका पुँजीवादी जनवादी राजनीतिक व्यवस्थाहरू स्थापित भएका छन् । कतै पुँजीवादी संसदीय लोकतन्त्र स्थापित भएका छन् । कतै राष्ट्रपतीय शासन प्रणाली स्थापित भएका छन् र कतै मिश्रित प्रणालीहरू विकसित भएका छन् । यी सबै पुँजीवादी लोकतन्त्रका एक वा अर्का रूप

हुन् । समाजवादी मुलुकहरूबाहेक अन्य सबै मुलुकहरूमा स्थापित पुँजीवादी लोकतन्त्रहरू बहुदलीय लोकतन्त्र वा वहुदलीय जनवादका रूपमा स्थापित भएका छन् । ती सबै पुँजीवादी लोकतन्त्रहरूको एउटै सार छ- वहुदलीय प्रतिस्पर्धाको लोकतन्त्र । यो पुँजीवादी लोकतन्त्रको सामान्य चरित्र हो । चाहे विकसित पुँजीवादी मुलुकहरूमा स्थापित लोकतन्त्रलाई हेरौ वा विकाशोन्मुख मुलुकहरूमा स्थापित पुँजीवादी लोकतन्त्रलाई हेरौ-सबैको चरित्रको एउटै सार हो-वहुदलिय प्रतिस्पर्धामा आधारित लोकतन्त्र । यो कुनै वर्ग निरपेक्ष आदर्श लोकतन्त्रको नमुना होइन । वर्गीय समाजमा वर्गभन्दा माथिको कुनै लोकतन्त्र हुँदैन । यी लोकतन्त्रहरू पुँजीवादी अधिनायकत्वका विभिन्न रूपहरू हुन् । त्यहाँबाट अघि बढेर सबै देशहरूले आ-आफ्नै देशका विशेषता अनुरूप समाजवादी लोकतन्त्रमा पुग्नै पर्छ । तबमात्र सबै देशहरू अनन्त विकास र समृद्धिको समाजवादी मार्गमा अघिबढ्न सक्छन् ।

ठिक त्यसरी नै हाम्रो प्रिय मातृभुमी नेपालमा हामीले नेपाली क्रान्तिको पहिलो चरण सफलतापुर्वक सम्पन्न गरेका छौ । हाम्रो देशका श्रमजीवि वर्गको अग्रदुत नेपाल कम्युनिष्ट पार्टी स्थापना हुँदा हाम्रो देशको वस्तुगत अवस्था भिन्नै थियो । नेपाली समाजको सामाजिक-आर्थिक ढाँचामा सामन्तवाद व्याप्त थियो । सामन्ती र अर्घसामन्ती उत्पादन सम्बन्ध देशव्यापी रूपमा हावी थियो । त्यो आर्थिक जगमा निरङ्कुश राजतन्त्र अधिसंरचनाका रूपमा खडा थियो । त्यसैले हाम्रो देशको क्रान्तिको पहिलो चरण नयाँ जनवादी क्रान्तिको चरण थियो । त्यो भनेको सारतः पुँजीवादी जनवादी क्रान्ति भनेकै हो ।

कम्युनिष्ट पार्टीको नेतृत्वमा त्यो पुँजीवादी-जनवादी क्रान्ति सम्पन्न गरेर मात्र हामीहरू समाजवादी क्रान्ति र रूपान्तरणको चरणमा प्रवेश गर्न सक्थ्यौ । त्यसैले हामीले लामो समयसम्म पुँजीवादी-जनवादी क्रान्ति सम्पन्न गर्ने कुरालाई नै केन्द्र विन्दुमा राखेर हाम्रा प्रचार, सङ्गठन र सङ्घर्षका कामलाई अघि बढायौ । जनताको क्रान्तिकारी शक्ति निमार्ण गऱ्यौ । प्रधान शत्रुका विरुद्ध हर कालमा व्यापक शक्तिलाई गोलबन्द गऱ्यौ । पार्टीलाई सधै आधारभूत जनताका बीचमा स्थापीत गर्न घनघोर प्रयत्न गऱ्यौँ । आखिर राजतन्त्रलाई हर प्रकारले अलागावमा पार्ने र सम्पुर्ण शक्तिलाई त्यसका विरुद्ध एकताबद्ध

पार्दै शान्तिपुर्ण जनविद्रोहद्धारा बि.स २०६२-०६३ मा आएर नेपालको पुँजीवादी जनवादी क्रान्ति भव्यतापुर्वक सम्पन्न भयो । अब हामी समाजवादी क्रान्ति र रूपान्तरणको नयाँ ऐतिहासिक चरणमा प्रवेश गरेका छौँ । अथवा नेपाली क्रान्ति पहिलो चरण पार गरेर दोस्रो चरणमा-समाजवादी क्रान्तिको चरणमा प्रवेश गरेको छ । यो क्रान्तिलाई सफलतापूर्वक सम्पन्न गरेर मात्र हामीहरू वैज्ञानिक समाजबाद निर्माणको ऐतिहासिक प्रकृयामा प्रवेश गर्न सक्ने छौँ ।

नेपालको नयाँ जनवादी क्रान्तिको सबैभन्दा महत्वपुर्ण शिक्षा

कुनै पनि देशमा क्रान्ति हुन्का निम्ति क्रान्तिकारी सिद्धान्त हुनैपर्छ । सम्बन्धीत देशको ठोस परिस्थिति अनुरूपको क्रान्तिकारी सिद्धान्तको विकासविना कुनै पनि देशमा क्रान्ति हुन् सक्तैन । यो रुसी क्रान्तिका अनुभवहरूको निचोड निकाल्दै लेनिनले भन्नु भएको कुरा हो । क्रान्तिकारी सिद्धान्त भनेको के हो त ? त्यो भनेको मार्क्सवाद-लेनिनवादका विश्वव्यापी सच्चाइहरूको प्रकाशमा कुनै खास देशको क्रान्ति वा निर्माणका कार्यदिशा, नीति र सिद्धान्तहरूको श्रृखलालाई सम्बन्धीत देशको क्रान्तिको सिद्धान्त भनिन्छ । त्यसैले हाम्रो देशमा पनि मार्क्सवाद-लेनिनवादको प्रकाशमा नेपाली क्रान्तिका कार्यदिशा, नीति र सिद्धान्तहरूको समग्र श्रृखला विकास नगरी नेपाली क्रान्ति पनि अघि बढ्न सक्तैन थियो । हाम्रो देशमा पनि क. पुष्पलालको अगुवाईमा पार्टी स्थापना भयो, त्यसले आफ्नो स्थापना लक्ष्यहरू अघि साऱ्यो ।

हामीले निकै लामो समयको वर्ग-सङ्घर्ष र वैचारिक सङ्घर्षको प्रकृयामा नेपालको जनवादी क्रान्तिका सही कार्यदिशा-नीति र सिद्धान्तहरूको समग्र श्रृखला विकास गर्दै क्रान्तिलाई अगाडि बढायौँ । तिनीहरूको विकास क्रममा नै कम्युनिष्ट आन्दोलनको विकास, विस्तार, पुनर्गठन र एकीकरण तीब्र बन्यो । कम्युनिष्ट आन्दोलनभित्र रहेका आधारभूत विवादहरू अन्त्य भए । हामी पार्टीका सही कार्यदिशा र नीतिहरूलाई लागु गर्ने क्रममा केन्द्रित भएर अघि बढ्यौ । वर्ग सङ्घर्ष अझ तिब्र बन्यो र २०४६ सालको अग्रगामी परिवर्तन संभव भयो । त्यसपछि नेपाली क्रान्ति संसदभित्र र बाहिरबाट अझ व्यापक रूपले अघि वढ्न थाल्यो । त्यसपछि पनि आन्दोलनमा उग्रवामपन्थी वा दक्षिणपन्थी

प्रवृतिहरू देखा नपरेका होइनन् । तर तिनीहरूका विरुद्ध पार्टीका कार्यदिशाका आधारमा वैचारिक र सैद्धान्तिक सङ्घर्ष गर्दै पार्टी र क्रान्तिलाई अघि बढाइयो र आखिर ०६२-०६३ मा आईपुग्दा नेपाली समाजमा बिकास गर्दै आएको वर्ग-सङ्घर्ष त्यसको सर्वोच्च स्तरमा पुग्यो र नेपाली नयाँ जनवादी क्रान्ति अथवा पुँजीवादी जनवादी क्रान्ति नेपालको विशिष्ठता अनुरूप ऐतिहासिक रूपले सम्पन्न भयो ।

त्यो क्रान्तिलाई सम्पन्न गर्ने क्रममा हामीले पार्टीका वैचारिक, राजनीतिक, सैद्धान्तिक, दार्शनिक, सङ्गठनात्मक, कार्यशैलिगत, नीतिगत जस्ता वहुआयामिक क्षेत्रमा असाधारण महत्वका मुल्यवान अनुभवहरू हासिल गरेको छौ । ती समग्र अनुभवहरूको समीक्षा गर्न बाँकि नै छ । तर त्यो समग्र प्रकृयामा पार्टीको क्रान्तिकारी वैचारिक-राजनीतिक कार्यदिशा नै सबै प्रकारले निर्णायक कुरा रहेछ र त्यसको विकास वा सृजनाले नै सबै कुरालाई निर्णायक प्रभाब पार्दो रहेछ भन्ने कुरा चाँहि सर्वोपरी महत्वको अनुभव हो । हाम्रो देशमा जबसम्म सही वैचारिक-राजनीतिक कार्यदिशाको विकास हुन् सकेन, तवसम्म पार्टी र क्रान्तिले अग्रगति लिन सकेन । तर जव सही वैचारिक-राजनीतिक कार्यदिशाको विकास भयो नेपाली क्रान्ति नयाँ नयाँ आयामहरू सृजना गर्दै अघि बढ्यो र ऐतिहासिक विजयको विन्दुमा पुग्यो । यो नेपालका समस्त कम्युनिष्टहरू र परिवर्तनकारी नेपाली जनताका निम्ति एउटा दुरगामी महत्वको अनुभव हो र एउटा गहन शिक्षा पनि हो । यो अनुभव र शिक्षालाई गहिरो गरी आत्मसात गरेर मात्र हामीहरू नेपाली क्रान्तिको दोस्रो चरण-समाजवादी क्रान्ति र रूपान्तरणको चरणलाई सफलतापुर्वक अघि बढाउन सक्छौ ।

वर्तमान नेपाली समाज र क्रान्तिको स्वरूप

कुनै पनि समाजको स्वरूप जस्तो हुन्छ, त्यहाँ सञ्चालित हुने् क्रान्तिको स्वरूप पनि त्यही अनुरूप हुन्छ । २०६२-०६३ को पुँजीवादी-जनवादी क्रान्तिले ल्याएका परिवर्तनहरूले नेपाली समाज एउटा पुँजीवादी समाजको चरणमा रूपान्तरित भएको कुरा प्रष्ट छ । यो आजको वस्तुगत जीवनको वास्तविकता हो । यतिवेला नेपाली समाजमा प्रभुत्वशाली अवस्थामा रहेको उत्पादन पद्धति

र उत्पादन सम्बन्ध के हो ? त्यो हरेक प्रकारले पुँजीवादी उत्पादन पद्धति र पुँजीवादी उत्पादन सम्बन्ध हो र त्यो नै नेपाली समाजमा प्रभुत्वशाली अवस्थामा छ। जुन उत्पादन पद्धति र उत्पादन सम्बन्ध प्रभुत्वशाली अवस्थामा हुन्छ, त्यो समाजको स्वरूप पनि त्यस्तै हुन्छ। त्यसैले आजको नेपाली समाज पुँजीवादी सामाजिक-आर्थिक ढाँचामा रूपान्तरित भएको समाज हो ।

स्वाभाविक रूपले यस्तो समाजलाई आमूल परिवर्तन गर्ने क्रान्ति भनेको समाजवादी क्रान्ति नै हो । यो सामान्य मार्क्सवादी ज्ञानको कुरा हो कि पुँजीवादी समाजलाई बदल्ने क्रान्ति एक मात्र समाजवादी क्रान्ति हो । समाजवादी क्रान्तिको प्रकृयालाई अघि बढाउन नचाहने कतिपय वामपन्थी साथीहरू यहाँ पनि कुनै प्रकारका मध्य विन्दु वा मध्यपन्थ खोजिरहेका हुन्छन् । तर यहाँनेर कुनै मध्यविंदु, मध्यचरण वा मध्यावर्त छैन र हुँदैन। दुई चरणवाट पार हुने् क्रान्तिमा पहिलो चरण जुन विन्दुमा सम्पन्न हुन्छ ठिक त्यही विन्दुवाट क्रान्तिको दोस्रो चरण सुरुहुन्छ। ती दुई चरणका वीचमा कुनै खाडल हुँदैन । एउटा प्रकृया जहाँ पुगेर टुङ्गिन्छ, त्यही विन्दुवाट अर्को प्रकृयाको थालनी हुन्छ। यो ऐतिहासिक भौतिकबाद र द्धन्दवादको नियम हो । ठिक त्यसरी नै हाम्रो देशको पुँजीवादी-जनवादी क्रान्ति जुन विन्दुमा पुगेर टुङ्गियो ठिक त्यही विन्दुवाट समाजवादी क्रान्तिको वस्तुगत प्रकृयाको थालनी भैसकेको छ। त्यसैले हाम्रो क्रान्तिको वर्तमान स्वरूप समाजवादी क्रान्ति र रूपान्तरण हो ।

कुनै पनि समाजमा क्रान्तिको स्वरूप हाम्रो इच्छाले वा चाहनाले निर्धारण गर्दैन। त्यो समाजको वस्तुगत अवस्थाले मात्र निर्धारण गर्दछ। आजको समाजको ठोस वस्तुगत अवस्था भनेको नै पुँजीवादीसमाज हो। स्वभाविक रूपले यो पुँजीवादी सामाजिक-आर्थिक ढाँचालाई परिवर्तन गर्ने एकमात्र क्रान्ति समाजवादी क्रान्ति हो । अझै पनि कतिपय वामपन्थी साथीहरू "अहिले नै समाजवादी कार्यक्रम अघि सार्न सकिदैन", भनी रहेका छन्। यो क्रान्तिकारी कार्यदिशाबाट दक्षिणपन्थी दिशातिर भड्किएको चिन्तन हो। यस्तो चिन्तनले वस्तुगत यर्थाथलाई देख्तैन । त्यसले समाजलाई, क्रान्तिलाई र विचार चिन्तनहरूलाई पनि वर्ग दृष्टिकोणकै आधारमा विश्लेषण गर्नुपर्छ भन्ने कुरा देख्दैन । वरु त्यसले वस्तुगत स्थिति र क्रान्तिको प्रक्रियाका बारेमा पनि आफ्ना "मनोकांक्षा", "स्वार्थ" र हित अनुकुल

व्याख्या गर्नपुग्छ। त्यस्ता दृष्टिकोणले समाजको स्वरूप पनि पहिचान गर्न सक्तैन र क्रान्तिको स्वरूप पनि पहिचान गर्न सक्तैन । हामीले यस्ता अधिभुतवादी चिन्तन, विचार र दृष्टिकोणबाट सर्तक रहदै समाजको स्वरूप र क्रान्तिको स्वरूप जस्ता गहन सवालहरूलाई वर्गीय दृष्टिकोणका आधारमा मसिनु गरी विश्लेषण गर्नुपर्छ र तथ्य सँगत ढङ्गले निष्कर्ष निकाल्नु पर्छ। यस दृष्टिकोणले हेरेर नै हामीहरू नेपाली समाजको वर्तमान स्वरूप पुँजीवादी समाज हो र वर्तमान नेपाली क्रान्तिको स्वरूप समाजवादी क्रान्ति हो भने निष्कर्षमा पुगेका छौँ। यो नै सही र वैज्ञानिक निष्कर्ष हो।

समाजवादी कार्यक्रमको ऐतिहासिक आवश्यकता

कम्युनिष्ट पार्टीको कार्यक्रम भनेको समग्र क्रान्तिको लक्ष्य हो । त्यसले पार्टीका राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र अन्य सम्पुर्ण लक्ष्यहरूलाई एकिकृत ढङ्गले प्रस्तुत गर्छ। त्यसले समाजको एउटा वा दुईटा पक्षलाई वा क्षेत्रलाई वा सेक्टरलाई मात्र परिवर्तन वा सुधार गर्ने कुरा गर्दैन। कम्युनिष्ट पार्टीले अघिसार्ने क्रान्तिको कार्यक्रमले विद्यमान समाजको सिङ्गो सामाजिक आर्थिक ढाँचालाई आमूल परिवर्तन गरेर नयाँ प्रगतिशिल सामाजिक-आर्थिक ढाँचा स्थापना गर्ने कुरा गर्छ।

यतिवेला हामी पुँजीवादी सामाजिक-आर्थिक ढाँचा भएको अवस्थामा छौ। यो ढाँचा एक प्रतिकृयावादी ढाँचा हो। यो आफैमा अन्तर्विरोध ग्रस्त र सङ्कटग्रस्त छ। यसले नेपाली समाजका कुनै पनि आधारभूत समस्याहरूलाई समाधान गर्न सक्तैन। त्यसको उल्टो यसले ती समस्याहरूलाई झन-झन चर्को बनाउँदै लान्छ र लगिरहेको छ। यो पुँजीवादी सामाजिक-आर्थिक ढाँचा स्थापना भएको पनि करिब दुई दशक पुग्न लाग्यो। नेपाली समाजका हर क्षेत्र सङ्कटग्रस्त बन्दै गैरहेका छन्। राजनीतिक क्षेत्र अन्यौल र दिशाहिनता बाट गुज्रिरहेको छ। पुँजीवादी-जनवादी क्रान्तिका वाहक वामपन्थी शक्तिहरू आफै कुइराको काग जस्ता बनिरहेका छन्। उनीहरूले समाजवादी क्रान्ति र रूपान्तरणको लक्ष्य र ठोस कार्यक्रम अघि सार्न नसकेको हुन्ाले कम्युनिष्ट आन्दोलन आफै दक्षिणपन्थी भड्काउको शिकार बन्दै गएको छ। उनीहरू भित्र विभाजनको प्रकृया रोकिएको छैन। उनीहरू मध्ये कति त "बहुदलीय जनवाद"लाई नै अहिले

पनि लक्ष्य बनाएर हिडिरहेका छन् । त्यसले गर्दा कम्युनिष्ट क्रान्तिकारीहरूको पङ्क्तिमा भ्रम, अन्यौल र दिशाहिनता बढ्दै गै रहेको छ ।

हिजो नयाँ जनवादी क्रान्तिको कालखण्डमा अघि सारिएका कुनै पनि रूपका कार्यक्रमहरू ऐतिहासिक रूपले पुराना भइसके । त्यसबेला हामीले कहिले नयाँ जनवादी कार्यक्रम अघि साऱ्यौ, कहिले राष्ट्रिय जनवादको कार्यक्रम अघि साऱ्यौ, कहिले जनताको जनवादको कार्यक्रम अघि साऱ्यौ र कहिले जनताको बहुदलिय जनवादको कार्यक्रम अघि साऱ्यौ । ती सबै कार्यक्रमहरू नाममा वा रूपमा जे सुकै मानिए पनि पुँजीवादी जनवादी कार्यक्रमहरू नै थिए । तिनीहरूको मुल लक्ष्य नेपाली समाजवाट सामन्तवादलाई उन्मुलन गर्नु नै थियो । अहिले २०६२-६३ को जनक्रान्तिपछि देशको वस्तुगत स्थितिमा नै ठूलो परिवर्तन आएको छ ।

प्रथमत : त्यो क्रान्तिपछि नेपाली समाजको वर्गीय संरचनामा ठूलो परिवर्तन भएको छ । हिजो सामन्त वर्ग नेतृत्वदायी स्थानमा थियो भने अहिले त्यो वर्ग समाप्त भएको छ र दलाल पूँजीपति वर्ग नेतृत्वदायी स्थानमा पुगेको छ ।

दोस्रो: हिजो समाजमा अर्ध-सामन्ती उत्पादन सम्बन्ध पनि थियो, अहिले त्यो उत्पादन सम्बन्ध समाप्त भएको छ । समग्रमा पुँजीवादी उत्पादन पद्धति र उत्पादन सम्बन्ध स्थापना भएको छ । उत्पादन सम्बन्धले फड्को मारेकोछ ।

तेस्रो : हिजो हामी नेपाली समाजलाई अर्ध-सामन्ती, अर्ध-उपनिवेशी भन्थ्यौ, अहिले पुँजीवादी मुलुकका रूपमा विश्लेषण गरिरहेका छौं । यो मुलुकको स्वरूपमा आएको फड्को हो ।

चौथो: हिजो हामी सामन्तवाद र दलाल नोकरशाही पुँजीवादसँग ब्यापक जनताको अन्तर्विरोधलाई प्रधान अन्तर्विरोध मान्थ्यौं । अहिले दलाल पुँजीवादसँग व्यापक जनताको अन्तर्विरोधलाई प्रधान अन्तर्विरोध मान्छौ । यसरी प्रधान वर्गीय र राजनीतिक अन्तर्विरोधले फड्को मारेको छ ।

पाँचौं: हिजो हामी मुलुकको क्रान्तिलाई नयाँ जनवादी क्रान्ति भनिरहेका थियौ । अहिले हामी समाजवादी क्रान्ति भनिरहेका छौं । यसरी क्रान्तिको स्वरूपले पनि फड्को माऱ्यो ।

छैठौं: हिजो हामी नयाँ जनवाद वा बहुदलीय जनवादलाई क्रान्तिको रणनीतिक लक्ष्य मानिरहेका थियौँ र अहिले हामी वैज्ञानिक समाजवादलाई क्रान्तिको रणनीतिक लक्ष्य मान्ने नयाँ धरातलमा आइपुगेका छौं । यसरी क्रान्तिको रणनीतिक लक्ष्यले पनि फड्को माऱ्यो ।

सातौं: हिजो हाम्रो क्रान्ति र प्रगतिको मुख्य बाधक नै निरङ्कुश राजतन्त्र र सामन्तवाद थियो, अहिले दलाल पुँजीवाद नेपाली जनताको अग्रगति र प्रगतिको मुख्य बाधक बनेको छ । यसरी नेपाली समाजको आधारभूत पक्षहरूमा नै परिवर्तन आएकाले हाम्रो पार्टीको कार्यक्रममा गुणात्मक परिवर्तन अनिवार्य बनेको छ । हामीले हिजोको अवस्थामा अघि सारेका नयाँ जनवाद, राष्ट्रिय जनवाद, जनताको जनवाद वा जनताको बहुदलीय जनवादका कार्यक्रमहरू त्यस बेलाको वस्तुगत परिस्थितिका उपज थिए । तिनीहरूले नेपाली समाजलाई अग्रगामी परिवर्तन र रूपान्तरण गर्न ऐतिहासिक भूमिका निर्वाह गरिसकेका छन् । नेपाली समाज सामन्ती निरङ्कुशताको अवस्थाबाट पुँजीवादी लोकतन्त्रको अवस्थामा रूपान्तरित भइसकेको छ । हिजो हामीले जनवादी क्रान्तिको क्रममा अघि सारेका कार्यक्रमहरूका जुन अंशहरू लागू भइसकेका छैनन, तिनीहरू अब समाजवादी कार्यक्रमका अभिन्न अङ्ग बन्छन् र बनाउनुपर्छ । तर कार्यक्रमिक रूपमा भने अब नयाँ धरातलबाट अघि बढ्नुपर्छ । हामीले बिल्कुल नयाँ धरातल, नँया औचित्य र नयाँ आवश्यकताका आधारमा अब समाजवादी कार्यक्रम अघि सार्नुपर्छ । त्यो नेपाली क्रान्तिको इतिहासमा बिल्कुल नयाँ र ऐतिहासिक कार्यक्रम हुनेछ ।

त्यो नयाँ कार्यक्रम भनेको आजको पुँजीवादी सामाजिक-आर्थिक ढाँचालाई आमूल परिवर्तन गर्ने नयाँ समाजवादी सामाजिक-आर्थिक ढाँचा निर्माणको कार्यक्रम हो । त्यसले नेपाली समाजको वर्तमान राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, वैदेशिक नीति र ढाँचाका सबै क्षेत्रमा आधारभूत परिवर्तन गर्ने छ । नेपाली समाज र जनतालाई नयाँ ऐतिहासिक चरणमा उठाउनेछ । त्यसले आजको जस्तो शोषक वर्गका हातमा रहेको सत्तालाई खोस्नेछ र श्रमजीवि वर्गको नेतृत्वमा सम्पुर्ण जनताको हातमा शासन सत्ता ल्याउने छ । आजको अवस्थामा जारी रहेको मान्छेले मान्छेमाथि गरिने शोषणलाई अर्थात सम्पुर्ण

वर्गीय शोषणलाई अन्त्य गर्नेछ र आजका सबै सामाजिक भेदभावहरूलाई पनि अन्त्य गर्नेछ । यसरी एउटा नयाँ र गतिशील समाजवादी व्यवस्थाको स्थापना गरिनेछ । त्यो व्यवस्था नेपालको विशिष्ठता र विशेषतामाथि आधारित हुनेछ । जसलाई हामी नेपाली विशेषताको समाजवाद भन्न सक्छौ ।

यसरी हामीले यतिवेला अघिसार्ने समाजवादी कार्यक्रमले हिजोका सबै प्रकारका पुँजीवादी जनवादी कार्यक्रमहरूलाई विस्थापित गर्नेछ । समाजवादी क्रान्तिको लक्ष्यका रूपमा नयाँ समाजवादी कार्यक्रम स्थापित हुनेछ । त्यो समाजवादी कार्यक्रमले सिङ्गो समाजवादी क्रान्ति र रूपान्तरणको कालखण्डभरि नै नेपाली जनता, क्रान्तिकारीहरू र राष्ट्रलाई मार्गदर्शन गर्नेछ । त्यो कार्यक्रम समाजवादी क्रान्तिको समग्र काल खण्डभरि नै आम रूपमा अपरिवर्तनीय रहनेछ । वस्तुगत र आत्मगत स्थितिमा आउने परिवर्तनहरूले त्यस कार्यक्रमका कतिपय विशिष्ठ पक्षहरूमा परिमार्जन हुनसक्नेछ । तर समाजवाद स्थापना गर्ने आधारभूत कार्यक्रम क्रान्तिको समग्र प्रकृया सम्पन्न नहुञ्जेलसम्म परिवर्तन हुनेछैन

त्यसैकारण नयाँ जनवादी क्रान्तिको कालखण्डभरि जसरी जनवादी कार्यक्रम आम रूपमा अपरिवर्तनीय हुन्थ्यो, ठिक त्यसरी नै हाम्रो समाजवादी कार्यक्रम समाजवादी क्रान्तिको कालखण्डभरि आम रूपमा यथावत रहनेछ । त्यसैकारण यो समाजवादी कार्यक्रम समाजवादी क्रान्तिको रणनीतिक लक्ष्य हो । यो क्रान्तिको लाल झण्डा जस्तै सिङ्गो क्रान्तिको कालखण्डभरि आन्दोलनका साथ फहराइरहनेछ । किनभने अब हामीले क्रान्तिकारी प्रचार, सङ्गठन र सङ्घर्षका जेसुकै काम गरे पनि त्यसैलाई लक्ष्य बनाएर गर्नेछौ ।

❖❖❖

विश्व पुँजीवाद र अन्तरविरोध

प्रमेश हमाल
उपाध्यक्ष
नेकपा (एकीकृत समाजवादी)

विश्व पुँजीवाद आज बहुध्रुविय विश्वव्यवस्थाको बाटोमा अगाडि बढेको छ । अमेरिका नेतृत्वको साम्राज्यवाद प्रभावको हिसाबले कमजोर र संकटग्रस्त छ । यसका बाबजुद पनि साम्राज्यवाद युद्ध र अन्य उपायमार्फत विश्वमा आफ्नो प्रभावलाई निरन्तर कायम राख्न लागिपरेकै छ । यता समाजवादी गणतंत्र चीन नयाँ विश्वव्यवस्थाको अगुवाको रुपमा आफ्नो आर्थिक र सामरिक क्षमता निरन्तर विकास गरिरहेको छ । यस कुराले पनि दुई देशलाई केन्द्रमा राखेर विश्व एक हिसाबको तनावमा छ । यसकै वरिपरि विभिन्न क्षेत्रीय साझेदारीका मञ्चहरु देखापरेका छन् । तिनको पनि प्रभावकारी उपस्थिति बढीरहेको छ ।

यी सबै लडाइँको केन्द्र हो पुँजीको संकेन्द्रण, नाफामाथिको एकाधिकार । यो एकाधिकारको प्रक्रियाले श्रम र साधनमाथि अत्याधिक नियन्त्रणमात्र होइन श्रमिक र स्वाधिन राष्ट्रहरुमाथि अत्याधिक शोषण पनि बढाएको छ । पुँजीवादले आफ्नो विश्वव्यापी सञ्जाललाई विस्तार गर्न बहुराष्ट्रिय निगम र अन्तराष्ट्रिय संस्थाहरुलाई गैरजिम्मेवार ढंगले परिचालन गरिरहेको छ । एकाधिकार वित्तीय पुँजीवादको प्रभुत्वलाई विस्तार गर्दै ट्रान्सनेसनल कम्पनीहरुमार्फत तेश्रो विश्वका बजारलाई नियन्त्रण गरिरहेको छ । यसप्रकारको गतिविधिबाट पुँजीवादले आफ्नो रक्षात्मक अवस्थामा पनि विश्वव्यापी रुपमा शोषणलाई आक्रामक रुपमा तिब्रता दिएको छ । यसले श्रम र श्रमिकहरुको जीवनमा नयाँ नयाँ संकट सिर्जना भएको छ । गरीबी बेरोजगारी भोकमरी र असमानतालाई निकै उचाइ दिएको छ । संसारको ठुलो जनसंख्या शिक्षा स्वास्थ्य आवास, रोजगारी जस्ता आधारभुत मानविय प्राकृतिक अधिकारहरुबाट बञ्चित बन्न पुगेका छन् । यसैले गर्दा आप्रवासन लगायतका क्षेत्रमा पनि नयाँ नयाँ समस्या सिर्जना भएका छन् जुन मुल रुपमा श्रम र श्रमिककै समस्याहरु हुन् । आर्थिक कारणले गर्दा संसारका गरीब क्षेत्रहरुबाट पुँजीवादका केन्द्रहरुमा आफ्नो थातथलोबाट श्रमिकहरु विस्थापित भएका छन् । आर्थिक शरणार्थीको रुपमा समेत श्रमिकहरु एक ठाउँ बाट अर्को ठाउँमा अवसर खोज्दै भौंतारिरहेका छन् । व्यापक रुपमा आप्रवासी श्रमिकहरुमाथिको शोषण गहिरिएको छ । यस प्रक्रियाले गर्दा कतिपय मुलुकमा श्रमशक्तिको असन्तुलन देखा परेको छ ।

पुँजीवादको हस्तक्षेप र नियन्त्रणकारी गतिविधिले गर्दा आक्रमण र युद्ध विस्तारित

भएको छ । साम्राज्यवादीहरु आफ्नो प्रभुत्वलाई कायम राख्नका लागि कतिपय मुलुकको सार्वभौमसत्तामा समेत हस्तक्षेप गर्न समेत पुगेका छन् ।

पुँजिवादको अनियन्त्रित उत्पादन तथा पुनर्उत्पादनको प्रक्रियाले विश्वका दुर्लभ खनिज पदार्थहरुको संकट पैदा हुन थालेको छ । खनीज पदार्थ बाहुल्य राष्ट्रहरुमा साम्राज्यवाद नांगो हस्तक्षेप गरिरहेको छ । प्रकृतिको अनियन्त्रित दोहन र यसले निम्त्याएको प्रदुषणले गर्दा जलवायु परिवर्तन र भुमण्डलीय तापक्रमको बृद्धि भैरहेको छ ।

यसले विश्वमा नयाँ नयाँ अन्तरविरोधहरु सिर्जना भएका छन् । अशान्ति र द्धन्द्ध बढेको छ । कतिपय ठाउँमा युद्धहरु चर्काइएको छ । यस्तो परिस्थितिमा विश्व पुँजीवादी प्रणालीमा प्रकट भएका यी अन्तरविरोधहरु अब कसरी अगाडि बढ्छन् र तिनको कस्तो समाधान अभिव्यक्त हुन्छ भन्ने कुरा, विश्व समाजवादी आन्दोलनको लागि र समाजवादी संघर्षमा लागेका हरेक देशका राजनीतिक शक्तिहरुका लागि पनि महत्वपूर्ण छ । विश्व पुँजीवादका यी विषयहरुको सही विश्लेषणबाट मात्र जुनकुनै ठाउँको समाजवादी आन्दोलनको कार्यक्रम, गति र दिशा तय हुन्छ । तसर्थ एकचोटी विश्व पुँजीवादमा प्रकट भएका अन्तरविरोधहरुबारे चर्चा गरौँ ।

१) समाजवादी र साम्राज्यवादीहरुबीचको अन्तरविरोध ।

२) वित्तीय एकाधिकार पुँजीवाद र श्रमजीवि जनताबीचको अन्तरविरोध ।

३) वित्तीय एकाधिकार पुँजिपति वर्ग र राष्ट्रिय पुँजीपति वर्गबीचको अन्तरविरोध ।

४) साम्राज्यवादी प्रभुत्ववादी मुलुक र स्वाधिन राष्ट्रहरुबीचको अन्तरविरोध ।

५) भुमण्डलीय उत्तर (ग्लोबल नर्थ) र भुमण्डलीय दक्षिण (ग्लोबल साउथ) बीचको अन्तरविरोध ।

६) प्राकृतिक स्रोतसाधनमाथिको अत्याधिक दोहन र जलवायु परिवर्तनविरुद्ध विश्वव्यापी रुपमा पिडित जनसमुदायबीचको अन्तरविरोध ।

७) सामाजिक, सांस्कृतिक, भौगोलिक, पितृसत्तात्मक व्यवस्थाविरुद्ध विश्वव्यापी रुपमा उत्पिडनमा परेका समुदायबीचको अन्तरविरोध ।

८) शस्त्रको होड र निशस्त्रीकरणबीचको अन्तरविरोध ।

यी अन्तरविरोधको सही पहिचान र सही समाधानको बाटोबाट मात्र अन्तराष्ट्रिय समाजवादी आन्दोलनलाई सुदृढ र संगठीत गर्दै अगाडि बढ्न सकिन्छ। नेपालको समाजवादी आन्दोलनमा लागेका श्रमजीवि वर्गले पनि अन्तरारष्ट्रिय रुपमा प्रकट भैरहेका यी अन्तरविरोध र विश्व पुँजीवादको अवस्थालाई गम्भीर रुपमा मनन गर्दै नेपालको वर्गसंघर्षलाई सञ्चालन गर्ने कार्यलाई अगाडि बढ्नुपर्ने हुन्छ । यसका लागि समाजवादी संघर्षाम सामेल राजनीतिक पार्टीहरु, यसको नेताकार्यकर्ताको पंक्ति पुँजीवादमा विकास भैरहेका यी सारा प्रवृत्तीहरुबारे सुसुचित हुँदै आफ्नो मुलुक र समाजको विशिष्ठताको अन्तरविरोधहरुबारे जानकार रहनुपर्छ । यसकै आधारमा मात्रै क्रान्तिकारी कार्यदिशा र कार्यक्रम तय गर्न सकिन्छ । यस्तो विशिष्ठ र ठोस विश्लेषणमा आधारित कार्यक्रमले मात्र कुनैपनि ठाउँको समाजवादी क्रान्तिलाई सही निश्कर्षमा पुऱ्याउने छ ।

❖❖❖

महिलामुक्तिका चुनौतीहरू

जयन्ती देवी राई
सभापति, विधायन समिति
राष्ट्रिय सभा

नेपाली महिलाहरूले महिलामुक्तिका खातिर आजभन्दा दशकौं वर्ष अगाडिदेखि लड्दै आइरहेका छन । तथापी महिलामुक्ति आन्दोलन, महिलाहरूको मुक्तिसँग मात्र सिमित छैन । महिलामुक्ति मुलतः वर्गीय, सामाजिक र राजनीतिक मुक्तिसँग जोडिएका कारण वर्गीय शोषणकै विरूद्धमा आन्दोलन केन्द्रित हुँदैआयो । हरके वर्गहरूमा महिलाहरू नै पीडित हुन्छन् । महिलामुक्ति नै सभ्य र समृद्ध समाज हो । आजसम्मको इतिहासमा महिलाअधिकारको निम्ति भन्दा पनि राजनीतिक स्वतन्त्रताको लडाई लड्नुपर्‍यो । खासगरी महिलाहरूले जहानियाँ राणा साशन, निरंकुश पञ्चायती शासन अन्त्यका निम्ति व्यक्तिगत र संस्थागत रूपमा लड्नुपर्यो । महिला आन्दोलनको तत्कालिक कार्यभार नै सामन्तवाद, पृतिसत्ता र निरंकुश राज्यव्यवस्थाका विरूद्ध थियो । मुलतः कम्युनिष्ट पार्टी र नेपाली काङ्ग्रेससँग एकाकार भएर न्याय, समनाता र स्वतन्त्रता, मुलुकलाई आमुल परिवर्तन गर्नका निम्ति महिलाहरू आन्दोलित भएका थिए । जसको फलस्वरुप नेपाली जनतासँगसँगै महिलाहरूले पनि राजनीतिक अधिकारसँगै अन्य अधिकारहरू प्राप्तगर्न सफल भएका छौं । तर, राजनीतिक अधिकारबाहेक अन्य अधिकारहरू संस्थागत गर्न र अनुभूतिगर्न पाएका छैनौं ।

समाज विकासक्रमसँगै महिलामुक्ति आन्दोलनले फरकफरक चुनौतीहरू सामना गर्दै आएको देखिन्छ । आदिम साम्यवादी युगमा सामुहिक परिवार थियो । जहाँ वर्ग थिएन । मातृसत्ता थियो । आमाहरू सर्वश्रेष्ठ मानिन्थ्यो । महिलामाथि शोषणको कुनै गुञ्जायस थिएन ।

दासयुगमा नीजि परिवारको सुरूवात भयो । योसँगै वर्गहरूको उदय भयो । खेतीपाती लगाउने चेतनाको विकास भयो । बाठाहरूले जग्गा कब्जा गरे । उनीहरू जमिनको मालिक बने । सोझा निमुखाहरूलाई दास बनाइयो । बलशालीहरूले कमजोरमाथि पशुसरहको व्यवहार गर्नथाले । मातृसत्ताको अन्त्यभयो । चरम शोषण गर्नथाले । महिलाहरूमाथि झन् दमन, शोषण भयो । महिलालाई उपभोग्य वस्तुको रूपमा प्रयोगगर्ने थालियो । मान्छेको स्थान रहेन । कालान्तरमा आएर दासहरूले मालिकहरूका विरूद्ध बिना हातहतियार संगठित भए । यसका साथै महिलाहरूको चुनौती दासयुग र मालिकहरूको विरूद्धमा लड्नु नै थियो । अन्ततगत्व दासयुगको अन्त्य भयो ।

सामन्तवादी युगमा दास र मालिक दुई वर्ग संघर्षको गर्भबाट सामन्तवादको जन्मभयो । इ.पू४७६ देखि इ.पू १७८९ (फ्रान्सेली राज्यक्रान्तिको समयसम्म) दास युगभन्दा धेरै गुणाबढी गरिबहरूमाथि शोषण हुन थाल्यो । कमारा, कमारीका रूपमा रातदिन काम गरेर पनि दुई छाक धान्न मुस्किल थियो । यता सामन्तिहरूले भने मनोरञ्जन र भोज भेतेरमा रमाएर दिन बिताउथे । महिलाहरू मान्छेको रूपमा गणना हुँदैन थियो । चरणको दासी, महिला, ढोल, गोरू जति पिट्यो, त्यति ठिक हुन्छ भन्ने मान्यता थिए । महिलाहरूले पशुसरह नर्कको जिन्दगी बितान बाध्य थिए ।

यस युगमा सामन्तीहरूले गरिबहरूलाई तीन पुस्ते ऋण बोकाउने चलाउने थियो । जन्मिदै ऋण बोकेर जन्मिन्थे । नाती पलातीहरूले मालिकको घरमा काम गरेर पुस्ताको ऋण तिर्नुपर्ने अवस्था थियो । सामन्तहरूको आफ्नै कानून थियो । अत्याचारको चरम सीमा नाघेपछि त्यसका विरूद्धमा श्रमजीवि जनताहरू सचेत बने । आफूमाथिको अत्याचारको विरोध गर्न थाले । नेपालको सन्दर्भमा वर्गीय आन्दोलनको पक्षमा महिलाहरूले नै बोल्न थाले । जो योगमाया न्यौपानेको समाधीले पुष्टिगर्छ । सामन्तीहरूले ठूलो मानापाथीले लिने र गरिबहरूलाई सानो मानापाथीले दिने चलन थियो । त्यस्ता अनेकौं अत्याचारका विरुद्ध योगमायाहरूले विद्रोह गरेका थिए । राणा साशनका विरूद्धमा पनि आवाज अठाएका थिए । २००३ सालमा रेवती कुमारी आचार्यको नेतृत्वमा महिला जागृति जागरणणको निर्माण भयो । योगमाया, विद्यादेवी कोइराला र योगमाया सरदार जस्ता महिलाहरूले महिलाहरूलाई जागरुक बनाए । यसको उद्देश्य महिलाहरू जागृतगर्ने र राणा शासनको विरूद्धमा लड्ने थियो । २००४ सालमा मंलादेवीले महिला संघ खोलेर राजनीतिक लडाइ सुरू गरेका थिए । त्यस्तै २००८ सालमा अनेमसंघ स्थापना भयो । यसरी हेर्दा राजनीतिक आन्दोनमा महिलाहरूको अगुवाई जोडदार रूपमा रहेको देखिन्छ । तत्कालिन समयमा पनि सामन्तवाद र पृतिसत्ताले सिर्जना गरेका कुरिती, कुसंस्कार, शोषण, दमन, हिँसा महिलाअधिकारको चुनौती थिए ।

आजका चुनौतीहरू

१. पूँजीवादले वैचारिक तथा सैद्धान्तिक क्षेत्रमा पारेको असर

मानव इतिहासमा दासयुगदेखि आजको समाज पूँजीवादसम्मको युगमा आइपुग्दासम्म महिलाहिँसा, शोषण, दमनबाट मुक्त हुन सकेन । तथापी हिजोको जस्तो दासयुग, सामन्त युग जस्तो चरण शोषण त छैन । तर, मुक्त पनि भएका छैनन् । शोषणका रूप फेरिएका छन् । हेर्दा स्वतन्त्र र समान हक पाए जस्तो देखिन्छ । शैक्षिक, राजनीतिक, सामाजिक र सूचनाको हकमा पनि माथि देखिन्छ । तथापी आम महिलाहरूको अवस्थामा हामीले देखेकोभन्दा भोगाई निक्कै फरक छ । आज दलाल पूँजीवादले महिलाहरूलाई पैसा कमाउने साधन, उपभोग्य बस्तु, विज्ञापनको साधानका रुपमा प्रयोग भइरहेको अवस्था विद्यमान छ । आफ्नो रुप र शरीरबाहेक अरू सम्पत्ति केही छैनन् भन्ने कम्जोर चिन्तनले विचार उत्पादमा स्खलन आएको छ । यस्ता खालका समाज, परिवार र राष्ट्रको जिम्मेवारीबाट विमुख भइरहेको देखिन्छ । आजको पुस्ता आफ्नो भाषा, संस्कृति, सभ्यताबाट टाढा भइरहेका छन् । महिलाहरूको प्रमुख सत्रु पुरूष नै हो भन्ने मान्यताले परिवारमा द्वन्द्व सिर्जना गरिरहेको छ । संसारका महिलाहरू एक हौ भन्ने मान्यताले वर्गीय चिन्तन कमजोर बनिरहेको छ । लैङ्गिक समनताको आन्दोलन दिशाहिन बन्दैछ ।

सुन्दरी प्रगियोगिताको नाममा नग्नता प्रदर्शन गरेर कुन व्यक्तित्वको विकास हुन्छ ? दुई चारवटा प्रश्नको सवाल जवाफ गर्दा कुन बौद्धिकताको विकास हुन्छ ? आवरणीय सुन्दरता सबैभन्दा ठूलो ठान्ने महिलाहरूले कुन महिलावादको निम्ति लड्छन् ? निश्चित उमेरमा पैसामा बेचिने नारीले कुन महिला स्वतन्त्रको वकालत गर्छ ? सुन्दरी प्रयोगिताको आयोजकले ६/६ महिनासम्म बल्याकमेलिङ गर्छ । यता मोडलहरू पीडितकै विरोध गर्छन् । उनीहरू कुन अधिकारको कुरा गर्छन् ? यी सवालहरू महिलामुक्तिका मुख्य चुनौती हुन् ।

आर्थिक अधिकार

हरेक राष्ट्र र व्यक्तिको निम्ति आर्थिक पक्ष बलियो पाटो हो । आर्थिक अधिकारसँग धेरै अधिकारहरू जोडिएका हुन्छन् । मार्क्स भन्छन्, 'जबसम्म महिलाहरू आर्थिक रूपमा बलियो हुँदैनन्, तबसम्म राष्ट्र बलियो हुन सक्दैन ।' आर्थिक संरचनाले नै

उपरी संरचनाहरूको निर्माण गर्दछन् । देश कसरी सञ्चालन गर्ने ? सामाजिक र साँस्कृतिक अवस्थाको निर्धारण गर्छ । महिलाहरूको आर्थिक स्थितिमा सुधार भएका देशहरूको दिगो विकास भएको छ । समग्र रूपमा हेर्दा नेपालीहरूको आर्थिक स्थिति कमजोर छ । राष्ट्रकै आर्थिक अवस्था पनि गम्भीर संकट खेपिरहेको छ । पराधिन अर्थतन्त्रमा बाँचिरहेको छ । तुलनात्मक रूपमा महिलाहरूको अवस्था झन् कमजोर छ । उत्पादन, नियन्त्रण र वितरणमा महिलाको सहभागिता न्युन छ । श्रमको मूल्य छैन । मुलुकको अर्थतन्त्र निर्माणमा महिलाहरूको ठूलो योगदान छ । महिलाहरूको घरेलु श्रमको मूल्याङकन गर्ने हो भने कुलग्रास्थको ४० प्रतिशतभन्दा बढि रहेको रिपोर्टहरूले देखाउछन् । पुरूषहरूले भन्दा महिलाहरूले घरेलु श्रममा तीनगुणा बढी समय खर्च गर्छन् । घरेलु श्रममा ७६ प्रतिशत महिलाहरू श्रमिक छन् । आज पनि एकै किसिम काम र उति नै समय काम गर्दा २० प्रतिशत ज्याला पुरूषको भन्दा महिलाको कम छ । अहिले पनि महिलाहरूलाई श्रम शोषणबाट मुक्तगर्न सकिएको छैन । श्रम बजारमा पुरूषहरू ७४ प्रतिशत र महिलाहरू ४६ प्रतिशत मात्र महिलाहरू छन् । यो अवस्था भनेको पुरूषहरूको तुलनामा महिलाहरूको अवस्थ कमजोर हो । अहिले पनि विभिन्न पेशा व्यवसाय, किसान, कर्मचारी, आदी क्षेत्रमा पुरूषभन्दा महिला ४ घण्टा काम गर्छन् । तर, श्रमको मूल्य छैन ।

महिलाहरूलाई आत्मनिर्भर बनाउन उत्पादनका साधन, स्रोत र वितरण प्रणालीमा समान सहभागिता गराउनुपर्छ । विभिन्न ब्यापार उद्योग, रोजगारीमा न्यायोचित ढंगले सहभागिता गराउन राज्यले उचित पहल कदम लिनुपर्छ । महिलाहरूको घरेलु श्रमको मूल्यलाई कुल राष्ट्रिय उत्पादन जिडिपीमा गणना गराउने र आर्थिक रूपमा महिलाहरूलाई सबलीकरण नगरी परिवार, समाज र राष्ट्र समृद्ध बन्दैन । आर्थिक कमजोरी महिलामुक्तिको मुख्य चुनौती हो ।

संविधानको कार्यान्वयन

आज हामी नेपाली जनताहरूको बलिदानीपूर्ण संघर्षबाट प्राप्त संघीय लोकतान्त्रिक गणतान्त्रत्मक व्यवस्थाको जगमा उभिएका छौं । युगौदेखि जनताको प्रतिनिधिद्वारा संविधान सभाबाट संविधान लेख्ने सपना पूरा भएको छ । संविधानले धेरै प्रकारका जनअधिकारहरू सुनिश्चित गर्ने कोसिस गरेको छ । विश्वकै सबैभन्दा धेरै मौलिक हक समेटिएको संविधान पनि हाम्रै संविधान हो । दशकौंदेखि उठाइरहेको

महिलाअधिकारको मुद्धाहरू धेरै हदसम्म सम्बोधन भएका छन् । संविधानको प्रस्तावनामै लेखिएको छ, 'लैङ्गिक विभेद अन्त्य गर्ने, आर्थिक समानता, समृद्धि र सामाजिक सुनिश्चित गर्ने, समानुतिक, समावेशी र सहभागिता मुलक सिद्धान्तका आधार समतामुलक समाज निर्माण गर्ने रहेको छ ।'

तर, बिडम्बनाको कुरा संविधान अधिकारको कुरा कार्यान्वयनभन्दा पनि प्राप्ति अधिकारहरू गुम्ने हो कि भन्ने त्रास बढिरहेको छ । संविधान घोषणा गरेको ९ वर्ष पुगिसकेको छ । संविधानले निर्दिष्ट गरेका कानून बनेका छैनन् । बनेका ऐन, कानून नियमहरू कार्यान्वयनमा आएका छैनन् । संविधानमा समावेश हक अधिकारको कार्यान्वयन गर्न सरकारी प्रतिबद्धता पनि छैन । धेरै उल्लेखित अधिकार मध्ये संविधानको धारा १२ मा बंशिय आधारमा तथा लैङ्गिक पहिचानसहितको नागरिकता प्रमाण पत्र पाउने व्यवस्था छ । त्यस्तै धारा ३८ मा उल्लेखित महिला हक सम्बन्धि धेरै अधिकार समेटिएका छन् । उपधार १ प्रत्येक महिलालाई लैङ्गिक विभेदबिना समान बंशीय हक हुनेछ भनिएको छ । उपधारा २ मा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धि हुनेछ । ३ मा महिलाविरूद्ध धार्मिक, सामाजिक, साँस्कृतिक परम्परा र अन्य कुनै आधारमा शारीरिक, मानसिक यौनजन्य मनोवैज्ञानिक अन्य कुनै किसिमको हिँसाजन्य कार्यमा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले क्षतिपूर्ती पाउने हक हुनेछ, ४ मा राज्यका हरेक निकायमा महिला समानुपातिक सिद्धान्तको आधारमा सहभागि हुने हक छ । ५ मा महिलाहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष हक प्राप्तगर्ने अधिकार हुनेछ । उपधार ६ मा सम्पत्ति तथा पारिवारिक ममालामा दम्पतिको समान हक हुनेछ । यसरी संविधानमा उल्लेखित अधिकारहरू आशिंक रूपमा केही कार्यान्वयन भएको देखिन्छ । तर, धेरै हक अधिकार कागजमा सिमित छन् । यसलाई कार्यान्वय गर्न/गराउन न त राज्य प्रतिबद्ध छ, न त राजनीति दलहरू प्रतिबद्ध छ । नागरिक समाज झन् मुख दर्शक देखिन्छ । सरोकारवाला महिलाहरूलाई थाहा पनि छैन र सचेत पनि देखिँदैनन् । यतिबेला पनि महिला विभिन्न प्रकृतिका हिँसा सहनुपर्ने, बालकदेखि बृद्धसम्मका महिला तथा बालिका बलात्कृत हुनुपर्ने, शोषणको सिकार हुनुपर्ने, विभिन्न धार्मिक, संस्कृतिका नाममा पनि महिलाहरूले हिँसा भोग्नु परिरहेको

छ। बस्तु जस्तै बेचिनुपर्ने, दाईको नाममा जिउँदै जल्नुपर्ने, दिनमा हजार पटक मर्दै बाँच्नुपर्ने अवस्था छ।

आमाको नामबाट नागरिकता पाउने संवैधानिक व्यवस्थालाई अनेक बाहनामा कार्यान्वयन नगर्ने, स्थानीय सरकारको सिफारिसलाई नमान्ने, सिडियोको तजबिजमा पाउने जस्ता कारण नेपाली सन्तानहरू अनागरिक भई शिक्षा, रोजगार र राज्यबाट प्राप्त सुविधाबाट बञ्चित हुने अवस्था छ । यसले जनताहरूलाई उत्साहित होइन, निरुत्साहित र कहाली लाग्दो अवस्था सिर्जना भइरहेको छ । मृत्युको बाटो रोज्नसमेत बाध्यछन् । यसमा राज्य चनाखो र जनताप्रति इमान्दार हुनुपर्छ । सराकोरवाला पक्षहरू र हक अधिकार कार्यान्वयनमा संगठित र प्रतिबद्ध हुनुपर्ने आजको आवश्यकता हो ।

पितृसतात्मक सोच

सामन्तवाद अन्त्य भएको झण्डै दुई दशक पुगिसकेको छ। हामी आज पूँजीवादी नेपाली समाजमा प्रवेश गरिसकेका छौं । तथापी समाजमा सामन्तवाद र पितृसतात्मक सोच पूर्ण रूपमा हटिसकेको छैन । यस खालको सोच पुरूषमा मात्र नभएर आम महिलाहरूमा पनि देखिन्छ। यो समाजको उपज हो। तसर्थ आज पनि यस्तो सोच र चिन्तनका कारणले सामाजिक, साँस्कृतिक, जातीय र लैङगिक विभेदहरूबाट मुक्तहुन सकेका छैनौं । पितृसतात्मक सोचको जग सामन्तवादी सोच नै हो । अहिले पनि छोरा नभइ नहुने, बंश र घर चल्दैन भन्ने खालको चिन्ता बढी महिलाहरूमै देखिन्छ। महिलाहरूले ठूलो जिम्मेवारी पूरा गर्न सक्दैनन्, उनीहरूको विश्वास नगर्ने जस्ता सामन्तवादी चिन्तनले महिलाहरूले स्वतन्त्रपूर्वक अहिले पनि कठिन छ । त्यसकारण तुलनात्मक रुपमा महिलाहरू हरेक क्षेत्रमा पछि परिरहेका छन् । यो महिलामुक्तिको निम्ति अर्को चुनौती हो ।

सामाजिक, साँस्कृतिक प्रथाजन्य मान्यताहरू

हाम्रो समाज विभिन्न धर्म, संस्कृति मूल्य मान्यताहरूको जगमा बनेको छ । हामीले आ–आफ्नो ढंगले अबलम्बन गरेका हुन्छौं । यसले हामीलाई बाँधेको

हुन्छ । अनुशासित बनाएको हुन्छ भन्ने मान्यता रहेको छ । जो संविधानभन्दा बलियो हुन्छ । संविधानलाई आवश्यकता र औचित्यका आधारमा परिर्वतन गर्न सकिन्छ । तर, समाजका मान्यताहरू परिवर्तन गर्न समय लाग्छ । हरेक समाजले आफ्नो धर्म र संस्कृतिलाई आदर्श ठानिरहेका हुन्छन् । यहाँनेर हामिले बुझ्नै पर्ने कुरा के हो भने कुन धर्म, संस्कृति र मान्यताहरूले तल्लो वर्ग, जाती, महिला, दलितहरूका हितमा छ कि छैन् भनेर हेर्नुपर्छ । तर, अहिलेसम्म कमजोर वर्ग समुदायको पक्षमा धर्म, संस्कृति र परम्परा छैनन् भन्ने देखिन्छ । सामन्त समाजले आफू अनुकुल बनाएका संस्कृति मूल्य मान्यताहरू कतिपय कुरिती, कुसंस्कार र अन्धविश्वासी छन् । यस्ता कुरितीले कुन ठूलाबढालाई असर पारेको छ ? आज त्यही गरिब निमुखा महिला बोक्सी, दाइजोको नाममा मर्नबाध्य छन् । यस्ता अवैज्ञानिक र अव्यवहारिक सामाजिक मान्यतालाई तोड्न सकिएन भने महिलामुक्ति सम्भव छैन । यो अर्को चुनौती हो ।

राजनीतिक हिँसा

इतिहासमा समाज परिर्वतन गर्ने आन्दोलनमा नेपालको सन्दर्भमा राजनीतिक दलहरूभन्दा महिलाहरू संगठित रूपमा अगाडि देखिन्छन् । राजनीतिक दल मुलतः नेपाली काङ्ग्रेस २००३ र नेपाल कम्युनिष्ट पार्टी २००६ सालबाट समाज परिवर्तनका निम्ति अगाडि बढेको देखिन्छ भने योगमाया न्यौपाने, विद्या कोइराला र योगमाया सरदार जस्ता महिलाहरूले १९७४ बाटै महिला जागृत संगठन गठन सामाजिक परिपर्वतन र तत्कालिन राणा साशनका विरूद्धमा लडेको देखिन्छ । हरेक राजनीतिक परिवर्तनमा महिलाहरूको राजनीतिक दलहरूसँगसँगै भएर उल्लेखनीय भूमिका निर्वाह गरेको पाइन्छ । आजसम्म पनि निरन्तर जारी रहेको छ । ५१ प्रतिशत महिला रहेको मुलुकमा जुन पार्टीमा रहन्छ, त्यो पार्टी ठूलो हुन्छ, जुन पार्टीलाई भोट दिन्छ, त्यो पार्टी हुन्छ र शक्तिशाली हुन्छ । संघर्ष र आन्दोलनका क्रममा पार्टीहरूले महिलामुक्तिका निम्ति राम्रा मुद्धाहरू उठाउथे । महिला नेतृत्वको कुरा गर्थे । आफूलाई पनि समर्पण गरेका थिए । तर, आज गणतान्त्रिक मुलुकमा आइपुगेपछि महिलाहरूको भूमिका कमजोर हुँदै गएको छ । नेतृत्वहरूले आफ्नो प्रतिष्पर्धी ठान्न थालेका छन् । कामगर्ने, इमान्दार, समर्पित व्यक्तिहरू विस्थापित हुने र चाकडीबाज,

सम्पत्तिवालहरू अगाडि बढ्ने प्रवृत्ति झाँगिदै गएको छ । जसले पार्टी पनि कमजोर बन्छ । जनविश्वास पनि घट्छ । यो पनि महिलामुक्तिका निम्ति अर्को चुनौती हो ।

अन्त्यमा, आजपनि महिलाहरूको बीचमा हिंसा, शोषण, दमनलगायत थुप्रै समस्याहरू छन् । यस्तो अवस्था कायम रहनु भनेको सभ्य र समृद्ध समाजको निम्ति ठूलो प्रश्न हो । विभेद र हिंसाभित्र समाजवाद निर्माण हुँदैन । लैङ्गित समानता भएको मुलुकमा मात्र विकासका सुचाङ्कहरू सकारात्मक हुन्छन् । महिलाहरूको अवस्था हेरर त्यो देशको आर्थिक, सामाजिक र राजनीतिक अवस्था कस्तो छ ? भनेर थाहा पाउन सकिन्छ । एउटा महिला सम्पन्न र सबल हुनु भनेको परिवार, समूदाय र सिङ्गो राष्ट्र नै बलियो हुनु हो । यो कुराको मनन गर्दै राज्यले महिलामैत्री नीति बनाउनु पर्छ । उत्पादनमा स्वतन्त्रपूर्वक लाग्न सक्ने वातावरण निर्माण गर्नुपर्छ । महिलामाथि हुने हिंसा, कुरिती, कुसंस्कारको विरूद्धमा जबरजस्त ढंगले अभियान सञ्चालन गर्नुपर्छ । संविधानले निदृष्ट गरेको बमोजिम कानून निर्माणसँगै अक्षरस कार्यान्वयन गर्नुपर्छ । अनि मात्र महिलाअधिकार स्थापित हुन्छ र साचो अर्थमा मुलुक समृद्ध बन्ने दिशामा अगाडि बढ्छ ।

❖❖❖

समाजवाद निर्माण: कस्तो पार्टी कस्तो चुनौति

घनश्याम भुसाल
महासचिव
नेकपा (एकीकृत समाजवादी)

मानिसहरू विभिन्न कारणले राजनीतिक पार्टीसँग आकर्षित हुन्छन् । कतिपयले पार्टीमा आर्थिक वा सामाजिक हित वा सुरक्षा देखेका हुन सक्छन्, वा आफुलाई मनपर्ने कुनै व्यक्तिको कारणले, परिवारको सदस्यका कारणले, व्यक्तित्व विकासको सम्भावना देखेका कारणले वा यस्तै अनेक कारणले पार्टीमा आएका हुन सक्छन् । कैयन् मानिसहरू पार्टीका विचारले आकर्षित भएका हुन सक्छन् । निजी प्रेरणाले आएकाहरूलाई मानिसका दुख वा सुख, प्राप्ति वा अप्राप्ति सबै सामाजिक हुन्छन्, वर्गीय हुन्छन्, तिनको समाधानको बाटो पनि सामाजिक नै हुन्छ, समाजिक समस्याको समाधानका लागि समाजवाद नै बाटो हो, त्यसमा योगदान गरेर नै व्यक्तिले आफ्नो दायित्व पूरागर्छ भनेर बताउने अर्थात्, नितान्त निजी स्वार्थका मामिलाहरूले घेरिएको 'व्यक्तिगत' व्यक्तिलाई ती घेराबाट मुक्त गरेर 'सामाजिक व्यक्ति' बनाउने, निजी अनुभवहरूबाट बाहिर निस्केर दुनियाँलाई बौद्धिक हिसाबले बुझ्न सक्ने बनाउनु कम्युनिष्ट पार्टीको काम हो । विचारले प्रेरित भएर आउनेहरूका विचारलाई अझ वैज्ञानिक बनाउन र नयाँ नयाँ विचारहरू उत्पादन गर्न वातावरण दिने काम पनि पार्टीको हो । अर्थात्, कम्युनिष्ट पार्टी यस्तो एउटा थलो हो जसले हाम्रो पुँजीवादी समाजले लोभी, अहङ्कारी, व्यक्तिवादी बनाएको मानिसलाई उदार, समदर्शी र सामाजिक बनाउँछ । यसरी पार्टीले सुषुप्त मानिसलाई रूपान्तरित व्यक्ति, प्रबुद्ध व्यक्तिका रूपमा तयार गर्छ ।

हाम्रा चाहानाहरूलाई एउटा सामाजिक शक्तिका रूपमा एकत्र गर्नु र ती चाहानाहरूलाई वास्तविकतामा प्रमाणित गर्दै नेपाली जनताको समृद्धि र समाजवादको भविष्यलाई सुनिश्चित गर्ने बाहक शक्ति हाम्रो सङ्गठन हो । अर्थात् हामीले कस्तो सङ्गठन बनाउँछौँ भन्ने कुराले हाम्रा क्रान्तिकारी विचार, सिद्धान्त र कार्यक्रमहरू पूरा हुन्छन् वा हुँदैनन् भन्ने कुराको निधो गर्छ । सङ्गठन नै त्यस्तो ठाउँ हो जसले विभिन्न जात, भाषा, धर्म, वर्ग, सँस्कृतिका भए पनि हाम्रा समस्याहरू, दुख र सुखहरू, आकाङ्क्षाहरूको समानतालाई देखाउँछ र हामीलाई एउटा ठाउँमा ल्याउँछ । हामी लाखौँ मानिसका निजी चाहाना/इच्छाहरूलाई एउटै विराट चाहाना/इच्छाका रूपमा निर्माण गर्छ । अर्थात् समाजवादी विचारधारा बन्छ । त्यसलाई व्यवहारिकरूप दिनका लागि हामीले अपनाउने उपाय र योजनाले हाम्रा सिद्धान्त र कार्यक्रम बन्छन् ।

हाम्रा सिद्धान्त र कार्यक्रममा कुन वर्गका मानिसहरूको कस्तो धारणा हुन्छ अर्थात् को को हाम्रो पक्षमा र विपक्षमा उभिन्छन् र हामीले तिनीहरूसँग कस्तो सम्बन्ध बनाउँछौँ भन्ने कुराले हाम्रो राजनीति बन्छ । र, ती सबै विचार, सिद्धान्त, कार्यक्रम र राजनीतिको अभ्यास सङ्गठनमार्फत् हुन्छ । हामी लाखौँ व्यक्तिहरू एकै साथ अभ्यासमा जान्छौँ र व्यवहारले हामीलाई नयाँ नयाँ अनुभव दिन्छ । ती सबै अनुभवहरूबाट हाम्रा सिद्धान्त, कार्यक्रम र राजनीतिलाई नयाँ र अझ वैज्ञानिक बनाउँछौँ । अर्थात्, एउटा क्रान्तिकारी सङ्गठन एक पटक विचार–सिद्धान्त बनाएपछि सधैँ भरी तिनै सिद्धान्त बोकिरहने निर्जिव बाहक होइन । बरु नयाँ नयाँ सिद्धान्त बनाउने, तिनलाई व्यवहारमा लैजाने र फेरि नयाँ सिद्धान्त बनाउँदै अगाडि बढ्ने गतिशील प्रक्रिया हो । त्यसैले सङ्गठनको विषय समग्र पार्टी निर्माणको प्रश्न हो ।

हाम्रा विचार सही छन् कि गलत गलत छन् भनेर जाँच्ने कसी व्यवहार हो भने हाम्रा व्यवहार ठिक छन् वा छैनन् भनेर हेर्ने ऐना सिद्धान्त हो । उद्देश्य प्राप्त गर्न हामीले बनाउने विचारहरू सिद्धान्त हुन् भने उद्देश्य प्राप्त गर्न गरिने क्रियाकलापहरू व्यवहार हुन् । सङ्गठनले सिद्धान्त र व्यवहारका बीचमा मध्यस्थता गर्नुपर्छ । हरेक सिद्धान्तलाई व्यवहारमा अभ्यास गर्ने र ती व्यवहारको अध्ययनबाट सिद्धान्तलाई अझ बलियो बनाउने काम नै मध्यस्थताको काम हो । क्रान्ति सामुहिक कर्म हो । हजारौँ/लाखौँ मानिसका विचारहरू र तिनका क्रियाकलाममा मध्यस्थता गरेर कम्युनिष्ट पार्टीले आफुलाई जिवित राख्छ, आफ्नो औचित्य पुष्टि गर्छ । त्यसमा योगदान गरेर हरेक पार्टी सदस्यले आफ्नो वैचारिक औचित्यको पुष्टी गर्छ । त्यसैले सङ्गठनको प्रश्न क्रान्तिको प्रश्न हो । क्रान्तिकारी आन्दोलन सफल भैरहेको छ भने सङ्गठनको काम सही तरिकाले भैरहेको छ भन्ने बुझ्नु पर्छ, यदि हामीले असफलता व्यहोरिरहेका छौँ भने हाम्रो सङ्गठनमा समस्या छन् भन्ने बुझ्नु पर्छ ।

हाम्रो पार्टी नेकपा (एकीकृत समाजवादी) नेकपा एमालेका केही गम्भीर वैचारिक, सैद्धान्तिक र साङ्गठानिक विचलनहरूका विरुद्ध विद्रोह गरेर कम्युनिष्ट आन्दोलनलाई सही मार्गदर्शन गर्दै यस आन्दोलनलाई एकिकृत गर्दै फेरि मुलुकको नेतृत्वदायी पार्टीका रूपमा विकसित गर्छौँ भन्ने सङ्कल्प गरेर

स्थापित भएको पार्टी हो । त्यस क्रममा समाजवादका लागि आजको ठोस कार्यक्रम लागू गर्न सक्ने पार्टीको निर्माण आजको हाम्रो सबैभन्दा ठूलो चुनौति हो । त्यसका लागि हामीले आजको क्रान्तिकारी सङ्गठनको प्रस्ताव अगाडि सार्नु परेको छ, त्यसका आधारमा नेपालको राजनीतिमा नयाँ वाम–विकल्प निर्माण गर्नु परेको छ ।

आजको पार्टी निर्माणका मुख्य चुनौति

हरेक राजनीतिक पार्टी खास वर्ग(हरू)को प्रतिनिधिका रूपमा खडा हुन्छन् । समाजको चरित्र, वर्गहरूको संरचना र स्वरूप, राजनीतिक व्यवस्था र परि स्थिति आदिले राजीतिक पार्टीको बनोट र क्रियाकलाप निर्धारित हुन्छन् । अर्थात्, समय र परिस्थितिअनुसार नै पार्टी निर्माण हुन्छ । पार्टी स्थपनादेखि २०६२/६३ को जनक्रान्तिसम्म समाजको एउटा अवस्था थियो । जनवादी क्रान्तिको त्यसै कालमा पनि राजनीतिक परिस्थिति बदलिँदा पार्टी सङ्गठनको स्वरूपमा परिर्वतन भएको थियो, पार्टी कहिले भूमिगत र कहिले खुला भएर काम गऱ्यो । सङ्घर्षका रूपहरू बदलिए । नारा, माग र कार्यशैली बदलिए । तर ती सबै अवस्थामा पार्टीको कार्यभार जनवादी क्रान्ति पूरा गर्नु थियो ।

जनवादी क्रान्तिपछि हामी बिल्कुलै नयाँ परिस्थितिमा छौँ । हाम्रो सामाजिक बनोट बदलिएको छ, वर्ग संरचनामा परिवर्तन भएको छ, सामाजिक सम्बन्धहरू बदलिएका छन्, राजनीतिक व्यवस्था बदलिएको छ, क्रान्तिका चुनौति र कार्यभार बदलिएका छन् । त्यसैअनुसार हामीले आफुलाई तयार गर्नु पर्नेछ । आजका चुनौतिहरू कस्ता छन् भन्ने कुराले हाम्रो आजको सङ्गठन कस्तो हुन्छ भन्ने कुरा निर्धारण हुन्छ । हरेक समयमा क्रान्तिले सामना गर्नु पर्ने चुनौति असङ्ख्य हुन्छन् । त्यसमध्ये केही चुनौतिहरू मुख्य हुन्छन् जसले अरु सबै चुनौतिलाई निर्धारण गर्छन् । आर्थिक जीवन र राजनीतिक जीवनका चुनौतिको विश्लेषणबाट हामीलाई क्रान्तिका मुख्य चुनौति देख्न सक्छौँ । दलाल पुँजीवादले आजको हाम्रो आर्थिक जीवनका सामान्य अवस्थाहरू निर्धारण गरेको छ भने संसदीय लोकतन्त्रले हाम्रो राजनीतिक जीवनका सामान्य अवस्थाहरूको निर्धारण गरेको छ । दलाल पुँजीवाद र संसदीय लोकतन्त्रले समाजवादी क्रान्तिमा के भूमिका खेल्छन् भन्ने कुरा हाम्रा लागि महत्वपूर्ण छन् ।

दलाल पुँजीवाद

दलाल पुँजीको वर्चस्वले हाम्रोजस्ता मुलुकमा उद्यम र रोजगारीको विस्तार हुँदैन, त्यसले गरिबी, अशिक्षा, अभाव, अलगाव बढाउँछ । समाजमा व्याप्त गरिबी, अशिक्षा, अभाव तथा अलगावले राजनीतिमा दलाल पुँजीको वर्चस्वलाई नै सघाउँछ । दलाल पुँजीवादले लोकतान्त्रिक प्रक्रियाको आरम्भदेखि नै राजनीतिलाई संक्रमित गर्छ । पार्टीको उम्मेदवार चयन, निर्वाचनका खर्च, प्रचार-प्रसार, मन्त्रीहरूको चयन, संसदीय समितिहरूको गठन, अदालत, अख्तियार र अरू संवैधानिक निकाय र राजदूतहरूको नियुक्ति, अरू 'मालदार' राजनीतिक नियुक्तिहरू, पुलिस-प्रशासकहरूको सरुवा-बढुवा, ठेक्कापट्टा तथा सार्वजनिक खरिदहरू, सार्वजनिक जमिन, जङ्गलको उपयोग, दाताहरूका नाजायज सर्तहरूको स्वीकृति, कानुन तथा नियमावलीको निर्माणजस्ता राज्यका सबै क्षेत्रमा प्रभाव जमाउँदै जान्छ । यो क्रम तल्लो तहका उपभोक्ता समितिसम्म पुग्छ र भ्रष्टहरूको सञ्जाल संस्थागत हुँदै जान्छ । यसरी यी सबै प्रक्रियामा संलग्न हुने राजनीतिक व्यक्तिहरू, कर्मचारी, न्यायाधीश, सुरक्षा निकाय र 'नागरिक समाज' समेत भ्रष्ट हुँदै जान्छन् । दलाल पुँजीवादले लोकतान्त्रिक वा क्रान्तिकारी पार्टी वा राज्यका निकायहरूमा आफ्नो प्रभाव स्थापित गर्छ र ती पार्टी वा राज्यका संयन्त्रहरूलाई आफु अनुकुल बनाउँदै जान्छ, क्रान्तिकारी पार्टीलाई दक्षिणपन्थी, भ्रष्ट, अराजनीतिक बनाइदिन्छ । पार्टीहरूलाई गुटहरूमा विभाजित गरिदिन्छ र ती गुटहरूमा झगडा मच्चाउने वा मिलाउने व्यवस्था पनि आफैले गर्छ । यसरी दलाल पुँजीवादले राजनीतिक पार्टीहरूलाई र पार्टीमार्फत राज्यलाई बन्धक बनाउँछ ।

हाम्रो जस्तो समाजमा चुनाव जित्नु भनेको राज्यको साधन-श्रोतको पहुँचमा पुग्नु हो । निर्वाचन जित्नु र त्यसलाई निजी सम्पत्ति आर्जनको माध्यम बनाउनु, त्यसरी आर्जित सम्पत्तिले अझ ठूलो पदमा पुग्नु र फेरि अझ धेरै सम्पत्ति जोड्नु हाम्रोजस्तो संसदीय राजनीतिको एउटा मुख्य चरित्र हो । यस्तो अभ्यासले राजनीति चुनावदेखि चुनावसम्मको गोलचक्करमा फस्छ । एउटै पार्टीभित्र पनि अन्त्यहीन प्रतिस्पर्धाको संभावना हुन्छ । हरेक सांसद मन्त्री हुन प्रतिस्पर्धा गरिरहेको हुन्छ । हरेक प्रदेशसभा सदस्य या त अहिले नै प्रदेशको मन्त्री हुनका

लागि दौडिदै हुन्छ या भोलीको संघीय सांसद हुन मरिमेटेर लागेको हुन्छ । कुनै ठूलो नगर वा गाउँ पालिकाको मेयर भोलीको प्रदेशसभाको सदस्यका लागि वा संघीय संसदको लागि तयारी गरिरहेको हुन्छ र प्रतिस्पर्धामा हुन्छ । नगर वा गाउँ पालिकाका प्रमुखहरू उपप्रमुख र अरु सदस्यसँग प्रतिस्पर्धा वा गुटबन्दी गर्छन् । गाउँ वा नगरका निर्वाचित प्रतिनिधिहरू र गाउँ वा नगरका पार्टी कमिटीका अध्यक्ष वा सदस्यहरूका बीचमा अन्तरविरोधहरू हुन्छन् । वार्ड अध्यक्षहरू प्रमुखसँग प्रतिस्पर्धा गर्छन्, त्यसका लागि गुटबन्दी गर्छन् । पार्टीभित्रैका गुटहरूमा पनि गुट छोड्ने, छोडाउने र सामेल हुने वा सामेल गराउने प्रतिस्पर्धा चलिरहन्छ ।

गुटबन्दीको महामारीमा सबैसँग सबैको प्रतिस्पर्धा हुन्छ, हरेक व्यक्ति हरेकसँग डराइरहेको हुन्छ र हरेकका विरुद्ध क्रियाशील हुन्छ । वास्तवमा गुटहरूको प्रतिस्पर्धा भनेको षडयन्त्रको प्रतिस्पर्धा हो । षडयन्त्रको यो प्रतिस्पर्धामा एउटा गुटको व्यक्तिले आफ्नै गुटको प्रतिस्पर्धीका विरुद्ध अर्को गुट वा गुटको नेतासँग र यहाँसम्म कि अर्को पार्टीको नेतासँग पनि सजिलै साँठगाँठ गर्छ । यसरी पार्टी यस्तो समूह बन्न जान्छ जसमा हरेक व्यक्ति कुनै न कुनै गुटमा हुन्छ । एउटै गुटभित्रका व्यक्तिहरूका बीचमा प्रतिस्पर्धा, सबै गुटका व्यक्तिहरूको सबैसँग प्रतिस्पर्धा, हरेक गुटको हरेक गुटसँग प्रतिस्पर्धाको अवस्था बन्छ । यसरी राजनीति भनेको षडयन्त्र वा छक्कापञ्जाको खेल बन्न जान्छ । जुन व्यक्ति वा गुट षडयन्त्रमा अगाडि छ उ नै सत्ताधारी हुन्छ । यी सबै गुटबन्दीको मुख्य कारण संघीय, प्रादेशिक वा स्थानीय तहको बजेट वा ती निकायले परिचालन गर्ने वा प्रभावित पार्ने आर्थिक श्रोत बनेको छ ।

कैयौँ जनप्रतिनिधिहरू आर्थिक श्रोतको दोहन र राजनीतिक गुटबन्दी एकैसाथ गर्छन्, उनीहरू असल जनप्रतिनिधि पनि देखिने र आम्दानी पनि गर्ने काममा लागेका हुन्छन् । कतिपयले भविष्यमा राजनीति नगर्ने वा टिकट नपाउने प्रस्टै छ त्यसैले जसरी हुन्छ कमाउन लागेका हुन्छन् । केही जनप्रतिनिधिहरू आर्थिक लेनदेनमा छैनन् तर उनीहरू पनि राजनीति गरिरहेका हुँदैनन् बरु केवल आगामी चुनावको तयारी गरिरहेका हुन्छन् । स्पष्ट छ कि उनीहरूले गरिरहेको चुनावको तयारी न पार्टीका लागि हो न क्रान्ति वा समाजवादका

लागि । संघीय, प्रादेशिक र स्थानीय तहमा हुने नियुक्ति, आर्थिक योजनाको छनोट, निर्माण तथा खरिदका ठेक्काहरू र उपभोक्ता समितिसमेतमा गुटहरूले निर्णायक भूमिका खेल्छन् । योजना निर्माणदेखि बील भुक्तानीसम्मका हरेक चरणमा भागशान्ति हिसाब हुन्छ । यसरी कुनै बेलाको क्रान्तिकारी पार्टीसमेत राज्य दोहनमा सहभागी बन्दै जान्छ । त्यसैले पार्टीलाई दलाल पुँजीवादको प्रभावबाट जोगाउनु आजको मुख्य चुनौति हो ।

परम्परागत संसदवाद

पुँजीपति वर्गको उदय भएपछि त्यसले राज्यमा आफ्नो प्रतिनिधित्व खोज्ने क्रममा आधुनिक लोकतान्त्रिक व्यवस्थाको जन्म भयो । अठारौँ र उन्नाइसौँ शताब्दीका युरोपेली क्रान्तिहरू त्यसै क्रममा सम्पन्न भए । आधुनिक इतिहासको विकासमा ती क्रान्तिहरूले असाधारण योगदान गरे । हजारौँ वर्षसम्म शासन गरेको सामन्ती जमिन्दार वर्गको आधिपत्य उन्मुलन भयो । ईश्वरको अलौकिकताको ठाउँ प्रकृतिका वस्तुगत नियमले लिँदै गयो । वंश, वर्ण, जातका विशेषाधिकारका ठाउँमा व्यक्तिका अधिकारहरू स्थापित हुँदै गए । धर्म र अन्धविश्वासका ठाउँमा विज्ञान र तर्कले काम गर्न थाल्यो । मानव इतिहासको केन्द्रमा मानिस स्थापित हुँदै गयो । पुँजीवादी क्रान्तिले गरेको यो असाधारण योगदान थियो । उन्नाइसौँ शताब्दीमा श्रमजीवी वर्ग पनि सङ्गठित भयो र राज्यमा आफ्नो अधिकारको दावी गर्न थाल्यो । राजनीतिमा श्रमजीवी वर्गको उपस्थितिले पुँजीवादी लोकतन्त्रका अनेकौँ सीमाहरू भत्काउँदै गयो । त्यस क्रममा विभिन्न रूपका लोकतान्त्रिक व्यवस्थाहरू विकसित भए ।

जात, धर्म, वर्ग, क्षेत्र, लिङ्गका विभेद नहुने नागरिक शासन, राज्य निर्माण तथा सञ्चालनमा समान हैसियतका साथ सबै नागरिक सहभागी हुन पाउने अर्थात् समानरूपमा चुन्न वा चुनिन पाउने निर्वाचन व्यवस्था, नागरिकले आफ्नो क्षेत्रका प्रतिनिधि आफैले निर्वाचित गर्न पाउने व्यवस्था, आवधिक निर्वाचनका कारणले प्रतिनिधिहरूको परिक्षण–पुनर्परिक्षणको व्यवस्था, उत्तरदायी सरकार, राज्यका निर्णय प्रक्रियामा निश्चित विधिहरूको व्यवस्था आदिले संसदीय व्यवस्था क्रान्तिकारी शासन प्रणाली हो । आधुनिक पुँजीवादको जन्म युरोपमा

भएको हुँदा आधुनिक लोकतन्त्रको विकास पनि युरोपमै भयो । आज हामीले अवलम्बन गरेको संसदीय लोकतन्त्र बेलायती संसदीय लोकतान्त्रिक परम्पराको एउटा रूप हो । नेपालको जनवादी क्रान्ति सम्पन्न गर्ने क्रममा हामीले राजाको निर्दलीय व्यवस्थाको ठाउँमा संसदीय र राजतन्त्रको ठाउँमा गणतन्त्र स्थापना गरेका हौँ । पुँजीवादी उदारवादीहरूले यही व्यवस्थालाई पुँजीपति वर्गको सेवामा उपयोग गर्न चाहान्छन् भने हामीले यसलाई समाजवादी निर्माणको पक्षमा अभ्यास गर्न चाहान्छौँ ।

अर्कातिर संसदीय वा आधुनिक औपचारिक लोकतन्त्रका केही यस्ता सीमा छन् जसले राजनीति र समाजको विकासलाई सुनिश्चित हुन दिँदैनन् । 'जसले बढी भोट ल्याउँछ उ निर्वाचित हुन्छ, जो निर्वाचित हुन्छ उ नै योग्य हुन्छ' भन्ने यस व्यवस्थाको सैद्धान्तिक आधार हो । अर्थात्, जसले जित्छ त्यो नै योग्य हुन्छ । जनमत आकर्षित गर्ने प्रतिस्पर्धामा 'भोट' नै सबैथोक हुन जान्छ । 'पपुलिज्म', अत्यधिक प्रचार, अत्यधिक खर्च, व्यक्ति र समूहहरूलाई आश्वासनको वितरण संसदीय राजनीतिको अनिवार्य अङ्ग बन्न जान्छ। अन्त्यतः संसदीय लोकतन्त्रमा पुँजीको प्रभाव निर्णायक बन्न जान्छ र राजनीति पुँजीपति वर्गको नियन्त्रणमा पुग्छ। संसदमा धेरै सिट ल्याउनु पर्ने दबाबमा कम्युनिष्ट वा समाजवादी पार्टीले पनि 'जित्ने' उम्मेदवार खोज्नु पर्ने हुन्छ, किनकि अरु बुर्जुवा पार्टीहरूले त्यस्तै उम्मेदवारहरू उठाइरहेका हुन्छन् । पार्टी र राजनीतिक काममा हुर्केकाहरू वा जिताउनु पर्नेहरू पछि पर्दै जान्छन् र 'खोजिएका' 'जित्ने' उम्मेदवारहरूको मूल्य बढ्दै जान्छ । जनताबाट निर्वाचित भएको हुँदा उनीहरूको हैसियत 'पार्टीभन्दा माथि' हुन्छ । एक पटक जनताबाट निर्वाचित भएपछि उसमाथि जनताको नियन्त्रण गुम्छ र सांसद जनताबाट स्वतन्त्र हुन्छ । उसले जे गर्छ त्यो सबै मतदाताको नामबाट गर्छ तर उसले मतदाताको प्रतिनिधित्व गरेको वा नगरेको परिक्षण गर्ने कुनै संयन्त्र वा प्रक्रिया हुँदैन । यसरी लोकतन्त्र औपचारिक बन्न जान्छ । यसरी संसदीय लोकतन्त्रले समाजवादी वा बुर्जुवा पार्टीहरूको अनुहार उस्तै बनाइदिन्छ, क्रान्ति र समाजवादलाई बुर्जुवा राजनीतिको अङ्ग बनाइ दिन्छ । सांसद बन्ने र बनाउने खेलमा अर्थात् संसददेखि संसदसम्म राजनीति सीमित हुन्छ ।संसदीय लोकतन्त्रमा सहभागीताले मात्रै समाजवादको ग्यारण्टी गर्दैन । संसदीय परम्पराभित्रै सीमित हुनु रुढिग्रस्त संसदवाद हो । रुढिग्रस्त

संसदवादबाट पार्टी जोगिन्छ भन्ने सुनिश्चित गर्नु आजको समाजवादी पार्टी निर्माणको अर्को चुनौति हो ।

बललिँदो सामाजिक–राजनीतिक मनोविज्ञान

पुँजीवाद सघन बन्दै जाँदा नेपाली समाजको बनोटमा पनि धेरै महत्वपूर्ण परिवर्तन देखा पर्दैछन् । खासगरी बसाई सराईले नेपाली जनसङ्ख्याको भौगोलिक र सामाजिक बनोटमा परिवर्तन आएको छ। शहरतर्फ जनसङ्ख्याको केन्द्रिकरण हुँदै गएको छ र ग्रामिण बस्तीहरू पातला र खाली हुँदै गएका छन् । पछिल्ला दुई दशकमा यो प्रक्रिया अस्वाभाविकरूपले तिब्र भएको छ । हरेक वर्ष करिब चारलाख युवाहरू श्रमबजारमा आउँछन् तर रोजगारीका अवसर खुलेका छैनन् । त्यसैगरी मुलुकभित्र रोजगारीको अभावले गर्दा युवा जनसङ्ख्याको एउटा ठूलो हिस्सा कामको खोजीमा विदेशिएको छ । विकसित पुँजीवादी मुलुकका श्रमबजारमा माग बढेपछि नयाँ तुलनात्मकरूपले राम्रो जीवनको खोजीमा विदेशिनेहरूको सङ्ख्या पनि बढेको छ । यसरी हिजोका तुलनात्मकरूपले स्थायी सामाजिक सम्बन्धहरूमा असाधारण हलचल आएको छ । वासस्थान, पेशा, परिवारको सङ्ख्या आदिमा आएका फेरबदलले गर्दा सामाजिक मनोविज्ञान पनि फेरिँदै गएका छन् । परम्परागत पारिवारिक र सामाजिक सम्बन्धहरू चुँडिदै गएका छन् । हिजोको सामुहिकता हराउँदै गएको छ । सम्भावनाको खोजीमा भौँतारिने मानिसको जीवन जसरी अस्थीर छ त्यसैगरी सामाजिक सम्बन्धहरू अस्थीर भएका छन् ।

२०७२ सालको महाभूकम्प, संविधानको घोषणा, भारतले नेपाल विरुद्ध लगाएको नाकाबन्दीको सामना, २०४७ सालको निर्वाचनमा कम्युनिष्ट पार्टीले पाएको जनमत जस्ता राष्ट्रिय घटनाश्रृङ्खलाले नेपाली जनतामा एकता र आशाको ऐतिहासिक परिस्थिति बनेको थियो। २०७७ सालमा संसदको विघटन, अदालतको आदेशबाट कम्युनिष्ट पार्टीको विभाजन र पुनः संसद विघटनजस्ता घटनाले राजनीति र समाजमा निराशा बढ्दै गयो । गत निर्वाचनपछि राजनीतिक स्थीरताको सम्भावना अझ जटील बन्दै गएको छ। त्यसले आर्थिक–सामाजिक सङ्कट, प्रशासनिक अस्तव्यस्तता, भ्रष्टाचार, अनियमितता बढाउँदै गएको छ।

सूचना प्रविधिको विकासले गर्दा ज्ञान निर्माणको नयाँ विश्व मञ्चको निर्माण भएको छ । सूचना सर्वव्यापी हुँदै गएको छ तर त्यसमाथिको नियन्त्रण केन्द्रिकृत हुँदै गएको छ । एकातिर व्यक्तिका स्वतन्त्रताको दायरा विस्तार हुँदै गएको छ, अर्कोतिर अवसरको अभावले गर्दा उत्पन्न अस्थीरताले गर्दा व्यक्तिगत/पारिवारिक जीवन एकान्तता, असन्तुष्टी, आक्रोश, आशङ्का, डर, बदला आदिले मडारिँदै गएको छ। राज्यप्रतिको आक्रोशले राजनीति, राजनीतिक पार्टी, वा कुनै पनि प्रकारको व्यवस्थाप्रति असन्तुष्टी बढ्दै छ। अहिलेको सूचना प्रविधिले त्यस चौतर्फी असन्तुष्टिलाई एउटा यस्तो सार्वजनिक विश्वमञ्च दिएको छ जसले त्यस असन्तुष्टिलाई क्षणभरमै हजारौँ गुणा विस्तार गरिदिन्छ। मानिसका आम निराशालाई दक्षिणपन्थी लोकरञ्जनाका शक्तिहरूले सजिलै सङ्गठित गर्न सक्ने बनाइदिएको छ । इतिहास, विचार, सिद्धान्त, नैतिकता, सामुहिकता, सामाजिकताजस्ता मूल्यहरूका विरुद्ध सामाजिक मनोविज्ञान निर्माण हुँदैछ । सामाजिक स्वरूप र मनोविज्ञानमा आएको यस अस्थीरताले नेपालको विचारधारात्मक राजनीतिको भविष्यमाथि अनेकौँ चुनौति थप्दै गएको छ । यस चुनौतिसँग कम्युनिष्ट पार्टीले सबैभन्दा बढी लड्नु पर्नेछ ।

सङ्गठनात्मक चुनौति

हामीले गरेको विद्रोह नेपालको कम्युनिष्ट आन्दोलनमा एउटा असाधारण घटना हो । किनकि एउटा क्रान्तिकारी पार्टीको निर्माण दीर्घकालीन र धेरै कठिन काम हो । तर हामीले त्यो दायित्व कबोल गरेका छौँ र सम्पूर्ण प्रयत्नका साथ क्रियाशील छौँ, जुन महत्वपूर्ण र युगीन कुरा हो । यस प्रक्रियामा हामीले सामना गर्ने व्यवधान र असफलताहरूको शिक्षाले हामीलाई अझ बढि क्रान्तिकारी बनाउने छन् । पार्टी निर्माणका बाह्य चुनौतिको समीक्षा गरेर मात्रै हाम्रो कार्यभार ठिकसँग निर्क्योल हुन सक्दैन । सङ्गठन निर्माणमा हामीले आज सामना गरिरहेका आन्तरिक समस्याहरूका बारेमा यथार्थपरक भएर छलफल गर्नु पनि उत्तिकै क्रान्तिकारी काम हो । आजको सङ्गठनका समस्याबारे छलफल गर्दा ती समस्या कुन परिस्थतिले उत्पन्न गऱ्यो भन्नेबारे छलफल गर्नु आवश्यक छ ।

एक, नवौँ महाधिवेशनले जुन विचार तथा सिद्धान्तहरू पारित गऱ्यो त्यसको विपरित कित्ताबाट नेतृत्वको निर्वाचन गरेपछि एकपछि अर्को समस्या थपिँदै गए र दुर्घटना भयो । नेतृत्वले पार्टीलाई विचारहीन बनाउँदै लग्यो । पार्टीमा वैचारिक–सैद्धान्तिक छलफल हराउँदै गयो । राजनीतिमा व्यक्तिवादी अवसरवाद र सङ्गठनमा गुटबन्दी बढ्दै गयो । राजनीति र सङ्गठनका समस्या नै पार्टीमा मुख्य बन्दै गए । अर्थात् विचार–सिद्धान्तका बहस तथा छलफल परिपक्व भएर त्यसले राजनीतिक र साङ्गठानिकरूप लिन नपाउँदै विद्रोहका रूपमा हाम्रो पार्टी गठन भयो । संसद विघटनपछि तिब्र भएको राजनीतिक अन्तरविरोध विकसित हुँदै जाँदा हामीले नेकपा (एकीकृत समाजवादी) को स्थापना गऱ्यौँ । जसले गर्दा विद्रोहमा सामेल भएको ठूलो पङ्तिले हाम्रा वैचारिक तथा सैद्धान्तिक दिशाले कस्तो राजनीतिक निर्णय र सङ्गठनको माग गर्छ भन्ने बुझ्न सकेन । पार्टी केन्द्रको स्थापनापछि देशव्यापी राजनीतिक प्रशिक्षण र सङ्गठन निर्माणमा सम्पूर्णरूपले केन्द्रित हुन सकिएन । एकपछि अर्को निर्वाचनको तयारीबारे ध्यान दिनु पर्ने, हाम्रो पार्टीको वैधानिकतामाथि खडा गरिएको चुनौतिसँग लड्नु पर्ने, कैयन् महत्वपूर्ण संसदीय मामिलाहरूलाई किनारा लगाउनु पर्ने, सरकारमा हाम्रो सहभागिताले उत्पन्न दायित्वहरू पूरा गर्नु पर्नेजस्ता परिस्थितिले पार्टी निर्माणको प्रक्रियामा अनेकन् समस्याहरू आइपरे ।

दुई, जुनसुकै विद्रोहको उथलपुथलका समयमा विभिन्न कारणले ठूलो सङ्ख्यामा मानिसहरू उद्वेलित हुन्छन् । ती मूलतः दुई खालका हुन्छन् । पहिलो, पुरानो सत्ताले क्रान्तिकारी विचार–सिद्धान्त परित्याग गरेको र त्यसलाई भित्रैबाट सुधार्न असम्भव देखेपछि क्रान्तिको बाटो खोल्ने उद्देश्यले विद्रोहमा सामेल हुन्छन् । उनीहरू विद्रोहका उतार चढावबाट आत्तिदैनन् । उनीहरूका पनि निजी चाहाना वा आशा त हुन्छन् तर त्यो उनीहरूका लागि गौण कुरा हो, नयाँ क्रान्तिकारी पार्टी कसरी बनाउन सकिन्छ भन्ने कुरा उनीहरूका लागि मुख्य विषय हुन्छ । निजी विषयलाई लिएर उनीहरूले सामुहिक उद्देश्यलाई कमजोर बनाउँदैनन् । यस्ता व्यक्तिहरू क्रान्तिकारी विद्रोही हुन् । दोस्रो, कैयन् मानिसहरू हिजोको सत्ताले आफुलाई केही दिएन भनेर त्यसको बदला लिन आउँछन् भने कतिपय मानिसहरू व्यक्तिगत बहादुरीको प्रदर्शन गर्न र चर्चित हुन विद्रोहमा आउँछन् । त्यस्तै, कतिपयले विद्रोहले जित्यो भने नयाँ सत्तामा

आफ्नो हैसियत माथि पुग्छ र त्यसबाट फाईदा लिन सकिन्छ भन्ने देखेका हुन्छन् । यिनीहरू पार्टी र क्रान्तिको बारेमा कम चासो राख्छन् तर आफ्नो पद, प्रतिष्ठा, चर्चा, फाईदाका लागि प्रयास गरिरहन्छन् । यिनीहरूमध्ये एउटा पङ्ति निरन्तर प्रशिक्षण र सङ्घर्षले क्रान्तिकारी विद्रोही बन्न सक्छ भने अर्को पङ्ति विद्रोही मात्रै रहिरहन्छ, पार्टी निर्माणमा समस्या बनिरहन्छ । यिनीहरूले सामुहिक विधि–विधान अवज्ञा गर्न सक्छन् । विद्रोहमा जसरी आएका थिए त्यसैगरी जान सक्छन् । अवसर नै उनीहरूका लागि सिद्धान्त हो, क्रान्ति हो, पार्टी हो, सबै थोक हो । यी सबै प्रवृत्तिहरूको यथोचित मूल्याङ्कन गरेर पार्टी कमिटी, विभाग र जनसङ्गठन निर्माण गर्नका लागि हामीले आवश्यक समय पाएनौं ।

❖❖❖

समाजवादका निम्ति सङ्घर्ष

राम कार्की

नेता, नेकपा (माओवादी केन्द्र)

समाजवाद वा साम्यवाद कुनै सुन्दर 'ब्लु प्रिन्ट' होइन । त्यसैगरी, मार्क्सवाद भनेको पनि पूर्णता पाइसकेको दर्शन, सिद्धान्त वा विचार होइन । मार्क्सवादी बन्नु भनेको मार्क्सले जस्तै सोच्नु र तदनुसार व्यवहार गर्नु हो । नाम राखिदिनाले अनि साइनबोर्ड झुन्डचाइदिनाले कोही मार्क्सवादी हुँदैन ।

सिद्धान्ततः हामी मार्क्सवादी हुने चेष्टामा छौं । जसले आफूलाई कम्युनिस्ट भन्छ, त्यो आफैंमा कति मार्क्सवादी हो ? को कति मार्क्सवादी हो र मार्क्सवादी दृष्टिकोणबाट हेर्दा मार्क्स आफैं समेत कति मार्क्सवादी थिए भन्ने कुरा छलफलकै विषय हो । अहिले हामी कम्युनिस्ट भनिनेहरू सबै नै मार्क्सवादी हुने प्रयत्नमा छौं ।

मार्क्सपूर्वका केही इमानदार र मानवताप्रति प्रतिबद्ध विचारकले समाजवादबारे बिछट्टै सुन्दर कल्पना गर्नुभयो । हामी उहाँहरूलाई 'काल्पनिक समाजवादी' भन्छौं । मार्क्सले समाजलाई हेर्न, बुझ्न र फेर्न विज्ञान प्रयोग गर्नुभयो । खास गरेर उत्पादन-सम्बन्ध र सामाजिक सम्बन्धको गहिरोसँग अध्ययन गर्नुभयो ।

हामी सङ्क्रमणकालीन भन्ज्याङमा छौं । यसअघिको यात्रामा पनि हामीले मार्क्सवादी बन्ने भगीरथ प्रयत्न गऱ्यौं । कति मार्क्सवादी बन्यौं, त्यसको समीक्षा हुनुपर्छ । माओवादी मात्र होइन, अरू कम्युनिस्ट पार्टीहरू र ती सबै पार्टीहरूले इतिहासमा जे-जस्तो भूमिका खेले, त्यसको समीक्षा हुनुपर्छ । अहिले हामी नयाँ ठाउँमा आइपुगेका छौं । अर्थात्, हामी भन्ज्याङमा छौं । अब के गर्ने, कसरी अगाडि बढ्ने भन्ने कुराका निम्ति फेरि मार्क्सवादी बन्नु परेको छ । सबै कम्युनिस्ट पार्टी र नेतासँग अतीत छ । त्यो मसालसँग पनि छ, नेमकिपालगायतसँग पनि छ । अतीतका गौरवपूर्ण संस्मरण पनि छन् । तर, कतिपय टिप्पणीकारका अनुसार हामीले त्यो अतीतसँग सङ्गति राख्ने आचरण वर्तमानमा निर्वाह गरिराखेका छैनौं ।

नेपाली समाजको वर्गचरित्र

अब नेपाली समाज सामन्तवादी रहेन भन्ने निष्कर्ष नै विगतमा एमाले-माओवादी केन्द्र एकीकरणको आधार बनेको थियो । नेपाली समाज पुँजीवादी समाज भयो भन्ने कुरामा धेरै मतैक्यता छ । तर, यसखाले पुँजीवादसँग हाम्रो

पहिले कहिल्यै भेट भएको थिएन । मार्क्सले तुलनात्मक रूपले विकसित पुँजीवादी देशमा क्रान्ति सम्पन्न हुने अङ्कल गरेका थिए । तर, लेनिन र ट्रटस्कीहरूको जम्काभेट तुलनात्मक रूपले पछौटे देशका अपेक्षाकृत कमजोर पुँजीवादीहरूसँग भयो । माओको नेतृत्वमा भएको क्रान्ति पनि अर्द्धसामन्ती समाजलाई फेर्ने क्रान्ति थियो । मेरो रायमा समाजवादको यो अभियानमा हामी सामन्तवादलाई पछार्न सफल भएका छौं तर पुँजीवादलाई पछार्न सकेका छैनौं; बरु उल्टै हामी पुँजीवादद्वारा प्रदूषित भएर नयाँ वर्गमा फेरिएका छौं । अहिले नेपालमा वर्णशङ्कर पुँजीवादसँग हाम्रो पालो परेको छ ।

अहिलेको संविधानले समाजवादमा जाने कल्पना गरेको छ । तर, संविधानले समाजवादलाई परिभाषित गरेको छैन । स्वयम् मार्क्सले त समाजवादी व्यवस्थाको चर्चा गरेका छैनन् । समाजवाद भन्ने पदावलीको प्रयोग सवैभन्दा धेरै लेनिनले गरे । साम्यवादको पहिलो शैशवावस्था, त्यो पुँजीवादको गर्भबाट भर्खरै आएको हुनाले नयाँ व्यवस्थामा पुरानो गर्भाशयका चिह्नहरू रहने चर्चा मार्क्सले गरेका छन् । यसो भनेर मार्क्सले पुँजीवादी सोच, संस्कृति, रीति र चलनतर्फ सङ्केत गरेका हुन् । सततः क्रान्तिलाई जारी राखेर साम्यवादमा पुगेपछि मान्छे स्वतन्त्र हुन्छ अर्थात् स्वतन्त्र मान्छेको इतिहास त्यसरी सुरु हुन्छ भनेर मार्क्सले अङ्कल गरेका थिए । त्यही साम्यवादको प्रारम्भिक कालको सङ्क्रमणकालीन अवस्थालाई लेनिनले समाजवाद भनेका हुन् । अगाडि नै चर्चा भइसक्यो कि समाजवादको ढाँचाबारे कुनै पूर्वकल्पना हुन सक्दैन; क्रान्तिकारी कर्मले नै समाजवादको स्वरूपलाई निर्धारण गर्दै जान्छ; त्यो त कुनै पटचाइएको वस्तु बिस्तारै खुलेजस्तै खुल्दै जाने हो ।

हाम्रो लक्ष्य निश्चित हुनुपर्‍यो । हामीले सिकेको आधारभूत कुरा समाजवाद भनेको वर्गसङ्घर्ष हो । समाजवाद भनेको वर्गीय उत्पीडनबाट मुक्ति हो । वर्गीय उत्पीडनका विस्तारित रूपहरू नै जातीय, क्षेत्रीय, लिङ्गीय उत्पीडन हुन् । यी सवैबाट मुक्ति पाउनु नै मूलतः समाजवादको सार हो ।

चाहे रूसमा होस्, चाहे चीन वा अल्बानियामा, कम्युनिस्ट आन्दोलनले सामन्तवादलाई पछार्‍यो र सामन्तलाई घोडाबाट खसाल्यो । त्यसपछि पुँजीवादसँग लडाइँ सुरु भयो । यो लडाइँमा संसारभर पुँजीवादले नै जितिरहेको छ । पुँजीवाद केवल आर्थिक प्रणाली मात्र होइन; यो सोच, मूल्य-मान्यता, संस्कृति सवैथोक

हो । विषमता, मुट्ठीभरहरूको विलासपूर्ण जीवनका निम्ति यो प्रणालीले जन्माएको बेरोजगारी, अभाव, अन्याय, उत्पीडन, हिंसा, युद्ध र शोषण नै पुँजीवादका अभिन्न अङ्ग हुन् । यसको जीवनमैत्री र मानवमैत्री विकल्प केवल मार्क्सवादले दिएको छ । हामीमा पुँजीवादसँगको लडाइँमा जित्न सकिन्छ भन्ने विश्वास छ । तर, यो विश्वासविपरीत पुँजीवादी सोच र संस्कृति हामीभित्र बिस्तारै हावी हुँदै गएको छ । नेपालका प्रायः सबै कम्युनिस्ट पार्टीको इतिहास सामन्तवादसँग लडेको गौरवपूर्ण इतिहास नै हो । तर, अबको लडाइँ त पुँजीवादसँग हो । नेपालको पुँजीवाद रूसको जस्तो पनि छैन र चीनको जस्तो पनि छैन । यो पुँजीवादका विषयमा माओले केही चर्चा गरेका छन् । माओले भनेको 'नोकरशाही पुँजीवाद' सँग यो पुँजीवाद कता-कता मिल्दोजुल्दो देखिन्छ ।

सोभियत सङ्घले समाजवादी बाटो त्यागेपछि माओको नेतृत्वमा चिनियाँ कम्युनिस्ट पार्टीका नेताहरूले रूसमा स्थापित नयाँखाले पुँजीवादी स्वरूपका विषयमा अध्ययन गरेका थिए । युरोपमा स्थापित भएजस्तो शास्त्रीय किसिमको पुँजीवाद नेपालमा छैन । माओले चर्चा गरेको नोकरशाही पुँजीवादमा भ्रष्ट राजनीतिज्ञ र नोकरशाह तथा दलाल पुँजीपतिहरू मिलेर पूरै अर्थतन्त्र चलाउँछन् । केही अध्येताका अनुसार अब नेपालमा पनि विकृत पुँजीवाद कायम भएको छ । हामीकहाँचाहिँ आसेपासेलाई पोसेर आर्थोपार्जन गर्ने खालको पुँजीवादले जरा गाड्दै गएको देखिन्छ ।

उदाहरणका लागि कुनै मन्त्री वा मन्त्रालयका सचिवको छोरो कुनै कम्पनीको सीईओ भइरहेको छ । ऊ आफ्नो योग्यता, क्षमता र प्रतिस्पर्धाले भन्दा पनि मन्त्री वा सचिवको छोरो भएकाले नै सीईओ भएको छ । प्रतिस्पर्धाका आधारमा नभएर जन्मका आधारमा वा शासकसँग सम्बन्ध भएको आधारमा पुँजीपति बन्ने अवस्था कायम हुने कुरा 'क्रोनी क्यापिटालिज्म' मा मात्र सम्भव छ । नेपालमा कस्तो रणनीति, कार्यक्रम र कार्यनीति बनाएर पुँजीवादसँग लड्ने हो ? जबकि यहाँको पुँजीवाद 'नचिनिएको पुँजीवाद' हो र त्यसले नै हामीमाथि शासन गरिरहेको छ । मार्क्सवादी दृष्टिकोणअनुसार यसको अध्ययन, विश्लेषण र संश्लेषण हुन बाँकी नै छ; यो महत्त्वपूर्ण कार्यभार अब हाम्रो काँधमा आइपरेको छ ।

समाजवादमाथि पुँजीवादको 'ग्रहण' कसरी लाग्दछ भन्ने कुराको उदाहरण इतिहासमा बग्रेल्ती पाइन्छन् । जब चिनियाँ र भियतनामी केटाकेटीहरू 'हलिउड' का नायक-नायिकाको नक्कल गर्न थाल्छन्, तब उनीहरू अमेरिका जाने 'सपना' बुन्न थाल्दछन्, अमेरिकालाई आफ्नो 'आदर्श ठाउँ' मान्न थाल्दछन् । यसबाट बुझ्न सकिन्छ कि पुँजीवादले समाजवादमा कसरी 'ग्रहण' लगाउँदैछ । पुँजीवादसँग लड्दा उल्टै त्यसले नै पो हामीलाई बदल्न सक्छ । हाम्रो कमजोरी के छ भने, हामी इमानदारीपूर्ण रूपमा सत्य कुरा भन्न सक्दैनौं, ढाँट्छौं । हामीसँग समाजवादसम्म पुग्ने स्पष्ट बाटो छ र हामीले सबै पत्ता लगाइसकेका छौं भन्ने ढोङ गर्छौं ।

हामीले युवा पुस्तालाई स्पष्ट भनिदिनुपर्छ- 'हाम्रो सारा जीवन, जवानी त्यसैमा खर्च गरियो, राजतन्त्रलाई त हटायौं तर पुँजीवादलाई हटाउन सकेनौं; तिमीहरू सक्छौ लड, हामी त पुराना भइसक्यौं; हाम्रो अनुभवलाई अब तिमीहरूको तागतसँग संयोजित गर !" तर, यसो भन्न हामीले सकिरहेका छैनौं । यो चुनौती स्वीकार गरेर नयाँ पिँढी मैदानमा नआएसम्म पुँजीवाद जब्बर बनिरहन्छ । खतरा त यो पनि छ कि हाम्रो पार्टी नै क्रोनी क्यापिटालिज्मको साधनमा फेरिन सक्छ ।

नेपालमा कस्तो समाजवाद ?

संविधानमा देशको शक्ति-सन्तुलन प्रतिबिम्बित भएको छ । त्यसैले निजी क्षेत्रलाई संरक्षण गर्दै समाजवाद ल्याउने उल्लेख गरिएको हो । त्यो संविधान एउटा यस्तो गतिशील ऐना हो, जहाँ समाज परिवर्तन भएपछि शक्ति-सन्तुलनमा हेरफेर भएको देखिनुपर्छ । यदि देखिएन भने समाज र संविधानबीच अन्तर्विरोध बढेर जान्छ । त्यसैले समाजवादको यात्रा कसरी अगाडि बढ्छ भन्ने विषयमा भविष्यवाणी गर्न सकिँदैन । भावी पिँढीको सोच र कर्मले नै त्यसको फैसला गर्छ । आउने पुस्ताले यो संविधानको पूजा गरेर बस्छ कि हेरेफेर गरेर परिवर्तन ल्याउँछ ? हेर्नुपर्छ ।

हाम्रो यात्रा त समाजवादकै हो । हिजो सशस्त्र सङ्घर्ष गर्नु ठूलो कुरा थियो; बगिरहेको नदीको उल्टो धारमा हिँड्नुजस्तै । अहिले नयाँ पिँढी कम्युनिस्ट आन्दोलनमा किन आउँदैन ? हाम्रो बाटोलाई, आदर्शलाई किन उपेक्षा गर्छ ?

हाम्रो भनाइ र गराइबीचको अन्तर्विरोध अनि यथार्थमा हाम्रो आत्मनिर्वासन देखेर पो हो कि ?

हामीले नयाँ पिँढीलाई भन्नुपर्‍यो- 'पुँजीवाद असाध्यै अजङ्गको छ, असाध्यै बलियो छ । त्यो पुँजीवादसँग लड्न सक्यौ भने जित्छौं; जित्यौं भने समाजवाद कायम हुन्छ, अन्यथा सत्यानास हुन्छ । युवा पिँढीले चीनमा त्यति ठूलो युद्ध लड्यो, तातु नदी पार गर्‍यो; हजारौं हजार माइलको यात्रा गर्‍यो । तर, आज त्यही चीनमा एउटा 'आईप्याड' का निम्ति एक युवाले आत्महत्या गरे; पिँढी त युवापिँढी नै हो । नेपालका युवापिँढीलाई यो परिस्थिति बताउनुपर्‍यो ।

नेपाली कम्युनिस्टको अबको बाटो

पानी त प्रशस्त जम्मा भयो, यसलाई कसरी शक्तिमा फेर्ने हो ? सधैं नै त्यसैमा समस्या देखिइरह्यो । नदीले ओछ्यान पाउनुपर्‍यो; पानीलाई ओछ्यान दिनुभएन भने जथाभावी बग्न थाल्छ; बाँधेर लैजाँदा ऊर्जा पैदा गर्छ । एमाले-माओवादी पार्टीबीच एकता हुँदा प्राविधिक रूपमा मात्रै एकता भएको थियो; भावनात्मक रूपमा एकता हुन बाँकी नै थियो । विगत दुवैसँग छ । गौरव गर्नलायक कुराहरू पनि दुवैसँग छन् । समीक्षा गरेर सच्याउनुपर्ने कुराहरू पनि धेरै थिए ।

अहिले समाजवादी क्रान्तिको प्रश्नमा सबै अल्मलिएका छौं । अल्मलिएकैले एक ठाउँमा सङ्गठित बनौं भनेर जम्मा भएका थियौं । केवल बल गरेरै मात्र समाजवादमा पुगिन्छ भनेर त कतै पनि जान सकिँदैन । पुँजीवादको ब्यूहलाई तोड्न जानिएन भने अगाडि बढ्न सकिँदैन । पुँजीवादको ब्यूह छेड्न सक्ने सैद्धान्तिक-राजनीतिक आधार तयार पार्नुपर्छ । आजको चुनौती नै त्यहीं छ । देशमा लाखौं समर्थक, नेता तथा कार्यकर्ता छन् । सबैलाई महङ्गवपूर्ण बहसमा सहभागी गराउनुपर्छ । उपाय भन्ने कुरा कुनै एकजना मान्छेको दिमागबाट फुत्त निस्कने चिज होइन । साम्यवाद मार्क्सको दिमागबाट अचानक निस्केको होइन । उनले आफूभन्दा अगाडिका प्राकृतिक तथा सामाजिक ज्ञानको गहन अध्ययन गरेर तथा प्रत्यक्ष रूपमा आन्दोलनमा सहभागी भएर मार्क्सवादलाई अगाडि बढाएका थिए ।

सवैभन्दा पहिले त नीतिनिर्माण गर्ने समाजवादी काइदा अपनाउनु पर्‍यो । 'इतिहासका निर्माता जनता हुन्' भन्ने सत्यलाई आत्मसात् गर्नु पर्‍यो । कुनै नेता वा विज्ञविशेषले ज्ञान र जुक्तिको खोलो बगाउँछन् भन्ने पुरानो मान्यता त्याग्नुपर्‍यो । उदाहरणका निम्ति शिक्षा क्षेत्रमा रहेका समस्या अहिले उजागर हुँदैछन् । यी विषयमा विद्यार्थी, शिक्षक र अभिभावकलाई छलफलमा सहभागी गराइनुपर्छ । महान् बहसबाट सङ्ग्रह भएका मत र सुझावलाई परिष्कृत गर्न विज्ञहरूको सहायता लिनुपर्छ । यस क्रममा जनताबाट हामीले अनुमान नै नगरेका नयाँ जुक्ति र काइदा प्राप्त हुनेछन् । त्यसैका आधारमा शिक्षासम्बन्धी सोच, प्रणाली र ढाँचा विकसित गर्नुपर्‍यो । अहिले कृषिप्रधान मुलुक भनिए पनि धेरै वस्तुमा परनिर्भर छौं । यसमा किसानलाई सहभागी गराई दूध, दही, घिउ, खाद्यान्नलगायतमा आत्मनिर्भर बन्नु पर्नेछ । यसका निम्ति किसानहरूको सल्लाहलाई विश्लेषण गरी किसाननीति र भूमिनीति तय गर्नुपर्ने हुन्छ ।

हाम्रो थेगो नै बनिसकेको छ- 'महान् चुनौती र महान् सम्भावना' । तर, मेरो विचारमा हामी सम्भावनाभन्दा बढी चुनौतीबाट घेरिएका छौं । कम्युनिस्ट पार्टी जब ठूलो हुन्छ, साम्राज्यवाद अर्थात् विश्व पुँजीवादले त्यसैलाई तारो बनाउँछ । त्यसलाई ध्वस्त बनाउन धेरै योजना र शक्ति प्रयोग गरिन्छन् । दुई ठूला कम्युनिस्ट घटकबीच एकता नहुँदासम्म हामी कसैको आँखामा खासै परेका थिएनौं । सवैलाई लागेको थियो- आपसमै लडिरहेका छन्, यिनले के पो गर्न सक्लान् र ! हुन पनि हामी कम्युनिस्टहरू लड्ने गर्थ्यौं- काङ्ग्रेस सरकार बनाउँथ्यो ।

हाम्रो विचारमा ह्रास आए पनि, विगतभन्दा अहिले आनीबानी र आचरणमा परिवर्तन भए पनि पुँजीवादको नजरमा हामी सत्रु नै हौं । हाम्रो झन्डा, पार्टीको नाम, हामीले प्रयोग गर्ने शब्द, हाम्रा विमर्श आदि-इत्यादि पुँजीवादलाई पटक्कै मन पर्दैनन् । विश्वस्तरमा हेर्दा पुँजीवाद बलियो छ । यो स्थितिमा हामीले लाखौं जनतालाई सतर्क बनाउनुपर्छ; बढीभन्दा बढी चनाखो बनाउनुपर्छ । आउने पाँच वर्षमा समाजवाद ल्याउँछौं भन्ने हो भने दुर्घटना मात्र हुनेछ । सङ्गठनलाई संस्थागत गर्नु, व्यक्तिका अधिकारलाई एउटा प्रणालीमा लैजानु र पार्टीमा मार्क्सवादी सोचको विकास हुनु आवश्यक छ । हाम्रो काम गर्ने शैली, निर्णय गर्ने तरिकालगायत यावत् विषय समाजवादद्वारा निर्देशित हुनुपर्छ ।

अधिनायकवाद के हो ?

आज पनि विश्वमा पुँजीवादको साम्राज्य र एकाधिकार कायम छ । काङ्ग्रेसले 'देशमा अधिनायकवाद आउँदैछ' भन्ने हल्ला निरन्तर रूपमा फैलाइरह्यो । विश्वको एउटा पछौटे र मझौला आकारको नेपालमा साम्यवादी विचार मान्ने पार्टीले चुनाव जितेर सरकार बनायो । भारतमा कम्युनिस्टहरूको स्थिति कमजोर हुँदै गएको छ । हिजो एक सय सिट जित्नेहरू आठ-दस सिटमा खुम्चिएका छन् ।

यो स्थितिमा नेपालमा अधिनायकवाद आउँदैन भन्ने काङ्ग्रेसलाई राम्रोसँग थाहा छ । तर, काङ्ग्रेसले निरन्तर अधिनायकवाद आउँदैछ भन्ने प्रचार जारी राख्यो किनभने कम्युनिस्टलाई दमन गर्ने सबैभन्दा बलियो बहाना नै यही हो । काङ्ग्रेस यही प्रचारद्वारा कम्युनिस्टविरोधी विश्व जनमतलाई आफ्नो पक्षमा पार्न चाहन्छ । उसलाई लागेको छ, यो प्रचारले नेपाली जनता कम्युनिस्टदेखि झस्किन्छन् । त्यसैले कुनै आधार नभए पनि मनोवैज्ञानिक टक्करका निम्ति काङ्ग्रेसले 'अधिनायकवादको खतरा' भन्ने नारा निरन्तर उरालिरहेको छ । हामीले भने हामी पुँजीवादीभन्दा प्रजातान्त्रिक छौं भन्ने सत्यलाई जीवन-व्यवहारद्वारा प्रमाणित गर्दै जानु पर्नेछ ।

❖❖❖

समाजवादी महिला आन्दोलन

गरिमा शाह
सदस्य, राष्ट्रिय सभा

प्रारम्भ :

महिलामुक्ति अर्थात् महिलाहरूलाई सबै प्रकारका दमन, उत्पीडन, शोषणबाट मुक्त गराई मानवअधिकार सम्पन्न बनाउने आन्दोलनको इतिहास चार शताब्दी पुरानो छ । यसबीच स्वरूपमा भिन्नता आए पनि धेरै जसो महिला मुद्दा ज्यूका त्यूँ छन् । राजनीतिक र आर्थिक रुपले केही अधिकार प्राप्त भएता पनि सामाजिक साँस्कृतिक परम्परामा महिला दोस्रो दर्जा मै छन् । यो विश्वका महिलाहरूको साझा भोगाई र पीडा हो ।

पछिल्लो समयमा महिलामाथिका बन्धन केही खुकुलो भएका छन् । तर, हिंसाको स्वरूप झन् भयानक हुँदैछ । २१औँ शताब्दीमा विकास भएको प्रविधिबाट प्रताडित बन्ने गरेका छन् । साइबर अपराधबाट बेइज्जती खप्ने, बल्याक मेल हुने तथा रोजगारीको नाममा विदेशमा तस्करीको बस्तु बन्ने, शरीरका अंग बेचिने आदि जस्ता नयाँ हिंसा खेप्न बाध्य छन् ।

हाम्रो मुलुकको सन्दर्मा आज पनि लैङ्गिक असमानता, यौन दुर्व्यहार, बलात्कार, भेदभाव, असुरक्षा, अशिक्षा, परनिर्भरता, बेरोजगारी, असमान ज्याला, बालविवाह, बहुविवाह, दाइजो प्रथा, तिलक प्रथा, घुम्टो प्रथा, छाउपडी प्रथा, यौनका लागि बेचबिखन, स्त्री लिङ्गको भ्रुण हत्या, बोक्सी आरोप, चरित्र हत्या, हत्या आदि जस्ता महिला हिंसाका स्वरूप फरकफरक अनुहारमा समाजमा विद्यमान छन् । महिला भएकै कारण अस्तित्व र व्यक्तित्वमाथि यो वा त्यो प्रकारले आक्रमण गर्ने पितृसत्तात्मक सोच चिन्तन यथावत छ । महिलामाथिका विभेद, उत्पीडन र शोषणका रूपहरू परिवर्तित स्वरूपमा यथावत रहेकै कारण महिला मुक्तिको आन्दोलन जारी छ । आन्दोलनको रूप र शैलीमा भने भौतिक परिस्थितिका कारण फरकपन आएको छ ।

महिला आवाजको इतिहास

महिलाहरू उत्पीडन, शोषण र दमनमा परेका र पुरूषको अधिनस्त बनाइएका छन भन्ने कुरा विश्वमा सर्वमान्य हो । यसबाट महिलाहरूलाई मुक्त गर्नुपर्छ भन्ने मत पनि बलियो छ । समाधान र वास्तविक महिला मुक्ति भनेको के हो भन्नेमा चाहिँ सैद्धान्तिक र वैचारिक रूपमा मतभिन्नता छ ।

इतिहासका विभिन्न कालखण्डमा महिलाहरूले तत्कालिन चेतका आधारमा आ–आफ्नो तरिकाले विद्रोह गरेको इतिहासको विकासक्रमको अध्ययनबाट थाहा पाउन सकिन्छ। बेलायती महिला मेरी वोल्स्टोनक्राफ्टले सन् १७९२ मा 'महिला अधिकारको समर्थन' लेख्नुभयो । यो महिला समानताको वकालत गर्ने सबैभन्दा प्रारम्भिक ग्रन्थ मानिन्छ । उहाँले 'महिलाहरू पुरूषका खुशी र आनन्दका साधन होइनन् । महिलाहरूलाई समान अवसर चाहिन्छ' लेखेर चेतनाको बिउ छरेको पाइन्छ ।

सन् १७८९ सालको अक्टोबरमा पेरिसका श्रमजीवि महिलाहरूले चरम मंहगीको विरोधमा धर्ना र जुलुस गरेका थिए । सन् १८३२ मा कपडा कारखानमा काम गर्ने नेदरल्याण्डका श्रमिक महिलाहरूले समान ज्याला र समान व्यवहारको माग गरेर विरोध गरेका थिए ।

१९औँ शताब्दीमा अमेरिका र यूरोपका देशहरूमा औद्यौगिक क्रान्ति भयो । मजदूरको मांग बढ्यो । चरित्र अनुरूप पूँजीपतिहरू सस्तो श्रमिकको खोजीमा थिए । गरीबी, भोक र अभावले थलिएका महिलाहरू सस्तो श्रमिकको रूपमा कारखानामा कामगर्न थाले । त्यहाँ मजदूरहरूको चरम शोषण थियो । पुरूष श्रमिक र महिला श्रमिकबीच असमानता थियो । मजदूरहरूको शोषण तथा महिला र पुरूष मजदूरबीचको विभेदका कारण संगठन र आन्दोलनको जन्मभएको हो ।

सन् १८४८ मा कार्ल मार्क्स र एंगेल्सले कम्युनिष्ट पार्टीको घोषणा पत्रमार्फत विश्वलाई बताउनु भयो कि महिलामुक्तिको अर्थ महिलाको सामाजिक हैसियतमा पूर्ण रूपान्तरण र उनीहरूको आर्थिक भूमिकामा क्रान्तिकारी परिवर्तन हो । महिलामुक्तिको प्रश्न एक अलग प्रश्न नभएर सामाजिक प्रश्नको एक महत्वपूर्ण हिस्सा हो र समाजको आधारभूत रुपान्तरण नभएसम्म महिला मुक्ति सम्भव हुँदैन । लैंगिक विभेदको कारण जैविक पक्ष नभई सामाजिक र आर्थिक पक्ष हो । वर्गीय आधारमा समाधान खोज्यौं भने मात्र महिलामुक्ति सम्भव छ ।

महिला मुक्तिका लागि विचार र सिद्धान्तमा आधारित सामुहिकता चाहिन्छ भन्ने मान्यतालाई आत्मसात गरी तत अनुरूपको आन्दोलनको जग राख्नेकाम भने मार्क्सवादीले गरेका हुन् । जसलाई हामी समाजवादी पनि भन्ने गर्दछौं ।

समाजवादी अगुवाहरूको नेतृत्वमा क्रान्तिका प्रमुख शक्ति मजदूरहरू र त्यसभित्र मजदूर महिलाहरूका आन्दोलन भए । ती आन्दोलनले अहिले अन्तर्राष्ट्रिय स्वरूप ग्रहण गरेको छ ।

आज विश्वभर ८ मार्चलाई जसरी अन्तर्राष्ट्रिय महिला दिवसको रूपमा मनाइन्छ यसको जग समाजवादी श्रमिक महिला आन्दोलनले राखेको हो र यस कार्यको नेतृत्व समाजवादी महिलाहरूले गरेका हुन । तसर्थ हामी गर्वका साथ भन्न सक्छौं र भन्नुपर्छ संगठित रुपमा महिला जागरणको बिउछर्ने कार्यको प्रारम्भकर्ता समाजवादी महिला आन्दोलन हो ।

शोषण र विभेदका विरूद्ध तथा महिलाहरूलाई विशेष सुविधाको मागसहित सन् १८५७ मा अमेरिकाको कपडा उद्योगमा कामगर्ने महिला श्रमिकहरूले निश्चित घण्टा कामको माग सहित प्रदर्शन गरेका थिए । यसको नेतृत्व समाजवादी नेताहरूले गरेका थिए । श्रमिकहरूको हक अधिकारकालागि समाजवादी महिलाहरूले गरेको यो पहिलो संगठित आन्दोलन हो ।

सन् १८८९ मा पेरिसमा श्रमिकहरूको अन्तर्राष्ट्रिय सम्मेलन भयो । यसमा महिला अधिकारको बारेमा विशेष गरी समानता र कामको समान ज्याला पाउनुपर्ने कुरा जोडदार उठ्यो ।

यसपछि समानता (सन् १८९० बाट) र महिला मताधिकारका लागि काम गरिरहेका संघ संगठनहरू एकजुट हुनथाले । परिणाम स्वरूप सन् १८९३ मा न्यूजील्याण्डका महिलाहरूले मताधिकार पाए । महिलालाई मताधिकार प्रदान गर्ने यो नै पहिलो देश हो ।

श्रमिक महिला आन्दोलन निरन्तर अगाडी बढिरह्यो । सन् १८९७ मार्च ८ का दिन उचित पारिश्रमिक र कामको निश्चित घण्टाको मागसहित न्यूयोर्कमा श्रमिक महिलाहरुले प्रर्दशन गरे ।

सन् १९०७ अगस्त १७ मा क्लारा जेटकिनको नेतृत्वमा पहिलो अन्तर्राष्ट्रिय समाजवादी महिला सम्मेलन स्टुडगार्डमा भएको थियो । यस सम्मेलनमा १५ देशका ५८ प्रतिनिधि सहभागी थिए । सम्मेलनले 'श्रमिक महिला संघ' स्थापना गऱ्यो ।

सन् १९०८ मार्च ८ मा न्यूयोर्कमा महिलाहरूले मताधिकारको माग राखेर प्रर्दशन गरेका थिए । सन् १९०९ मार्च ८ कै दिन शिकागो शहरका महिला समान अधिकारको मागसहित प्रदर्शनमा उत्रिएका थिए । आम महिलाहरूको प्रर्दशनले श्रमिक महिला आन्दोलनलाई थप बल प्रदान गरेको थियो ।

दोस्रो अन्तर्राष्ट्रिय समाजवादी महिला सम्मेलन कोपनहेगनमा स्न १९१० अगस्त २६-२७ मा सम्पन्न भएको थियो । यस सम्मेलनमा १७ देशका, फिनल्याण्डका ३ महिला सांसदसहित, १०० प्रतिनिधि सहभागी थिए । क्लारा जेट्किनले सम्मेलनमा महिला आन्दोलनलाई विश्वव्यापी बनाउन अन्तर ाष्ट्रिय स्तरमा महिला दिवस मनाउनुपर्ने प्रस्ताव राख्नु भयो । र, यो प्रस्ताव सर्वसम्मत पारित भयो । यसरी अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने कुराले संस्थागत रूप लिएको थियो । पहिलो अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस सन् १९११ मा अष्ट्रिया, डेनमार्क, जर्मनी र स्वीजरलैंडमा मनाइएको थियो । पछि यो विस्तार हुँदै गयो । र, महिला अधिकारको ओन्दालन पनि थप शसक्त रूपमा अगाडी बढ्दै गयो ।

संयुक्त राष्ट्र संघले यस दिनलाई औपचारिक मान्यता भने सन् १९७५ मा दिएको थियो । तबदेखि संयुक्त राष्ट्र संघले औपचारिक मान्यता दिएपछि यस दिवसको स्वरूपमा परिवर्तन आएको छ । कसैले अन्तर्राष्ट्रिय महिला दिवस भनेर मनाउन्छन् भने कसैले नारी दिवस त कसैले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस ।

नेपालमा पहिलो पटक धनकुटाका केही महिला शिक्षकहरूले वि.स. २०१७ मार्च ८ मा 'आइमाई दिवस' मनाएका थिए भन्ने दस्तावेज पाइन्छ । संयुक्त राष्ट्र संघले औपचारिक मान्यता दिइसकेपछि नेपालमा वि.सं. २०३३ बाट दरबारिया/घरानिया महिलाहरूले अन्तर्राष्ट्रिय नारी दिवस भनेर मनाउने गर्थे । कम्युनिष्ट/समाजवादी विचारधारा राख्ने महिलाहरूले गोप्य रूपमा वि.स.२०३४ सालबाट अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन सुरू गरेका थिए । २०३४ सालको महिला दिवस पारिजातको संयोजकत्वमा मनाइएको थियो ।

वि.स.२०४६ सालमा संवैधानिक राजतन्त्रात्मक बहुदलीय व्यवस्था आएपछि यो दिवस आम नागरिक तहमा मनाउन थालिएको हो । वि.स. २०४७ बाट सरकारी स्तरमा यो दिवस मनाउन थालियो । वि.स. २०५८ सालमा महिला

आयोग गठन भएपछि २०५९ र २०६० सालमा महिला आयोगको आयोजनामा कहिले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस त कहिले अन्तर्राष्ट्रिय महिला दिवस भनेर मनाइएको थियो ।

श्रम कानुन २०७४को दफा ४१ ले यस दिवसलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस भनी किटान गरेपछि श्रमिक क्षेत्रमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस भनेर मनाइने गरिएको छ भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अन्तर्राष्ट्रिय महिला दिवस भनेर मनाउने गरेको छ ।

वर्तमानमा महिला आन्दोलनको निरन्तरता स्वरुप केही अधिकार प्राप्त गरेको खुशीयालीमा उत्सव मनाउन, महिला साहस र संघर्षको इतिहासलाई सम्मान एवं स्मरण गर्न तथा समानतालागि दृढ संकल्पका साथ थप संघर्ष, संगठित, क्रियाशील र ऐकयबद्धताका लागि आह्वान गर्न आठ मार्चका दिन विश्वभरी अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउने गरिएको छ । र, हामी नेपालमा पनि यस दिनलाई जागरण दिवसको रूपमा मनाई रहेका छौं । यो वर्ष ११४औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनायौं ।

यस वर्ष सरकारले 'महिलामा लगानीः सभ्य र समुन्नत समाजको थालनी' भनेर राष्ट्रिय नारा तय गरेको छ भने संयुक्त राष्ट्र संघले 'महिलामा लगानीः विकासमा गति' भन्ने नारा तय गरेको थियो । यसबाट पनि स्पष्ट हुन्छ कि महिलाहरूको आर्थिक सामाजिक सशक्तिकरण बिना समाजको समुन्नत विकास हुन सक्दैन । तसर्थ, समाजको विकास गर्न महिलामा लगानी लगाउनुपर्छ । लगानी बढाउनु पर्छ । तब मात्र समाज अगाडी बढ्छ ।

नेपाली महिला आन्दोलन

नेपाली महिलाले विभिन्न कालखण्डमा आफूलाई शक्तिमा पुऱ्याउन वा सामाजिक परम्परा मान्न अस्वीकार गरेर असंगठित प्रयत्न गरेको र आवाज उठाएको पाइन्छ । तर, खुद्रामा होइन पूर्णतामा महिला वर्गलाई सामाजिक, आर्थिक र राजनीतिक अधिकार सम्पन्न बनाउन संगठित नेपाली महिला आन्दोलनको प्रेरक शक्ति राजनीतिक आन्दोलन हो । राजनीतिक आन्दोलनलाई

सफल बनाउन समाजको पींधमा रहेका समुदायलाई संगठित गर्न र उनीहरूमा अधिकारप्रतिको जागरण ल्यान आवश्यक थियो । त्यस कारण राजनीतिक संघ संगठनहरूले कुल जनसंख्याको आधा हिस्सा महिलाहरूको आन्दोलनमा अभिभावकीय भूमिका निर्वाह गरेका हुन् ।

सन् १९१७ तदनुरूप वि.सं. १९७४ मा सिराहामा सर्वप्रथम नेपाली महिलाहरू संगठित भएका थिए भन्ने दस्तावेज छ । कृष्णप्रसाद कोइरालाको सक्रियता र समन्वयमा महिला समिति बनेको थियो जसमा पाँच जना महिलाहरू योगमाया देवी (सभा नेतृ), दिव्यकुमारी देवी (दिव्या कोइराला) सेक्रेटरी, पूर्णकुमारी देवी (सेक्रेटरी), देवकुमारी देवी (सदस्य) र मोहनकुमारी देवी (सदस्य) रहनु भएको थियो । यो राजनीतिक चरित्रको संगठन थियो ।

वि.सं १९७४ मा नै योगमाया न्यौपानेको अध्यक्षतामा नारी समितिको गठन भएको इतिहास छ । भजन कीर्तनको माध्यमबाट विद्रोहको आवाज सशक्त ढंगले उठाउनु भएको थियो । धर्म र संस्कारका नाममा हुने शोषण, बालविवाह, बहुविवाहका विरूद्ध, बिधवा विवाहको पक्षलगायतका मुद्धाहरूमा उहाँले आन्दोलन गर्नुभएको थियो । यिनै मुद्धाहरूसहित नारी समितिले २४ बुँदे मागपत्र तत्कालिन प्रधानमन्त्री चन्द्र शमशेर समक्ष पेश गरेको थियो । माग पूरा नभएपछि चन्द्रशमशेरको मृत्युपश्चात योगमाया आफ्ना अनुयायीसँग काठमाडौँ आउनुभयो । जुद्ध शमशेर र उनकी पत्नीसँग वार्ता गर्नुभयो । धर्म सुधारको माग राख्नुभयो । धर्म सुधारको आश्वासन पाएपछि उहाँ पूर्व फर्कनुभयो । तर, उहाँका माग पूरा गरिएनन् । उल्टै वि.सं. १९९७ मा सरकारले चार जना क्रान्किारीहरूको हत्या गरेपछि योगमायाले कठोर निर्णय गर्नुभयो । वि.सं. १९९८ साल असारमा योगमायाले आफ्ना ६७ जना अनुयायीहरूका साथ विद्रोह स्वरूप अरुण नदीमा जल समाधी लिनुभयो । यसरी हेर्दा नेपाली महिला आन्दोलनमा योगमाया महिला स्वतन्त्रताको प्रतिक हुनुहुन्छ । चन्द्रकान्ता माथेमाको अगुवाइमा वि.सं. १९९३ माा काठमाडौको मखनमा कन्या विद्यालय स्थापना भएको थियो । विद्यालय स्थापनाबाट महिला आन्दोलनले अवश्य पनि एक खुडकिलो पार गरेको थियो । वि.स.२००४ मा राजनीतिक आह्वानमा नागरिक अधिकारको आन्दोलन भएको थियो ।

जुलुसमा महिलाहरूको व्यापक सहभागिता थियो । चार जना महिला साधना प्रधान, साहना प्रधान, कनकलता बज्राचार्य र स्नेहलता श्रेष्ठलगायत ३९ जना गिरफतार भएका थिए । राजनीतिक आन्दोलन होस्, मजदूर आन्दोलन वा महिला आन्दोलन सबै प्रकारका आन्दोलनमा नेपाली महिलाहरूले सधैं आन्दोलनको अग्र मोर्चामा रहेर काम गरे ।

मंगलादेवी सिंह अध्यक्ष, कामक्षा देवी उपाध्यक्ष र स्नेहलता श्रेष्ठ महासचिव को जिम्मेवारीमा रहेर वि.स. २००४ श्रावण २२ गते नेपाल महिला संघ गठन भएको थियो । वि.स. २००८ सालमा संघमा फूट आयो र पुण्यदेवी ढुंगानाले आफ्नो नेतृत्वमा अखिल नेपाल महिला संघ गठनगर्नु भयो । यसले विभिन्न मागसहित प्रहरी सेवामा महिला भर्तीको कुरा उठायो । २००८ सालमा नै १८ जना महिला प्रहरी सेवामा भर्ती भए । वि.स. २००८ सालमा महिला संघ फेरी विभाजित भयो । दुई धाराहरु एक प्रगतिशील धार र अर्को पूँजीवादी धार स्पष्ट देखा पर्‍यो । प्रगतिशील धारको नेतृत्व गर्दै कामक्षा देवीले अखिल नेपाल महिला संघको नाममा महिला आन्दोलनलाई पुर्गठित गर्नुभयो ।

वि.स. २००८ मा नेपाली महिलाहरुले मताधिकार प्राप्त गरे । वि.स. २०१० मा काठमाडौँ नगरपालिकाको निर्वाचन भयो । साधना प्रधान महिला सदस्यमा निर्वाचित हुनुभयो र पहिलो निर्वाचत महिला जनप्रतिनिधि बनेर इतिहास बनाउनुभयो । वि.स. २०१५ सालमा पहिलो आम निर्वाचन भयो । डडेलधुराबाट द्वारिकादेवी ठकुरानी निर्वाचित हुनुभयो । स्वास्थ्य राज्यमन्त्री बन्दै पहिलो महिला मन्त्री बनेर इतिहास रच्नुभयो । वि.स.२०१७ मा राजा महेन्द्रले कु गर्नुभयो । त्यसको विरोधमा फागुन ७ गते कालो झण्डा सहित प्रदर्शन गर्दा शैलजा आचार्य, उमा देवी र गौरी राणा गिरफ्तार हुनुभयो । नेपालको महिला आन्दोलनमा मात्रै होइन प्रजातान्त्रिक आन्दोलनमा नेपाली महिलाहरूले गौरवपूर्ण भूमिका खेलेका छन् । सबै संघ संगठन प्रतिबन्ध भए ।

वि.स.२०३४ मा पारिजातको नेतृत्वमा महिला संघ पुनर्गठन भयो । २०३७ फागुन १७ गते शान्ता मानवीको संयोजकत्वमा स्वस्ती बर्जाचार्य, जया घिमिरे, राधा ज्ञवाली, संजिता गिरी, शारदा मैनाली र कमला राई सात सदस्यीय अखिल नेपाल महिला संघ केन्द्रीय तयारी समिति बन्यो ।

वि.स. २०५२ साल फागुन १ गतेदेखि देखि २०६३ मंसीर ५ गतेसम्म चलेको माओवादी जनयुद्धमा महिलाहरूले गरेको अभुतपूर्व योगदान र बलिदानले नेपाली महिला आन्दोलनलाई थप समृद्ध र उचाइमा पुऱ्याएको छ ।

जयन्ती राईको नेतृत्वमा अखिल नेपाल महिला संघ (समाजवादी), टुका हमालको नेतृत्वमा अखिल नेपाल महिला संघ, अमृता थापाको नेतृत्वमा अखिल नेपाल महिला संघ (क्रान्तिकारी), बन्धु चन्दको नेतृत्वमा अखिल नेपाल महिला संघ (क्रान्तिकारी), जनक कुमारी चालिसेको नेतृत्वमा अखिल नेपाल प्रगतिशील महिला संघ, मिना पुनको नेतृत्वमा अखिल नेपाल महिला संघ, धनकुमारी सुनारको नेतृत्वमा वैज्ञानिक समाजवादी महिला संघ, अम्बिका मुडभरीको नेतृत्वमा क्रान्तिकारी महिला संगठन नेपाल आदि समाजवादी समाज स्थापनार्थ क्रियाशील छन् । र, नेपाली समाजवादी महिला आनदोलनलाई अगाडी बढाईरहेका छन् ।

यसरी समयसमयमा महिला आन्दोलन गठन, विघटन, पुनर्गठन हुँदै प्रजातन्त्र र गणतन्त्र ल्याउने आन्दोलनमा आफुलाई अग्रिम मार्चामा उभ्याउन सफल भएको छ ।

नेपाली महिलाहरुले महिला आन्दोलनसँगै श्रमिक आन्दोलन, पेशागत आन्दोलनमासमेत उल्लेखनीय भूमिका निर्वाह गरेर राजनीनिक अधिकारको आन्दोलनमा समेत उल्लेखनीय भूमिका निर्वाह गरेका छन ।

आन्दोलनबाट प्राप्त उपलब्धि

वि.स. २०७२ मा जारी नेपालको संविधानले समानता, सकारात्मक विभेद, र विशेष संरक्षणको नीति अवलम्बन गरेको छ भने सारभूत समानतामा जोड दिएको छ । समानुपातिक समावेशी सिद्धान्तलाई अंगिकार गरेको छ । संविधानको प्रस्तावना मै 'लैंगिक विभेद अन्त्य गर्ने' भनिएको छ ।

संविधानको धारा ३८ मा मौलिक हकको रूपमा महिलाको हकको व्यवस्था गरिएको छ । संविधानले लैंगिक समानतालाई राज्यको निर्देशक सिद्धान्तको रूपमा स्वीकार गरिएको छ ।

नीति निमार्ण र कानुन बनाउने स्थान संघीय संसद र प्रदेश सभामा कम्तीमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व अनिवार्य हुनुपर्ने संवैधानिक व्यवस्था छ । राज्यको सर्वोच्च पद राष्ट्रपति र उपराष्ट्रपति मध्य एक जना फरक लिङ्ग वा फरक समुदायको हुनु पर्ने संवैधानिक व्यवस्था छ। कानून बनाउने थलो प्रतिनिधि सभाको नेतृत्व सभामुख र उपसभामुख मध्य एक जना महिला हुनुपर्ने संवैधानिक व्यवस्थाका कारण ओनसरी घर्ती मगरले पहिलो महिला सभामुख हुने अवसर प्राप्त गर्नु भयो । कानून बनाउने अर्को थलो राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष मध्य एक जना महिला हुनुपर्ने व्यवस्था छ। त्यसरी नै प्रदेश सभामा पनि सभामुख र उपसभामुख मध्य एक जना महिला हुनुपर्ने व्यवस्था छ। बढीमा नौ जना सदस्य रहने व्यवस्था सहितको जिल्ला समन्वय समितिमा कम्तीमा तीन जना महिला सदस्य हुनुपर्ने व्यवस्था छ। पालिकाको प्रमुख उपप्रमुख मध्य एक महिला हुनुपर्ने व्यवस्था छ । महिलाहरुको समग्र विकास गर्न र अधिकार सम्पन्न बनाउन संवैधानिक महिला आयोग छ। यो महिला आन्दोलनको उपलब्धी हो ।

सरकारी सेवामा महिला प्रतिनिधत्व बढाउन केही सकारात्मक व्यवस्था गरिएका छन् । निजामती सेवा ऐन, २०४९ मा निजामती सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्य ४५ प्रशितत पद छुट्याई त्यस्तो पदमा महिलालाई ३३ प्रतिशत आरक्षण गरिएको छ । महिलालाई निजामती सेवा प्रवेशमा उमेरको हद ४० वर्ष कायम गरेको, परीक्षण कालको अवधी ६ महिना रहने र बढुवाको लागि एक वर्ष सेवा अवधी कम गरी महिला सहभागितालाई प्रोत्साहन गर्न खोजिएको छ । संवैधानिक निकायका पदहरुमा समेत महिला समावेशीताको व्यवस्था गरिएको छ । अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनबाट पनि नीति निमार्ण र निर्णय प्रक्रियामा महिलाको सहभागिता बढ्दो क्रममा छ। साथै महिलाहरू उत्पादनको क्षेत्रमा लागेर आत्मनिर्भर बन्दै राज्यको अर्थतन्त्र विकासमा योगदान दिइरहेका छन् ।

चुनौतीहरू:

१. राजनीतिक अधिकार प्राप्तिमा नै सामाजिक मुक्ति हुने भए सार्वभौम मताधिकार कायम भएका देशहरूमा सामाजिक समस्या हुने नै थिएन । महिला राष्ट्रपति, सभामुख र प्रधान न्यायधीश हुँदैमा महिला समानता

कायम हुने भए हाम्रो मुलुकमा एकै समयमा राष्ट्रपति, सभामुख र प्रधान न्यायधीश महिला थिए । महिला मुक्तिको प्रश्न एक पृथक प्रश्न नभएर ठूलो सामाजिक प्रश्नको एक हिस्सा हो । लैंगिक भेदभावको प्रमुख कारण उत्पादनका साधनमाथि महिलाहरुको पहुँच नहुनु हो । नियन्त्रण नहुनु हो । आर्थिक असमानता र पुरुषमाथि आर्थिक निर्भरताले सामाजिक सम्बन्धमा विभेद र अन्तर भएको हो । आर्थिक परनिर्भताले महिला र पुरुष वर्गको उत्पत्ति भएको छ । वर्गको उत्पत्ति नै पितृसत्ताको जन्मको कारक हो । तसर्थ, अबको मुख्य चुनौती पितृसताको अन्त्य र त्यसकालागि महिलालाई उत्पादक शक्तिमा कसरी रूपान्तरण गर्ने भन्ने नै हो ।

अन्य चुनौती

- बेरोजगारी र गरीबी
- तीव्र गतिमा बढोतरी भइरहेको भ्रष्टाचार
- विश्व युद्ध, परमाणु युद्धको खतरा ।
- दलाल पूँजीपति वर्गका राजनीतिक प्रतिनिधिहरुले नेपाललाई उपभोक्ता समाज बनाएका छन । परिणाम उद्योग, कलकारखाना स्थापना हुन सकेका छैनन । अवसरको अभावमा युवा पलायन भयावह बन्दैछ ।
- आर्टिफिशियल इन्टिलिजेन्सका कारण विश्वले नयां नयां समस्याहरु सामना गर्नु पर्ने भएको छ । नेपाल पनि यसबाट अछुतो रहन सक्ने छैन ।
- जलवायु परिवर्तनले पारेको प्रभाव
- आर्थिक उदारीकरण र निजीकरणले श्रमिकको काम र जीवनलाई बनाएको असुरक्षा ।
- श्रम नीति, कानून, सामाजिक अवधारणा र दृष्टिकोणहरू अपैक्षित रूपमा लैंगिक मैत्री नहुनु ।
- सामन्ती कुसंस्कार, अन्धविश्वास, मूल्य र मान्यताद्धारा महिलामाथि हुने शोषण र उत्पीडन अझैं विद्यमान हुनु ।
- घरेलु कामको सम्पूर्ण जिम्मेवारी महिलाको मात्रै भन्ने मानसिकता र व्यवहारमा परिवर्तन नहुनु ।

- रोजगारीको अवसर, सेवा र सुविधामा महिला विरूद्ध असमानता विद्यमान हुनु ।
- रोजगारी सम्बन्धी व्यवस्थापन वा नीति निमार्णको तहमा महिलाहरूको सहभागिता अत्यन्त न्यून हुनु ।
- मातृत्व संरक्षण र शिशु स्याहारको उचित व्यवस्था नहुनु ।
- कार्यक्षेत्र सामाजिक दृष्टिकोणबाट सुरक्षित बन्न नसक्नु । जति बेला पनि महिला असुरक्षित छन् भन्ने मानसिकता हुनु ।
- संगठनको नेतृत्व, नीति र कार्यक्रम अपेक्षित मात्रामा लैंगिक मैत्री नहुनु ।
- महिला नेतृत्व निमार्ण, विकास र निरन्तरताको लागि तहगत रूपमा उचित र आवश्यक पहल नहुनु ।
- महिलाका समस्या महिलाका मात्रै हुन भन्ने परम्परागत सोच यथावत रहनु ।
- स्वयम् महिलाहरुमा प्रतिस्पर्धी पहलकदमीको मानसिकता कमजोर हुनु ।
- सम्मानको समस्या ।
- योग्य छु भन्न र सिद्धगर्न पटकै पिच्छे परीक्षण गरिनु ।

समाजवादी महिला आन्दोलनका मुद्दा र कार्यक्रमहरू

- दलाल नोकरशाही पूँजीवादी शोषण, दमन र उत्पीडन तथा साम्राज्यवादी हस्तक्षेपका विरूद्ध संघर्ष गर्दै स्वाधिन राष्ट्रिय अर्थतन्त्रको जगमा अडिएको समृद्ध नेपाल निमार्णको अभियान सञ्चालन गर्नु ।
- महिला मुक्तिकालागि संघर्षको राजनीतिक आर्थिक महत्व हुन्छ । श्रमिक अर्थात् मेहनतकश जनताको संघर्षमा महिला मुक्ति आन्दोलनलाई जोड्ने ।
- न्यायपूर्ण र समतामूलक समाज निमार्णगर्न उत्पादनका साधनमाथि सामुहिक स्वामित्व हुने प्रणाली लागुगर्न समाजवादी पार्टीलाई बलियो बनाउने ।
- सामन्तवादको अवशेषका रूपमा रहेका कुरीति, अन्धविश्वास र रुढीवादको समूल अन्त्यका लागि सामाजिक सांस्कृतिक रुपान्तरण अभियान संचालन गर्ने ।

- बढ्दो महिला हिंसा र दण्डहिनताका विरुद्ध सशक्त आवाज उठाउने
- प्राप्त उपलब्धीको रक्षा र राज्यका सबै तह र संरचनामा न्यूनतम ५० प्रतिशत महिला सहभागिताका लागि एकताबद्ध महिला आन्दोलनलाई सुदृढ बनाउने

सन्दर्भ सामग्री :

१. युवा महिला आवाज, वर्ष १, अंक १, २०५९ साल बैशाख/प्रकाशक, प्रजातान्त्रिक राष्ट्रिय युवा संघ, नेपाल

२.. प्रेरणादायी महिलाहरु, प्रकाशक, मोती देवी स्मृति केन्द्र

३. सम्झनामा साधना, प्रकाशक-केन्द्रीय महिला विभाग, नेकपा (एमाले)

४. निर्वाचन आयोग, नेपालको साह्रों वार्षिक प्रतिवेदन २०७८/७९

५. विद्रोह, पुगर्ठन र वैज्ञानिक समाजवाद, २०७९, असोज, झलनाथ खनाल/जे एन फाउण्डेशन फर पीस डेभलपमेण्ट एण्ड सोसोलिज्म

६. अबको श्रम आन्दोलन र श्रम कानून, प्रेमलकुमार खनाल

७. नेपाली श्रमिक आन्दोलनमा महिला सहभागिता, विन्दा पाण्डे/नेपाल ट्रेड यूनियन महासंघ

❖❖❖

नेपाली वामपन्थको असहज यात्रा



हरि रोका
अर्थ राजनीतिक विश्लेषक

वामपन्थ के हो ?

वामपन्थ आम श्रमजीवी वर्गको सामाजिक न्याय, समानता तथा अधिकार दिगो र भरपर्दो बनाइनु पर्छ भनेर वकालत गर्ने विचारधारा हो । अर्थशास्त्री बेरी क्लार्कका अनुसार वामपन्थ त्यसवेला संभव हुन्छ जव हरेक मानिस व्यक्तिगत अहम त्याग्दै शक्ति र सम्पत्तिको पछि नदगुरेर समाजमा आपसी सहयोग, सद्भावपूर्ण संवन्ध स्थापित गर्न पहल गर्छन[1] । वामपन्थ समाजमा विद्यमान अन्यायपूर्ण असमानताको अन्त्य नभए पनि कम गर्नका लागि उपायको खोजी गर्ने सिद्धान्तका रुपमा ग्रहण गरिन्छ ।

वामपन्थ (leftism) भन्नासाथ सिद्धान्त, विचार, आन्दोलन, जानकारी अथवा सम्पूर्ण समाजको पक्षमा गरिने राजनीति हो भनेर बुझिने शब्द हो । अर्को अर्थमा 'समाजवादी आदर्श' सँग जोडिएको राजनीति भनेर पनि वामपन्थलाई बुझ्ने गरिन्छ । वामपक्षीय विचारधारा भन्नासाथ सामाजिक समानता तथा सर्वपक्षीय सुरक्षा अर्थात सामाजिक उचनिच (social hierarchy) तथा भेदभाव र असमानता विरुद्धको संघर्ष गर्ने विचारधाराको रुपमा व्याख्या भनेर पनि वामपन्थलाई बुझिन्छ । यद्यपि वामपन्थको ऐतिहासिकता सन् १७८९ को जुलाईबाट सुरु हुनु पुग्यो । फ्रान्सेली क्रान्तिपछि स्थापित संसदमा लेफ्ट वीङ र राइट-वीङ शब्द भित्रियो । फ्रेन्च इतिहाँसकार मार्सल गचेटको (Marcel Gauchet) निवन्ध "राइट एण्ड लेफ्ट" अनुसार वाम तथा दक्षिणपन्थी पक्षधरताको परिचायक शब्द बन्न पुगेका यी शब्द रुसमा सम्पन्न बोल्सेभिक क्रान्तिपछि पनि प्रचलनमा आइरह्यो ।[2]

मार्क्सवादी र गैरमार्क्सवादी वामपन्थ

मार्क्सवादीहरु पूँजीवादी मुलुकहरुमा सर्वहारावादी क्रान्ति सम्पन्न गरिनु पर्छ भन्ने मान्यता राख्छन, जो विश्वक्रान्ति कै एउटा पाटो हो । यस्को सोझो अर्थ हो– पूँजीवादी बुर्जुवाहरुको स्थानमा श्रमजीवि बर्गको राज्यमाथि नियन्त्रण । पुराना

1 Clark, Barry(1988), Political Economy: A comparative Approach. Westport, Connecticut: Praeger Press.

2 Carlisle, Madeline, (September 14, 2019) 'What to Know About the Origins of 'Left' and 'Right' in Politics, From the French Revolution to the 2020 Presidential Race, The Surprising Origins of 'Left' and 'Right' in Politics | Time

मार्क्सवादीहरु अझ के पनि सोच्दछन भने पूँजीवादको विकास भएको मुलुकमा मात्र सर्वहारावादी क्रान्ति सम्पन्न हुन सक्छ। भ्लादिमिर इल्लिच लेनिनले पेशेवर क्रान्तिकारीहरु रहेको संस्थागत र सांगठानिक शक्तिले मात्र क्रान्ति सम्पन्न गर्न संभव हुन्छ भन्ने विचारलाई अभ्यास मार्फत प्रस्तुत गरेका थिए।

समाजमा व्याप्त अन्याय र शोाषण समाप्त पार्न कार्ल मार्क्स तथा उन्का सहयात्री फ्रेडरिक एंगेल्सले सामाजिक संरचनाको परिवर्तनको मात्र कुरा गरेका थिएनन् समाज रुपान्तरणकालागि विद्यमान उत्पादन पद्धति (mode of production) मै परिवर्तन ल्याउनु पर्ने बताएका थिए। चर्चित गोथा प्रोग्रामको आलोचना गर्दै मार्क्सले भनेका थिए, पूँजीवादी समाजकै गर्भवाट समाजवादी समाजको जग बसाल्न समाज त्यतिवेला आतुर हुन्छ जब पूँजीवादी शोषण र अत्याचारका बिरुद्ध त्यही समाजमा कृयाशील ब्यक्ति तथा शक्तिहरु आर्थिक, नैतिक तथा बौद्धिक रुपमा लडाँइ लड्न तयार हुन्छन। उत्पादनका साधनहरुको सामुहिक स्वामित्वमाथि सामान्य मानिसहरुको सहकारी समाज निर्माण गर्दै ब्यक्ति श्रमिकबाट कूल श्रमिकमा (component part of total labour) रुपान्तरण गर्ने सामुहिक योजना तयार पारेर त्यस्तो वातावरणयुक्त जग तयार पार्न सकिन्छ। यस्ले स-साना उत्पादकहरु आफै संगठित उत्पादन पद्धतिमा समहित हुन पुग्छन र श्रमिकहरुसँग सहकार्य गर्न लालायीत हुन्छन। वास्तवमा सर्वसाधरण जनताका लागि आवश्यकता अनुसार उत्पादनका साधनहरु माथि पहुँच भएपछि मात्र साम्यवादी समाजको जग बसाल्न सकिन्छ। त्यसले मात्र सम्पूर्ण समाजकालागि "प्रत्येकको आवश्यकता अनुसार र हरेकको योग्यता अनुसार" वितरण संभव हुन सक्छ[3]।

मार्क्सका लागि 'समाजवाद' पूँजीवादवाट साम्यावादमा संक्रमण हुने संक्रमणकालीन अवस्था हो। समाजवादी अवधिमा पूँजीवादका अनेकन चरित्रहरु फेरिन्छन। खासगरी पूँजीवादी उत्पादनको चरित्र, बजार संयोजन गर्ने बिषय र पूँजी सञ्चितीको बिषय फेरिन्छन। मजदुरी गर्ने श्रमिकहरु

3 Campbell, Al (2012), ' Socialism, communism and revolution', in The Elgar Companion to Marxist Economics', edited by Ben Fine, Alfredo Saad Filho, and Marko Boffo, Edward Elgar.

श्रम बेच्ने व्यक्तिबाट स्वतन्त्र नागरिक बन्नेछन । किनभने समाजवादी संक्रमणकालमै उत्पादनका साधनहरुको सामाजिकीकरण भईसक्नेछ र समाजको आवश्यकता पूर्ती गर्न गरिने उत्पादनमा श्रमजीवीहरुको निर्णायक भूमिका भईसक्नेछ । यी सवै काम सम्पूर्ण समाजमा विद्यमान जाग्रित चेतना तथा योजनावद्ध सहकार्यमा सवैको हितमा निर्णय लिने परम्परा बसालिइ सकेको हुनेछ। राजनीतिक रुपमा यो समाजवादी आर्थिक प्रणाली श्रमजीवी जनताको लोकतान्त्रिक पद्धति अर्थात श्रमजीवीहरुको बहुमतको आधारमा निर्णय लिइनेछ (Campbell; 2012)।

गैर मार्क्सवादी वामपन्थीहरु आर्थिक रुपमा जोन मिनियार्ड किन्सको अर्थशास्त्रका अनुयायीहरु हुन । उनीहरु औद्योगिकरण मार्फत लोककल्याणकारी राज्य स्थापना गर्न चाहन्छन । अनि केन्द्रिकृत योजना अनुसार बजारको सामाजिकीकरण तथा राष्ट्रियकरण गर्छन। यसको अर्थ सामाजिक जनवादीहरु अर्थतन्त्रको सवलीकरणका लागि व्यक्तिको अधिकारलाई एकातर्फ अक्षुण राख्न पनि चाहन्छन र अर्कोतर्फ बजारमा आवश्यकता अनुसार राज्यको हस्तक्षेप पनि ।

वामपन्थीहरुले प्रकृतिको अत्यधिक दोहनको विरुद्ध सशक्त आवाज उठाउदै आइरहेका छन । त्यसैगरी वित्तियभूमण्डलीकरणको विपक्षमा आफ्नो मत जाहेर गर्दै आएका छन । उनीहरु आमरुपमा श्रमजीवी बर्गको हित रक्षा खासगरी आधारभूत आय आर्जन (basic income) उपलब्ध गराएर न्याय दिलाउने कुराको वकालत गर्दै आएका छन् । पछिल्लो समय खासगरी सोभियत संघको बिघटन र पूर्वीयरोपेली समाजवादको पतनपछि यी सवै बिषयका उठानहरु कमजोर बन्दै गए ।

मार्क्सवादी वामपन्थी र सामाजिक वामपन्थीहरु बाहेक पनि आफुलाई वामपन्थी भन्नेहरुको संख्या ठूलै छ । विविध विचार, आ-आफ्नै रणनीति र कार्यनीति बोकेका वामपन्थीहरु निश्चित कार्ययोजनालाई सफलीभूत बनाउन आवश्यक ठानेमा कहिलेकाँही एकजुट पनि भईहाल्छन र अधिकांस समय एकअर्का बिरुद्ध खनिइ पनि रहन्छन । जस्तो समानुपातिक निर्वाचन पद्धति भएका मुलुकहरुमा दक्षिणपन्थी गठबन्धनका विरुद्ध न्युनतम सहमतिको कार्यक्रममा वामपन्थीहरु एकजुट भएर चुनाव लड्छन र अरुवेला आपसमा कलह पनि गरीरहन्छन ।

यसको अर्थ वामपन्थीहरु एकै जात र सम्प्रदायका छैनन् र नहुन पनि सक्छन । त्यसैले वामपन्थी भन्नासाथ एकरुप हुन्छन भन्ने हुँदैन । उनीहरु मध्ये कोही सन्तुलित, कोही क्रान्तिकारी, कोही सुधारवादी र कोही उग्रवामपन्थी पनि हुन सक्छन । त्यो उनीहरुले अपनाउने रणनीति र कार्यनीतिमा भर पर्छ ।

नेपाली मध्यपन्थको दक्षिणपन्थी रुपान्तरण

नेपालमा पनि भिन्न भिन्न किसिमका वामपन्थीहरु अस्तित्वमा रहँदै आए । एकसय चार बर्षको जहानीया सामन्तवादी राणा शासनको अन्तपछि नेपाली राजनीतिमा ३ वटा प्रबृतिहरु देखा पर्दै आएका छन । पहिलो, यथास्थितीवादी दक्षिणपन्थी शक्ति । दोश्रो,सुधारवादी मध्यपन्थी र तेश्रो, वामपन्थी शक्ति । राणा शासनपछिको प्रजातान्त्रिक कालमा राणा शासनका भाइ-भारदारहरुको सकृय सहभागितामा गोरखा परिषदले यथास्थितिवादको पक्षपोषण गर्ने शक्तिका रुपमा आफुलाई उभ्यायो । २०१७ सालको कू-देता पश्चात राजा महेन्द्र आफैँले शासन हातमा लिए र पञ्चायतका नाममा हुकुमी शासन सञ्चालन गरे । २०४६ को पहिलो जनआन्दोलन पछि राष्ट्रिय प्रजातन्त्र पार्टी दुई कित्तामा विभाजित भएर यथास्थितिवादी दक्षिणपन्थीका रुपमा संसदीय परिपाटीमा उत्रियो । यद्यपि यी दुई पार्टी नै दक्षिणपन्थी यथास्थितिवादका पृष्ठपोषक थिए ।

२०४६/४७ को जनआन्दोलनको अगुवाई गरेको नेपाली कांग्रेस त्यसअघि प्रजातान्त्रिक समाजवादी थियो । बेलायतको लेवर पार्टी, राममनोहर लोहिया तथा जयप्रकाश नारायण लोहियाको सोसिलिष्ट पार्टी, वा तात्कालीन पश्चिम जर्मनीका वीली ब्राण्टले नेतृत्व गरेको जर्मन सोसिलिष्ट पार्टी जस्तो नेपालमा नेपाली कांग्रेस आफुलाई प्रजातान्त्रिक समाजवादी भन्ने गर्थ्यो । उसको आर्थिक नीति माथि उल्लेखित किन्सवादको लोककल्याणकारी राज्यको अवधारणासँग मेल खान्थ्यो । भूमिसुधार, राज्यको दायित्वभित्र शिक्षा र स्वास्थ्यको जिम्मेवारी, आम मानिसको पक्षमा खाद्य सुरक्षा उस्का मुध्दहरु थिए । तर २०४८ को आम चुनावमा संसदमा एकल बहुमत हाँसिल गरेर सत्तारुढ हुन पुगेपछि उसले लोककल्याणकारी राज्यका सारा मुध्दालाई तिलाञ्जली दियो र नवउदारवादी बजारको खुला पक्षपोषणमा उत्रियो । अर्को शब्दमा भन्नु पर्दा बृहत मन्दीअघिको लेसेजफिएर अर्थशास्त्रको

पक्षपोषणमा नीतिगत रुपमै उ ओर्लियो । उदारीकरण, नीजिकरण तथा भूमण्डलीकरणको नीति अख्तियार गर्दै कमजोर भूमिका सहितको राज्य (minimalist governance) उस्को आदर्श बन्न पुग्यो । यस्तो नीति अख्तियार गर्ने राजनीतिक शक्ति विगतमा दक्षिणपन्थी कहलाइन्थे । नेपाली कांग्रेसले जसरी बजारलाई उदार बनायो त्यसपछि ऊ उदारवादमा विश्वास गर्ने दक्षिणपन्थी यथास्थितिवादी पार्टीमा रुपान्तरण हुँदै गयो । यद्यपि यस्का केही नेता कार्यकर्ताहरुले प्रजातान्त्रिक समाजवादको नाराको रटान लगाई रहन्छन । लोकपृयता कायम राखिरहन लोककल्याणकारी केही कार्यक्रमहरुलाई हल्का-फूल्का रुपमा प्रस्तुत पनि गरिरहन्छन तर उस्का मूलभूत राष्ट्रिय नीति दक्षिणपन्थी रहेको कुरामा कुनै द्विविधा राख्न जरुरी छैन ।

नेपाली कांग्रेसपछि मध्यपन्थी च्याडिकल पार्टीका रुपमा केही पार्टीहरु देखा परे । जस्तो विवेकशील पार्टी । तर अति दक्षिणपन्थी व्यक्तिको नेतृत्वमा बनेको साझासँगको मेलमिलापले विवेकशील पार्टीको अस्तित्व ओझेलमा पऱ्यो । पूर्वमाओवादी नेता वावुराम भट्टराईले मार्क्सवाद असान्दर्भिक भएको भन्दै मध्यपन्थी राजनीति गर्न नयाशक्ति पार्टी निर्माण गर्न प्रयत्न गरे त्यसको पनि अस्तित्व जोगिन सकेन । हाल पुराना पार्टीहरुको गैर-सैद्धान्तिक गैर-राजनीतिक चरित्रका कारण विकल्प खोजिगरिरहेका मानिसहरुको चेतलाई भजाएर राष्ट्रिय स्वतन्त्र पार्टी चौथो शक्तिको रुपमा सतहमा आएकोछ तर यो पार्टी पनि मध्यमार्गवाट दक्षिणपन्थ तर्फ अग्रसर पार्टी हो भन्ने उनीहरुका भनाइ र संसदमा उनीहरुको राजनीतिक तथा आर्थिक प्रस्तुती हेर्दा थाहा लाग्छ ।

२०६२/६३ को दोश्रो जनआन्दोलनपछि केही क्षेत्रीय पार्टीहरु जन्मिए जस्तो मधेसी फोरम, तराइ मधेस लोकतान्त्रिक पार्टी । यिनीहरुले सुरुमा र अहिलेसम्म पनि आफुलाई लोककल्याणकारी पार्टी नै भन्ने गर्छन । यथार्थमा यिनीहरुले मध्यमार्ग भन्दा दक्षिणपन्थ तर्फ नै उन्मुख रहेको व्यवहारमा प्रस्तुत गरिरहेका छन । अहिले नयाँ नाममा पार्टीलाई अगाडी बढाउन खोजे पनि राजनीति एजेण्डामा कुनै नयापन देखिन्न । यीनका अलावा केही अन्य क्षेत्रिय पार्टीहरु पनि २०७९ को निर्वाचनमा राजनीतिक बजारमा देखापरेका छन । जस्तो

जनमत पार्टी, लोकतान्त्रिक समाजवादी, नागरिक उन्मुक्ति पार्टी आदि । यी राजनीतिक दलहरु राजनीतिक दर्शन र राष्ट्रिय भन्दा पनि जातिय र क्षेत्रिय मुद्धाहरुमै केन्द्रित हुने गरेकाछन ।

मार्क्सवादी वामपन्थको दक्षिणपन्थी यात्रा

बि.सं. २००६ सालमा गठन गरिएको नेपाल कम्युनिष्ट पार्टी नै आजसम्म अस्तित्वमा रहेका मार्क्सवादी वामपन्थीहरुको मातृसंगठन हो । त्यो गठन हुँदा त्यसले नेपाली कांग्रेसको तुलनामा सामन्तवाद विरोधी स्पष्ट रणनीति र दीर्घकालिन लक्ष्य बोकेको थियो । मजदुर र किसानको हक हित र सुरक्षाको ग्यारेन्टी, बर्गीय प्रतिवद्धता जाहेर गरेको थियो । उसले आफ्नो पहिलो दस्तावेजमा निम्नानुसार जनतालाई आह्वान गरेको थियो....

..... " मजदुरलाई आफ्नो रोटी र तलव बढाउन र महँगी भत्ता बढाउनको निम्ति लड्नु पर्छ, यसकारण उ नागरिक स्वतन्त्रता चाहन्छ, किसानलाई आफ्नो भोक हटाउन,आफ्नो बालिनालीको (फसल) भाउ बढाउन, ज्याला बढाउन (अँधियामा उचित भाग पाउन र जमिनको हकको निम्ति लड्नु पर्दछ। यसकारण किसानहरु नागरिक स्वतन्त्रता चाहन्छन । विद्यार्थीलाई बिना फिस वा कम फिसमा उच्च दर्जाको शिक्षा पाउन संघर्ष गर्नु पर्दछ । यसकारण उ नागरिक स्वतन्त्रता चाहन्छ । नारी महिलालाई आफ्नो दोहोरो दासत्वको विरोधमा लड्नु पर्छ । यसकारण नागरिक स्वतन्त्रता चाहन्छन ।" राणाहरुको बिरुद्ध अन्तिम लडाँइ चलिरहेको बखत नेकपाले आम जनतालाई आह्वान गर्दै लेखेको थियो, " नेपाली जनताको नागरिक स्वतन्त्रताको लडाँई एउटा क्रान्तिकारी लडाँई हो यसकारण यो लडाँई अहिंसात्मकसम्म मात्र सीमित हुनु हुँदैन, हरेक टोल, हरेक सहर, हरेक गाँउ, हरेक जिल्ला, हरेक स्कूल र कलेज, हरेक कलकारखानाहरुमा नागरिक स्वतन्त्रताको क्रान्तिकारी समिति बनाऊ ! राणाशाहकिो जनविरोधी नीतिको खुलम खुल्ला विरोध गर !" [4]

सारमा नेपाली कम्युनिष्ट वामपन्थीहरुले आम जनतासँग सरोकार राख्ने आर्थिक,

4 (नेकपा २०७०, २००६: ४, साभार महेश मास्के नेपाली कम्युनिष्ट आन्दोलनः सिंहावलोकन र समकालिन चुनौतिहरु, बर्ष १ अंक १ २०७९ वैशाख, वामपन्थ त्रैमासिक प्राज्ञिक पत्रिका)।

सामाजिक, राजनीतिक, सांस्कृतिक अधिकारका लागि लड्ने प्रतिवद्धता आज भन्दा झण्डै साढे सात दशक अघि नै जनाएका थिए । गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य, स्वदेशमै रोजगारी, सार्वजनिक यातायात र सञ्चार लगायतका सर्वाजनिक बस्तु तथा सेवामा सामान्य मानिसको पहुँच व्यवस्थापन गर्नु पर्छ भन्ने लक्ष्य निर्धारण गरेका थिए । यद्यपि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) १३ बर्ष पुरा नगर्दै विभाजित (बिसं २०१९) हुन पुग्यो र २०३५/३६ को विद्यार्थी आन्दोलन नहुँदा सम्म अनेकन चिरामा विभाजित रह्यो ।

विभिन्न आरोह अवरोह पार गर्दै आएको मार्क्सवादी वामपन्थ आज पनि नेपालको एक सशक्त शक्ति हो । वि.सं २०५१ देखि हालसम्म नेपाली कम्युनिष्टहरु पटक-पटक सत्तामा पुगे । आज पनि कम्युनिष्ट कै नाममा सत्ताको नेतृत्व गरिरहेछन । विपक्षमा पनि उनै छन । तर यसको भूँई अति तिव्र गतिमा खस्किरहेको देखिँदैछ । सत्तारुढ हुँदा स्वघोषित वामपन्थीहरुले आफ्नो दलको पुरानो विचारधारात्मक लक्ष्यलाई किन भजाउन सकेनन ? वामपन्थको जनतामा राम्रो साथ र सहयोग हुँदा हुँदै परिवर्तनको मार्ग किन पहिल्याउन सकेनन् ? आजको सन्दर्भमा वामपन्थको के अर्थ हुन्छ ? परिवर्तनका लागि संस्थागत पहल कसरी गर्ने भन्नेवारे अन्यौल छ । वा सत्तामा पुगे पनि राज्यमा पूर्ण पकड नभएर लक्ष्य अनुसार परिवर्तनको पक्षमा काम गर्न नसकिएको हो ? वा वुर्जुवा लोकतन्त्रलाई बदल्न गएको तर सत्ता स्वार्थको गुलियो चास्नीमा आफैँ बर्ग उत्थान वा नया बर्गमा रुपान्तरित भएर हो ? यी यावत प्रश्नहर आज नेपाली वामपन्थ भित्र उठिरहेका छन् ।

केही सैद्धान्तिक, कार्यक्रमिक तथा सांगठानिक छलफल

फ्रेन्च दार्शनिक एटनी बलिवारले कम्यूनिष्ट प्रतिबद्धता, कल्पना र राजनीतिमाथि बिहंगम दृष्टिकोण राख्दै कम्यूनिष्टवारे आफ्ना धारणा यसरी पस्किएकाछन, “संसार बदल्न इच्छा राख्ने मान्छे कम्यूनिष्ट हो । उसले/उनले सवैभन्दा पहिला आफुलाई बदल्छन । समाजमा विद्यमान मूल मुद्धाबारेमा गहिराईमा पुगेर सोच्दछन र समस्याको पहिचान गर्छन । अर्को शब्दमा पूँजीवादी समाजको आधारभूमि,उत्पादन र विनिमय, अथवा मोडलबारे गहिरो अध्ययन गर्छ ।

उत्पादन र विनिमय पद्धतिले उत्पन्न गर्ने सबै सकरात्मक तथा नकरात्मक र पद्धति परिचालनका कारण उत्पादित सामाजिक अर्न्तरविरोध र सीमावारे बुझेर परिवर्तनको आवश्यकता ठम्याएर संगठित उत्तर खोज्ने कोशीस गर्छ । त्यसपछि ब्यक्ति हामीमा रुपान्तर हुन्छ । ब्यक्ति तथा ब्यक्तिहरुले सामुहिक रुपमा समाजले कस्तो परिवर्तनको आवश्यकता महसुस गरेको छ भन्ने पहिचान गरिन्छ । जस्तो, संरचनागत मुक्ति (structural emancipation), सुधार (reform), रुपान्तरण (transformation), क्रान्ति (revolution), र सभ्यता (civilization) को स्थापित गर्ने हो उनीहरु टुंगोमा पुग्छन । जर्मन आइडियोलोजीमा मार्क्सको 'कम्यूनिजम राज्यको बिद्यमान अस्तित्व बदल्ने उद्देश्यका लागि स्थापित गरिन्छ' भन्ने वाक्यलाई समेट्दै बलिवार लेख्छन, "कम्यूनिजम भनेको 'विचार' मात्रै होइन, अस्तित्वमा नरहेका वा रहेका तर बहुमत जनता बिरुद्धका पुरातन संस्कार, संस्कृति र राजनीतिलाई बिदा गरी सर्वथा नया समानतायुक्त सत्यको स्थापना गर्ने प्रतिबद्धता भएको 'साम्यवाद' स्थापना कम्यूनिष्ट जनको उद्देश्य रहनेछ" (दि आइडिया अफ कम्यूनिजम, भोलम-२, सम्पादन स्लाभो झिझेक, भर्सो २०१३) साभार कम्युनिस्ट आन्दोलनको समीक्षा- वचिार - कान्तपुिर समाचार (ekantipur.com))।

यी सैद्धान्तिक बैचारिक मान्यतामा आधारितरहेर स्थापित भएका नेपाली वामपन्थी आन्दोलन क्रमस : ओरालो यात्रामा छ ।

ओरालो यात्राका कारणहरु

१. अनुमानित तथ्यमा विचार निमार्ण : मार्क्सवादी वामपन्थीहरु सिद्धान्तमा विश्वास राख्छन । ठोस परिस्थितिको ठोस विश्लेषण गर्छन र मुक्ति, सुधार, रुपान्तरण वा क्रान्ति एवं सभ्यता निर्माणमा लाग्छन भन्ने जुन प्रकारको भाष्य निमार्ण गरिएको हो त्यो भाष्यलाई साकार रुप दिन ठोस खोज तथा अनुसन्धानको (innovation and research) आवश्यकता पर्थ्यो तर नेपाली वामपन्थीहरुले आफुहरु संगठित भई रहँदा होस या सत्तारुढ हुँदा कहिल्यै उत्सुकतापूर्वक ठोस विश्लेषणका लागि खोज र अनुसन्धानमा चासो राखेको कुरा राजनीतिक अभ्यासमा देखिदैन । नेपाली मार्क्सवादीहरुले पुरानो समयमा भन्दै आएको नेपाली "समाजको स्वरुप अर्ध-सामन्ती -अर्ध-औपनिवेशीक" भन्दा

होस या आज नेपाली समाजको प्रभूत्वशाली शक्ति (dominant force) भनेको दलाल पूँजीवाद हो भनेर किटानी गरिरहँदा पनि अनुसन्धान पछिको तथ्यमा आधारित आंकलन हो भनेर कसैले दावी गर्न सक्तैन । त्यस्तो किटानी गरिरहँदा पनि प्रमाण जुटाउन प्रयत्न गरिन्न । अनुमानित तथ्य (hypothesis) वाटै निष्कर्ष निकालिएपछि समस्याको जड पत्ता लाग्ने र त्यसको आवश्यकता वा अन्त्य ठम्याउने कुरामा अनिश्चितता तथा अन्यौल उत्पन्न हुनु अनौठो कुरा हुँदैन ।

२. वामपन्थ र उदारवादको पहिचानमा समस्या :

सोभियत संघको बिघटन र पूर्वी युरोपेली समाजवादको असफलतापछि नेपाली वामपन्थमा एउटा विचित्रको भय देखा पऱ्यो । मूलधारको वामपन्थी दावी गर्ने नेकपा (एमाले) घुमाउरो पाराले उदारवाद (liberalism) लाई सहिष्णुता सहितको राजनीति (anti-discriminatory politics) भनेर परिभाषित गर्ने ठाउँमा पुग्यो । उसले आफ्नो दस्तावेजमा उदारवादमा निहित नागरिक अधिकार र मुक्ति, विविधतायुक्त समाजको अस्तित्वलाई शास्वत सत्यको रुपमा स्विकार गऱ्यो । यस्तो स्विकार्यताले मार्क्सवादी वामपन्थले स्थापित गरेको मूलभूत मान्यता श्रमजीवी जनताको जन्मोपरान्तको नैसर्गिक अधिकार (right based approach) लाई निस्तेज तुल्याईदियो [5] । यो अवधारणाको स्विकार्यताको अर्थ आम मानिसलाई आर्थिक लोकतन्त्र (economic democracy) बाट पार्टीलाई बाहिर राख्नु हुन्थ्यो जस्लाई पूँजीवादीहरुले धनाढ्यहरुको अक्षुण्ण अधिकारको रुपमा (property right) व्यवहारमा व्यवस्थित गर्दै आएका छन ।

३. बुर्जुवा संसदप्रतिको आशक्ति, बुर्जुवा निर्वाचनको बहिष्कार

आफुलाई मार्क्सवादी वामपन्थी भन्ने र संसदीय प्रजातन्त्रलाई “बुर्जुवा लोकतन्त्र” मान्ने व्यक्तिहरु नेपाली वामपन्थमा प्रसस्तै भेटिन्थे र अहिले पातलै भए पनि भेटिन्छन । उनीहरुको विचारमा बुर्जुवा प्रजातन्त्र पूँजीको नकाव भिरेर गरिने बर्गिय शासन हुने गर्थ्यो । जनआन्दोलनपछि भएको पहिलो (२०४८) निर्वाचनमा

5 उज्जवल प्रसाई (जेठ २६, २०८०) वामपन्थ निखिएका कम्युनिष्टहरु । कन्तिपुर दैनिक । Dipak Thapa (sptember1, 2021) 'Communists, socialists or whatever', The Kathmandu Post.

नेकपा (मसाल) बाहेक अन्य पार्टीहरुले उत्साहपूर्वक भाग लिए । कसैले पार्टीका नाममा र कसैले मोर्चाका नाममा । एमाले दोश्रो र जनमोर्चा तेश्रो शक्तिका रुपमा संसदमा स्थापित हुन पुगे । २०५१ को मध्यावधिमा माओवादीले निर्वाचन बहिष्कार गऱ्यो, मसालले भाग लियो । एमाले प्रथम पार्टी बनेर अल्पमतको सरकार बनायो र सदाका लागि संसदीय व्यवस्थाको हिमायती बन्न पुग्यो । त्यो निर्वाचनपछि उसले संसद र संसदीय निर्वाचन पद्धतिवारे कहिल्ये फर्केर मूल्याङ्कन गर्नु पर्छ भनेर सोच बनाएकै देखिएन । अर्कातर्फ अहिले पनि केही मार्क्सवादी वामपन्थी दलहरुले चुनाव बहिष्कार गर्ने गरेका छन । तर पहिला किन बहिष्कार गरे र पछि किन स्विकार गरे ? त्यो पनि थाहा छैन । अहिले बहिष्कार गरिरहँदा के फाइदा र नाफा छ त्यसवारे कुनै सार्वजनिक बहस पनि गरिएकोछैन ।

नेकपा(माओवादी)ले जनतन्त्रको वकालत गऱ्यो । १० बर्ष जनतान्त्रिक व्यवस्थाका लागि भनेर जनयुद्ध लड्यो । नेपाली जनमानस वा विविधतालाई समेट्ने वा प्रतिनीधित्वको बिषयलाई प्रमुखता दिएर उस्ले युद्ध सुरु गरेको थियो । संघियता र स्वायत्त बहुल क्षेत्रको अधिकारको कुरा गर्दै आयो । सवै तप्काको प्रतिनीधित्व होस् भनेर समानुपातिक तथा सहभागितामूलक दुई किसिमको प्रतिनीधित्वको व्यवस्था पनि गरियो । संविधानसभा मार्फत बनेको संविधानमा संघिय परिपाटीको व्यवस्था पनि गरिएकोछ । अहिले पनि प्रतिनीधित्व कायम नै छ तर जुन जनतन्त्रको स्थापना र स्थायित्वको कल्पना गरिएको थियो त्यो "जनतन्त्र (People's democracy)" चाँही स्थापित हुन सकेन । त्यो व्यवस्था किन स्थापित हुन सकेन भनेर माओवादीले आफ्नो पार्टीभित्र कहिले बस्तुनिष्ट समीक्षा गरेन । उनीहरुका हालका सैद्धान्तिक वैचारिक बहस हेर्दा, उनीहरु सरकारमा भईरहँदा लाग्छ उनीहरु नेपाली जनतन्त्रको अर्थराजनीति र दर्शन नै नबुझी यस्तो व्यवस्थाको प्रस्तावना अघि सारेका रहेछन भन्ने प्रष्ट हुँदै जान थालेकोछ । अहिलेको निर्वाचन पद्धति असाध्य महँगो हुन पुगेको छ । कार्यकर्ताहरुले निर्वाचन लड्न सक्ने अवस्था नै रहेन । र तीन वटै तहका संसदहरु तहगत धनाढ्य (oligarchy) हरुको कब्जामा पर्न गएको सर्वत्र अनुभूति भईरहेछ । केही आवधिक निर्वाचन यही प्रबृतिवाट हुने हो भने यो लोकतन्त्र लेनिनले भनेझैँ "बर्जुवाहरुको लोकतन्त्र .... निश्चित ब्यक्तिहरुको हकमा पूँजी नियन्त्रणलाई अक्षुण्ण राख्न, आम गरिव जनतालाई जालमा फसाएर तिनीहरुमाथि शोषण

गर्न खडा गरिएको संरचना हो, वास्तवमा बुर्जुवा डेमोक्रेसी अन्तत बजुर्वाहरुको भलाईका लागि मात्र हो" भन्ने भनाइकै पुष्टि हुन पुगेकोछ । यद्यपि माओवादीहरु यसवारे कँही बहस गर्दैनन ।

४. आर्थिक रुपान्तरणका एजेण्डा

लेनिनको समयमा विश्व अर्थतन्त्र नवशास्त्रीय अर्थशास्त्रको नियमअनुसार लेसेजफेयर इकोनोमिक मोडेल कै प्रभुत्व कायम थियो । सन् १८७० देखि १९१४ सम्मको झण्डै साढे चार दशकमा स्वच्छन्द पूँजीवादी विकासले मुलुकका जनताका वीचमा मात्र होइन विश्वका पूँजीवादी मुलुकहरु वीच बजार कब्जा गर्नका लागि ठूलो होडवाजी चलिरहेको थियो । आफ्नो उत्पादन बेचेर सुपर प्रोफिट आर्जन गर्न वित्तिय पूँजीको अनियमित विचरणको (Deregulated financial capitalist globalization) होडवाजी चलिरहेको थियो । त्यही अस्वस्थ प्रतिस्पर्धाकै उपज थियो पहिलो विश्वयुद्ध । लेनिनले यो पूँजीवादको विस्तारित प्रबृतिलाई साम्राज्यवाद, पूँजीवादको उच्चतम अवस्था (*Imperialism, the Highest Stage of Capitalism*) भनेर एउटा पुस्तिका मार्फत तात्कालीन पूँजीवादको अवस्थाको व्याख्या गरेकाछन । यो अवस्था पूँजीवादी विश्व व्यवस्थामा सन् १९२९/३३ बृहत मन्दी सम्म कायमै रह्यो । सन् १९४० पछि पूँजीवादी विश्वले 'लोककल्याणकारी राज्य पूँजीवादलाई' आत्मसात गऱ्यो । वास्तवमा यो पहल विश्वव्यापी रुपमा समाजवादी क्रान्तिको बढ्दो प्रभाववाट बच्न पूँजीवादले नया लोकतान्त्रिक अवयव सहितको उपायका रुपमा अवलम्वन गरेको थियो । यो व्यवस्था सन् १९७३ सम्म कायम रह्यो र त्यस राज्यपूँजीवाद माथि नवउदारवादी पूँजीवाद हावी हुन पुग्यो । जो अहिले पनि तेश्रो विश्वका अधिकांश देशमा मूलधारको अर्थनीति बनेर राज गर्न पुगेको छ ।

उदार राजनीतिमा आधारित संसदीय बहुदलीय व्यवस्थालाई सैद्धान्तिक वैचारिक रुपमा आत्मसात गर्न पुगेको नेकपा (एमाले) ले २०५१ मा अल्पमतको सरकार निर्माण गरिरहँदा लोककल्याणकारी राज्यले गर्ने केही परिपाटीलाई अगाडी बढायो । खासगरी सामाजिक सुरक्षा सरोकार राख्ने केही बिषयहरु जो त्यस अघि राज्यले कहिल्यै प्रस्तुत गरेको थिएन । जस्तो बृद्ध भत्ता, आफ्नो गाँउ

आफैँ बनाउ, ९ स का कार्यक्रम । एउटा अल्पमतको सरकारले गर्न सक्ने केही लोककल्याणकारी सुधारका यी कार्यक्रमहरुले एमालेलाई असाध्य लोकप्रिय पनि बनायो । तर यही लोकप्रियताको आडमा उसले समाजवाद तर्फ लैजाने राजनीतिक, आर्थिक तथा सामाजिक रुपान्तरणका मूल मुद्धाहरु छोडिदियो ।

अर्थराजनीतिक मुध्दा जस्तो राजनीतिलाई कसरी प्रभावशाली रुपमा विकेन्द्रिकरण गर्ने र स्थानीय तहको शासन व्यवस्थालाई कसरी जिम्मेवार र प्रभावशाली बनाउने ? भन्ने एजेण्डामाथि एमालेमा ५१ साल पछि कहिल्यै छलफल र बहस नै भएन । नयाँ बदलिँदो परिवेशमा भूमिसुधारलाई कसरी अन्जाम दिन सकिन्छ ? जमिनमा आम जनसमुदायको पहुँच पुऱ्याउदै संस्थागत रुपमा उत्पादनमा बृद्धि कसरी गर्न सकिन्छ ? शिक्षा र स्वास्थ्यमा लगानी ठप्प गरेर निजीकरण गर्न धकेलिएको बिषयको विकल्प के हुन सक्छ ? राज्यले शिक्षा, स्वास्थ्य, सुचना जस्ता सार्वजनिक बिषयहरुमा लिनु पर्ने दायित्व के हुन सक्छन ? कसरी मुलुकमा दक्ष्य कामदार उत्पादन गर्ने शिक्षा प्रणाली विकास गर्न सकिन्छ ?

मूल्य अभिबृद्धि कर जस्तो सर्वसाधरण सवैलाई लगाइने एकमुष्ट कर को सट्टा प्रगतिशील कर लगाएर बढ्दो असमानता हल गर्न सकिन्छ । सार्वजनिक उद्यमहरुको वैकल्पिक व्यवस्थापन गर्दै नया औद्योगिकरण कसरी विस्तार गर्न सकिन्छ ? एकै परिवारमा केन्द्रित उद्योग, विमा, बैंक जस्ता अनैतिक सृङ्खला हटाएर नया उद्यमको नीति निमार्ण कसरी गर्न सकिन्छ र नेपाली कच्चा पदार्थमा आधारित उद्योग व्यवशायको संरक्षण हुने गरी पूँजी निमार्णमा सवै सर्वसाधरणको सहभागिता कसरी बृद्धि गर्न सकिन्छ ? त्यसैगरी उद्योग, कृषि तथा पर्यटनलाई जोड्नेगरी पूर्वाधार निमार्णमा लगानी व्यवस्थापन कसरी गर्न सकिन्छ ? त्यस्तै पूर्ण रोजगारीको कार्यक्रमलाई कसरी दिगो र भरपर्दो बनाउन सकिन्छ ? बढ्दो बसाँइसराइलाई ध्यानमा राखेर कृषिको समष्टिमा सहकारीकरण अभियान कसरी बृहत बनाउन सकिन्छ ? बैंकहरुले गर्ने लगानी र व्याजमा नियमन, आयात प्रतिष्ठापन उद्यमहरुको व्यवस्थापन र संरक्षण आदिलाई एकीकृत योजनासँग कसरी जोड्न सकिन्छ । यी यस्ता कार्यक्रमहरु थिए र छन जस्ले आम नेपालीलाई आर्थिक राजनीतिक र सामाजिक मूलधारमा ल्याइदिन्थ्यो र अझैपनि ल्याइदिन्छ । तर एमाले भित्र २०४९ मा सैद्धान्तिक

बैचारिक सुधारको पार्टी कार्यक्रमको उदारवादी अर्थराजनीतिक प्रभाव २०५२ पछि नेकपा (एमाले) का नीतिगत, सांगठानिक र कार्यक्रमिक रुपमै विस्तारित हुन पुगे । त्यसपछि एमाले आवधिक संसदिय निर्वाचन देखि अर्को आवधिक निर्वाचनमा कसरी सफलता हाँसिल गर्ने भन्नेमै सीमित हुन पुग्यो ।

प्रजातन्त्रको साँघुरो परिभाषाले **राजधानी बनाम मोफसल** (Kathmandu versus periphery) **सभ्रान्त बनाम पहिचान** (higher caste versus lower caste identity), **धनाढ्य वर्ग बनाम श्रमजीवी वर्ग** (Rich versus working class) वीचको अन्तरविरोध हल गर्न सक्ने कुरा थिएन । माओवादी यी अन्तरविरोधहरुको गहिरोसँग अध्ययन गरेर समष्टिमा होइन अनुमानका आधारमा जनयुद्ध सुरु गरेको थियो भन्ने बितेका १५ बर्षको अन्तरालमा पुष्टि हुनपुगेकोछ । माथि उल्लेखित अन्तरविरोध जनयुध्दवाट हल हुन्छ भन्ने सर्वसाधरण जनताको आशातित बुझाई र उनीहरुको सहभागिताले युद्ध विस्तारित हुन समय लागेन, त्यसमाथि एमालेको विभाजनले उस्लाई अझ बलसाली बनायो । त्यस जनयुद्धले समाजको जडतालाई (stagnated society) उथलपुथल गरायो । तर सन् २००३ मा युद्ध रोकेर संसदीय राजनीतिक दलहरुसँग सहकार्य गर्न तम्सियो । २००६ मा आन्दोलनरत पार्टीहरुसँग सहकार्य गर्न पुग्यो । माओवादीको यो अपत्यारिलो व्यवहारवादी छलाङ थियो ।

नेकपा माओवादी संसदीय राजनीतिमा ओर्लदा उसँग मोटो रुपमा राजनीतिक मुध्दा देखिन्थ्यो । जस्तो, संविधानसभाको निर्वाचन, पहिचानको आधारमा प्रतिनीधित्व गर्ने पद्धतिका लागि दुई किसिमको निर्वाचन पद्धति, र पहिचानलाई प्रतिविम्वित हुने गरी संघिय राज्य । तर संघियताको एजेण्डा उसले अन्तरिम संविधान निमार्णताका छोडिदियो र मधेसी जनअधिकार फोरमको एजेण्डा बन्न पुग्यो । यतिवेला आएर सभ्रान्त बनाम पहिचानको अन्तरविरोध हल हुन नसकेर छताछुल्ल हुन पुगेकोछ ।

आर्थिक मुद्धाहरुको खाका (Economic blueprint for the future) माओवादीले उठाउन सकेन । किनकि एमालेका हकमा माथि उल्लेख गरिएझैँ कृषि, उद्योग, निमार्ण, पर्यटन, व्यापार, वैंक तथा वित्तिय, रोजगारी निमार्ण, कर, वितरण आदि कुनै पनि समष्टिगत अर्थतन्त्रका क्षेत्रमा यसरी अगाडी बढ्ने भन्ने

खाका उनीहरुले संस्थागतरुपमा कहिले प्रस्तुत गरेनन् । माओवादी युद्ध र आन्दोलनको रापतापले भरिएको संविधानसभाको पहिलो निर्वाचन पछि बनेको सरकारको अर्थमन्त्री डा. बाबुराम भट्टराईले प्रस्तुत गरेको बजेट होस या त्यसपछिका माओवादी अर्थमन्त्रीहरु कसैले पनि नेपाली समाजका विद्यमान अन्तरविरोधहरुलाई समाधान गर्न रुपान्तरणकारी बजेट प्रस्तुत गरेनन् । यतिवेला सरकारको नेतृत्व गरिरहेको कमजोर माओवादीसँग आफ्नो छुट्टै आर्थिक एजेण्डा छ भन्ने देखिन्न । न्युनतम सहमतीको कार्यक्रम पनि नबनाई जोसँग भए पनि मिलेर सत्तामा पुग्ने उस्का आकांक्षा र दाउपेच हेर्दा यही पार्टीले १० बर्षे जनयुद्ध हाँकेको थियो होला भनेर कल्पना गर्न गाह्रो पर्छ । यसको अर्थ युद्धको औचित्य सावित गर्ने गरी युद्ध सुरु गर्नु अघिका मागहरु आफैँ सत्तारुढ हुँदा नगरेको देख्दा युद्धको औचित्य पुष्टि गर्न पनि गाह्रो पर्दैगएकोछ ।

५.सांगठानिक एजेण्डा

सिद्धान्तका आधारमा कार्यक्रम (दीर्घकालिन रणनीति र तात्कालिन कार्यनीति) तय गरिन्छ । रणनीतिक उद्देश्य पुरा गर्न त्यही सैद्धान्तिक आधारमा संगठन निर्माण हुन्छ । तर सामाजिक रुपान्तरणको उद्देश्य छोडेपछि यी माउ वामपन्थी पार्टीहरु निर्वाचन जित्ने मै सीमित बने । सिद्धान्तहिनताले यीनलाई बर्जुवा पार्टी जस्तै मास पार्टीको विकल्प उनीहरुले देखेनन् । मास पार्टी लेनिनले प्रतिपादन गरेको सांगठानिक सिद्धान्त 'जनवादी केन्द्रियता'सँग मेल खाँदैन । मासपार्टीमा करिस्मायुक्त नेता खोजिन्छ । करिस्मा भन्नाले राम्रो भाषण कला भएको, कार्यक्रम लागु होस या नहोस तर आश्वासन बाँड्न सक्ने नेता । दल सामुहिकतामा चल्दैन । पार्टी लोकतान्त्रिक कहलाईन्छ तर आन्तरिक बहस र छलफलको गुन्जाइस रहन्न । आज एमाले, माओवादी र अधिकांश सवै वामपार्टीहरु नेता प्रधान मास पार्टीमा बदलिएकाछन । अधिकांश सार्वजनिक महत्वका निर्णय नेताको जिम्मामा लगाइन्छ । चाहे त्यो मन्त्री बनाउने कुरा होस, अर्को पार्टीसँग साँठगाँठ गर्ने, पदाधिकारी छान्ने होस या उमेद्वार, आर्थिक तथा सामाजिक नीति तय गर्ने कुरा हुन ठोस निर्णय नेतालाई जिम्मा लगाइन्छ । अहिले अधिकांश पार्टीहरुमा तहगत नेतृत्वको (hierarchical

leadership) परिपाटी बसालिएकोछ । अध्यक्ष, उपाध्यक्ष महासचिव.... आदि । भद्दा कमिटीहरु बनाइन्छन ता कि नेतृत्वलाई चुनौती दिन कसैले आँट नगरोस । भद्दा कमिटिहरु यसकारण बनाइन्छन ता कि मूलभूत आर्थिक सामाजिक र राजनीतिक बिषयहरुमा बृहत बहस वा छलफल वा प्रश्न उठाउने हिम्मत कसैले गर्न नसकोस । र अन्तमा अध्यक्षलाई नै सवै महत्वपूर्ण निर्णयको जिम्मा लगाइयोस । सामुहिक निर्णय र सामुहिक जिम्मेवारी अहिलेका वामपन्थी पार्टीहरुमा विरलै पाइन्छ । प्रश्न गर्ने कुनै पनि क्याडर पार्टीमा अट्दैन, फरक मतको कुरै छाडौँ ।

६. परराष्ट्र नीति र ऐक्यबद्धता

वामपन्थी पार्टीको आफ्नै परराष्ट्र नीति हुन्छ भन्ने कुरा सायद कुनै कामरेडलाई आश्चर्य लाग्न सक्छ । नेपाली वामपन्थमा आफ्नो परराष्ट्रनीति हुनुको अर्थ राष्ट्रको स्वाभिमानका साथै स्वाधिन अर्थतन्त्र निमार्णमा बल पुऱ्याउछ भन्ने जानकारी पनि नहुन सक्छ । विशाल दुई छिमेकी चीन र भारत, विश्वको पहिलो नम्वरमा सामरिक तथा आर्थिक शक्ति अमेरिका, युरोपेली युनियन र जापान जस्ता मुलुकहरुसँग नेपालको सम्वन्धलाई कसरी सन्तुलित र व्यवस्थित बनाउने र आफ्नो सार्वभौमसत्ताको रक्षा गर्ने कुरा वामपन्थी दलहरुको घोषणापत्रमा सीमित हुने गरेकोछ सार्वजनिक बहसमा होइन ।

नेपाली वामपन्थीहरूले छिमेकी भारतसँगको कति हदसम्मको सामिप्यता र कति दुरी राख्ने भन्ने कुरा कहिल्यै तय गर्न सकेको देखिदैन । सत्तामा हुँदा आत्मसमर्पण र बाहिर हुँदा सत्तोसराप गर्ने परम्पराले उनीहरुको हिनतावोध छर्लङ्ग हुन्छ । अमेरिका बनाम चीन, भारत बनाम चीन जस्ता कार्डहरु खेल्दा कस्तो व्यवहारिक समस्या उत्पन्न हुन्छ ? असंलग्न परराष्ट्रनीति त्यागेर कसैको पोल्टामा एकै पटक गिर्दा राष्ट्रिय स्वाभिमान कसरी मुर्च्छित हुनपुग्छ ? के कस्तो परनिर्भरता बेहोर्नु पर्छ ? स्वतन्त्र विदेश नीति नहुँदा मुलुकले सपना देखेको सम्वन्ध र व्यापारको विविधीकरणमा के कस्तो असर पर्छ भन्नेवारेमा नेपालका वामपन्थीहरुमा कुनै यथार्थपरक विश्लेषण हुने गरेको छैन ।

०००

आफुलाई मूलधारका वामपन्थी भन्न रुचीराख्ने दलहरु सिद्धान्तहीन, विचारहीन, योजना र कार्यक्रमविहिन बन्दै जाँदा नेपाली वामपन्थले वामपन्थको परिचय प्रत्येक दिन गुमाउदै गएकोमात्र हैन, वामपन्थ शब्द नै अपमानित बन्न पुगेकोछ। नया युवा युवतीहरुमा वामपन्थमाथि आकर्षण अब कथामा मात्रै सीमित हुँदैछ। जुझारुपन, रुपान्तरणको हौसला, सामाजिक न्यायको व्यवस्थापन र संरक्षण सबै गायब छन । पाखण्डी राजनीतिक व्यापारीहरुले वामपन्थको झण्डा हत्याएका छन र जुझारु कार्यकर्ताहरु आन्दोलनबाट पाखा लागेकाछन । सैद्धान्तिक बैचारिक बहस एकादेशको कथा बन्न पुगेको छ। कम्युनिष्टको ब्राण्ड नाममा वामपन्थ औषत चरित्र कँही कतै बाँकि नरहेको स्वतन्त्र बौद्धिकहरुले निस्कर्ष निकालेका छन□ । सिद्धान्त, कार्यक्रम र रुपान्तरणका एजेण्डा नभए पछि नेपाली वामपन्थी वास्तविकतामा भने दक्षिणपन्थी, मौकापरस्त र भष्ट्राचारको दलदलमा जकडिएकोछ । अहिले मूलधारमा रहेका कथित वामपन्थीवाट मुलुकमा नया रुपान्तरण हुन्छ भन्ने आशा पश्चिम बंगालमा जस्तै सदाकालागि अन्त हुने संभावना बढेको छ।

पुनः जाग्रित हुने संभावना कति ?

संसारभर दक्षिणपन्थीहरु जाग्रित भएका छन र नेपालमा पनि त्यस शक्तिको उद्भव अनुभूत गरिएकोछ। सिद्धान्त र विचारहीन वामपन्थ उग्रदक्षिणपन्थमा कसरी लिप्त हुन्छ भन्ने त पश्चिम वंगाल राज्यमा भएको सिपिएमको पतन र भारतीय जनता पार्टीको उद्भवले देखाएकै छ। नेपालमा पनि माओवादी र एमालेबाट कांग्रेस, राप्रपा र रास्वपामा समाहित हुँदै जाने प्रकृया सुरु भएकोछ। यस्तो अवस्थामा नेपालमा पुनः वामपन्थ जाग्रित हुन सक्ने संभावना छ त ?

वामपन्थ विलासी वस्तु वा सेवा होइन, परिवर्तनको द्योतक हो । वामपन्थ आदर्श हो। वामपन्थ वैकल्पिक विचारधारा हो। सामाजिक अन्याय र अत्याचार विरुद्धको सामाजिक जागरण हो। वामपन्थ अति दक्षिणपन्थ र पूँजीवादी शोषण तथा अत्याचारलाई चिरेर न्यायपूर्ण समाज र राज्य निर्माणको औजार हो । त्यसैले यसको उद्भव वा पुनरजागरण अपरिहार्य छ भन्न सकिन्छ । तर यसको स्वस्फूर्त पुनरजागरण हुँदैन । कथं कदाचित भयो भने पनि टिकाउ

हुँदैन । जो सन् २०११ को अरब बिद्रोहपछि को राजनीतिक परिघटनाहरुवाट जानकारी लिन सकिन्छ । किनकी हतपतमा भएको परिवर्तनलाई दक्षिणपन्थी र फौजी तानाशाहहरुले हाइज्याक गरे र गरिहेछन । त्यसैले मार्क्सवादी वामपन्थलाई सस्तो र लोकप्रिय नाराले मात्र थेग्दैन । यसका लागि मार्क्सवादी वामपन्थीहरुले केही नयाँ पहल लिन जरुरी छ । त्यसका लागि आफुलाई रुपान्तरण गर्ने संकल्पसहित वामपन्थी शक्तिहरुलै निम्नानुसार कार्यगर्न सुझाव प्रस्तुत गरिएकोछ ।

(१) क्रान्ति या जण्ड सुधार के का लागि पहल गर्ने ? लक्ष्य पहिल्याउन जरुरी छ । लक्ष्य पहिल्याउनका लागि उत्पादन पद्धतिको विकास इतिहाँस, चारवटा विश्व औद्योगिक क्रान्तिले छरेको प्रभाव र यथार्थलाई सर्वप्रथम बुझ्न र केस्रा केस्रा केलाउन जरुरी छ ।

(२) लक्ष्य अनुसार समाजवाद या जण्ड सुधार के रोज्ने त्यस अनुसारको कार्यनीति निमार्ण जरुरी हुन्छ भन्ने केलाउन जरुरीछ । उक्त समाजवाद वा जण्ड सुधारमा जाँदा कस्ता आन्तरिक तथा वाह्य शक्तिहरुको सहयोग तथा चुनौती रहन्छ भन्ने विश्लेषण गर्न जरुरीछ ।

(३) पहिलो नम्वरको जण्ड सुधारका बुँदाको पहिचान गरे पछि जनतासँग जोडिएका एजेण्डाको योजनावद्ध निर्माण तथा कार्यन्वयनका लागि संस्थागत अभियानको थालनी,

(४) समाजवाद या जण्ड सुधारको कार्यनीतिलाई अभियानका रुपमा अगाडी बढाउन चुस्त-दुरुस्त जुझारु पार्टी निर्माण, पार्टी परिचालनका नया वीधि र प्रकृयाको खोजी आवश्यक हुन्छ । जो अन्य राजनीतिक पार्टी भन्दा फरक र आम जनसमुदायले भरोसा गर्न सकुन ।

मार्क्सवादी वामपन्थी पार्टी निर्माण गर्ने भनेको बहुसंख्यक जनताको पूर्ण तथा सकृय सहभागितामा बनाइने पार्टी हो । जो अध्ययन, बहस, र छलफल अर्थात पूर्ण जनवादमा आधारित पार्टी । यिनीहरुकै सक्रिय सहभागितामा मुलुकका जल्दा बल्दा मुद्धा या समस्याहरुको पहिचान गरिने हुन्छ । जसको ध्येय क्रान्ति

या सुधार मार्फत सत्तामा पुग्दा उक्त पार्टीले जनताका ती एजेण्डाहरुलाई विना हिचकिचाहट लागु गर्ने छ । जहाँ आम मानिसको अधिकार कर्तव्य पूर्ण ग्यारेन्टीका साथ स्थापित गरिनेछ ।

एउटा माक्सवादी वामपार्टीले वास्तविक रुपान्तरण के हो ? सुधार के हो ? लोककल्याणकारी कार्यक्रम के हो परिभाषित गर्ने छ र दिगो र भरपर्दो रुपान्तरणको कार्यक्रमलाई अगाडी बढाउने छ । राजनीतिमा को सँग सहकार्य गर्ने र कस्को विरोध गर्ने भन्ने तय अध्ययन अनुसन्धान, कार्यक्रम, र लक्ष्यका आधारमा संस्थागत ढंगले तय गर्नेछ । मूल कुरा त मार्क्सवादी वामपन्थले कस्तो सांगठानिक पद्धति बसाल्ने भन्ने तय गर्ने छ । एउटा मार्क्सवादी पार्टी लेनिनको जनवादी केन्द्रियताको सिद्धान्तको आधारमा बन्ने पार्टी गलत हो भन्छ भने संगठन निमार्णको अर्को वैकल्पिक ढाँचा के हो भनेर प्रष्ट पार्न जरुरी हुन्छ । मार्क्सवादी वामपन्थमा संगठनात्मक प्रणाली व्यक्ति केन्द्रित बन्न सक्तैन । व्यक्ति केन्द्रित पार्टी मार्क्सवादी वामपन्थी हुँदैन । यी बिषयलाई गम्भिरितापूर्वअ आत्मसात गर्ने हो भने अझै पनि नेपालमा वाम आनदोलनले नया गति पकड्न सक्ने संभावना देखिन्छ ।

❖❖❖

समाजवादको आधार
वैज्ञानिक भूमिसुधार

गणेश विश्वकर्मा

उपाध्यक्ष

प्रदेश नीति तथा योजना आयोग सुदुरपश्चिम प्रदेश सरकार

"भूस्वामित्व सम्पूर्ण सम्पदाको मूल श्रोत हो, र यो एउटा यस्तो विशाल समस्या भएको छ जसको समाधानमा श्रमजिवी वर्गको भविष्य निहित हुन्छ ।"-कार्ल मार्क्स (१८७२)

भूमि र समाजवादको सन्दर्भ

आदिम साम्यवादी समाजमा भूमि र भूमिमा प्राप्त हुने सबै वस्तुहरू समुदायको साझा सम्पत्तिको रूपमा रहेका थिए । त्यतिबेला उपलब्ध ज्ञान र सिपका आधारमा भूमिको महत्तम उपयोग हुन्थ्यो । दासयुगमा भूमिमाथिको नियन्त्रण मालिकहरूसँग हुने भएकोले दासहरूलाई खेतीपाती, पशुपालन र कृषिको काममा लगाइन्थ्यो । सामन्ती व्यवस्था अन्तर्गत भूमि राजपरिवार, तिनका भाइभारदार र सत्ताको संरक्षणप्राप्त केही मानिसहरूको नियन्त्रणमा रह्यो । भूमिमाथि सामन्त तथा जमिन्दार वर्गको स्वामित्व एवं किसान र भूदासहरूको भूमिमा आधारित शोषण नै सामन्ती व्यवस्थाको मूल विशेषता थियो । पुँजीवादी समाजमा भूमि निजी सम्पत्ति र बजारको बिक्रीयोग्य तथा नाफा आर्जन गर्ने वस्तु (Commodity) को रूपमा रहेको हुन्छ । सामन्ती र पुँजीवादी व्यवस्थामा भूमिमाथि मुट्ठीभर मानिसहरूको निजी स्वामित्व कायम हुने भएकाले भूमिको उच्चतम र महत्तम उपयोग हुन सक्दैन । यी व्यवस्थामा पुँजी, सत्ता र शक्तिको माध्यमबाट भूमिमाथिको स्वामित्व स्थापित हुने भएकोले जोसँग जमिन छ, उसले त्यसमाथि श्रम गरेर उत्पादन लिन सक्दैन भनियो जसले भूमिमाथि श्रम गर्छ, त्यसमाथि उसको स्वामित्व नहुनाले एकातिर भूमि शोषणको माध्यम बन्न जान्छ भने अर्कोतिर यसको समुचित उपयोग गरी उत्पादन र उत्पादकत्व बृद्धि हुन सक्दैन । जनवादी क्रान्तिको चरणमा जनताको जनवादी अधिनायकत्व अन्तर्गत भूमिमाथि किसानहरूको (सार्वजनिक, सामूहिक, सहकारी वा निजी) स्वामित्व स्थापित गरिन्छ भने समाजवादी व्यवस्थामा भूमिको राष्ट्रियकरण गरी त्यसमाथि सार्वजनिक वा किसानहरूको सामूहिक र सहकारी स्वामित्व स्थापित गरिन्छ । साम्यवादी व्यवस्थामा भूमिमाथिको सम्पूर्ण स्वामित्व अन्त्य हुने भएकोले यसको सबैभन्दा उच्चतम र महत्तम उपयोग हुनेछ ।

कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले 'कम्युनिस्ट पार्टीको घोषणापत्र' मा भूस्वामित्वको उन्मूलन र राजकीय खर्चको आपूर्तिका लागि भूमिकरको

उपयोगको विषय उठाउनु भएको छ । फ्रेडरिक एङ्गेल्सले आवासको प्रश्नबारे एक पुस्तक नै लेखे । लेनिनले किसानको प्रश्नलाई आधारभूत राणनीति र कार्यनीतिको प्रश्नसँग जोड्दै ग्रामीण क्षेत्रको समस्यालाई समाजवाद र साम्यवाद निर्माणको प्रश्नको रूपमा अघि सारे । उनले किसानहरूको वर्ग विश्लेषण मात्रै गरेनन्, कृषि र सहकारीको प्रश्नमा समेत समाजवादी धारणा अघि सारे । स्टालिनले किसानलाई सर्वहारा वर्गको सबैभन्दा निकटको मित्र र क्रान्तिको जगेडा शक्तिको रूपमा परिभाषित गर्दै समाजवादी क्रान्तिमा किसानको भूमिकाबारे नयाँ उचाइबाट ब्याख्या गरे । माओले किसानहरूलाई सङ्गठित गर्ने, मजदुर-किसान एकताको आधारमा नयाँ जनवादी क्रान्तिमार्फत जनताको जनवादी अधिनायकत्व स्थापित गर्ने विचारका आधारमा चीनलाई समाजवादको दिशामा अघि बढाउँदै सहकारी र कृषिको समाजवादीकरणलाई व्यवहारिक कार्यान्वयन गर्दै विचारको क्षेत्रमा नयाँ योगदान मात्र गरेनन्, प्रतिक्रान्तिको विरुद्ध समाजवादको रक्षाका लागि सर्वहारा सांस्कृतिक क्रान्ति नै अगाडि बढाए । कृषि र भूमिको क्षेत्रमा समाजवादी क्रान्ति पश्चातका किम इल सुङले प्रजातान्त्रिक जनगणतन्त्र कोरियामा, फिडेल क्यास्ट्रोले समाजवादी गणतन्त्र क्युवामा र हो ची मिन्हले समाजवादी गणतन्त्र भियतनाममा अघि सारेका अभ्यासहरू पनि उल्लेखनीय र अनुकरणीय मानिन्छन् ।

नेपाली विशेषताको समाजवाद हाम्रो लक्ष्य

समाजवाद भनेको आर्थिक र राजनीतिक एवं सामाजिक सङ्गठनहरुको व्यवस्थापन र परिचालनको एउटा त्यस्तो सिद्धान्त हो जसले उत्पादन, वितरण र विनिमयको क्षेत्रमा सामूहिक स्वामित्वको वकालत गर्दछ । समाजवादको लक्ष्य शोषणयुक्त पूँजीवादी सामाजिक-आर्थिक संरचनाको पूर्णनिषेध गर्दै वर्गीय शोषणविहीन समाजवादी आर्थिक सामाजिक संरचनामा समाजलाई संक्रमण गराउनु हो । समाजवादी क्रान्ति जुनसुकै रूपमा सम्पन्न भएपनि साररूपमा त्यसको अगाडि सधैं दुइटा कठिन काम हुन्छन्, पहिलो, पूँजीवादी संरचनाका आर्थिक, सामाजिक र राजनैतिक संरचनाहरूलाई समाप्त गरी त्यसको ठाउँमा सामूहिक स्वामित्वको परिपाटी स्थापित गर्नं, दोस्रो, जगैदेखि नै नयाँ सामाजिक-आर्थिक संरचनाको निर्माण गर्नं । अर्थात, सामूहिक स्वामित्वको परिपाटी कायम

गर्नँ । यसक्रममा पुराना शासक वर्गहरूबाट हुने प्रतिरोध समाप्त गरी नयाँ आर्थिक-सामाजिक संरचनाको आधार निर्माण गर्ने काम हो । समाजवादको निर्माण त्यसका सामान्य वस्तुगत नियमहरू तथा आवश्यक आर्थिक सामाजिक विशिष्टताहरूको जगमा उभिएर संक्रमण प्रक्रियाको कार्यान्वयन मार्क्सवादी क्रान्तिकारी वैज्ञानिक सिद्धान्तको अनुसरण गरेर मात्र गर्न सकिन्छ। समाजवादी संरचना हुनका लागि त्यसले अनिवार्यरूपमा सामाजिक जीवनका प्रत्येक क्षेत्रमा समाजवादी सामाजिक, आर्थिक, राजनीति र सांस्कृतिक सम्बन्ध स्थापना गरेको हुनुपर्दछ ।

समाजवादमा सारको एकत्व र रूपको विविधताको विषय एकअकोसँग अभिन्नरूपमा जोडिएको हुन्छ भन्ने मान्यताका आधारमा नेपालमा समाजवादको मोडल कस्तो हुनुपर्दछ र कसरी प्राप्त गर्न सकिन्छ भन्ने विषयमा ठोस निश्कर्ष निकाल्नका लागि पर्याप्त बहस हुनु जरूरी छ। नेपाली समाजमा विद्यमान वर्गहरुको स्थिति, वर्गहरुको शक्ति सन्तुलन, नेपालको भू-राजनैतिक अवस्थिति, विभिन्न वर्गको प्रतिनिधित्व गर्ने पार्टीहरुको मनोगत र वस्तुगत अवस्था तथा जातीय तथा समुदायगत अन्तरविरोधले नै समाजवादको मोडल तयार गर्नमा निर्णायक भूमिका खेल्नेछन् । नेपाली मौलिकतासहितको समाजवादी मोडलको विकास गर्न सक्नु वा नसक्नु नै नेपालको समाजवादी आन्दोलनका लागि अहं चुनौतिको विषय बन्न पुगेको छ । मार्क्सवादीहरुको प्रमुख सवाल राज्यसत्ता कब्जा गर्ने मात्र हैन, राज्यलाई कस्तो स्वरुप र आकार दिने ता कि त्यो श्रमजीवीवर्ग र उत्पीडित समुदायको स्वामित्व, नियन्त्रण र पहुँच कायम गर्दै समाजवाद हुदै साम्यवाद तर्फको यात्रालाई सहज बनाउँन सकियोस। विशेषगरी अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरुमार्फत विश्वव्यापी रुपमै निजिकरण, उदारीकारण र भूमण्डलीकरणको वर्चश्व कायम गर्ने प्रयास भइरहेको आजको परिवर्तित सन्दर्भमा सामाजिक न्यायको केही कामहरुले मात्र पुँजीवाद-नवउदारवाद र समाजवाद बिचको भेद छुट्याउनु गाह्रो हुने यथार्थताप्रति हेक्का राखिनुपर्दछ ।

हामी कहाँ चीन, भियतनाम, कोरियामा जस्तो नयाँ जनवादी क्रान्ति सम्पन्न हुन नसके पनि नेपाली विशिष्टतामा पुँजीवादी जनवादी क्रान्ति आधारभूत रुपमा सम्पन्न भएको छ । परन्तु जनवादी क्रान्तिका मुख्य कार्यभारको

रूपमा रहेका कृषिक्रान्ति र वैज्ञानिक भूमिसुधारका दुई मूल कार्यभारहरू भने अझै पूरा हुन सकेका छैनन् । अब कृषि क्रान्ति र आर्थिक गतिविधिलाई पुनर्संरचना गरी भूमि र कृषि क्रान्तिमा जोड दिनुपर्छ । यी बाँकी कार्यभार हरूलाई समाजवादी क्रान्तिको रणनीति अन्तर्गत पूरा गर्नुपर्ने दायित्व नेपालको श्रमजीवी वर्ग र नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको काँधमा आएको छ । 'लामो समयदेखि समाधान खोजिरहेका राजनैतिक, आर्थिक, सामाजिक प्रश्नहरूले सामाजिक संरचनाको पुनर्गठन गर्दै सम्पूर्ण आर्थिक, राजनैतिक, सामाजिक सम्बन्धहरूको आधारहरूलाई समष्टिगतरूपमा समाप्त गर्नु नै नेपाली विशेषताको समाजवादी क्रान्ति हुनेछ ।'

नेपाली समाज तीन किसिमका विशेषताहरुद्वारा भिन्न अवस्था छ: पहिलो, नेपाल कृषिप्रधान देश हो । ठूला कलकारखानाहरु र श्रम मात्र बेचेर बाँच्नुपर्ने सामूहिक रुपमा काम गर्ने श्रमिकहरुको संख्या ज्यादै न्युन छ । राष्ट्रिय पुँजीवादको विकासमा सामन्तवाद, दलाल तथा नोकरशाही पुँजीवादले अवरोध गरिरहेको छ । दोस्रो, नेपालमा धेरै जातजाति र समुदाय छन् तर कुनै एक जातजाति विल्कुलै बहुसंख्यामा छैनन् । जातजाति, समुदाय, भाषाभाषी, धर्म, संस्कृति, भौगोलिक आदि विशेषताहरुका दृष्टिले एक अल्पसंख्यक जात र जातिले अरु बहुसंख्यक उत्पीडित जात र जाति र समुदायहरुमाथि शोषण, उत्पीडन र विभेद गरिआएको छ र तेस्रो, हाम्रो देशमाथि पाइला-पाइलामा राष्ट्रिय जीवनमाथि साम्राज्यवाद, नवऔपनिवेशिकवाद र विस्तारवादको शोषण, उत्पीडन र थिचोमिचो चुनौतिका रहदै आएको छ । नेपाली समाजको आधारभूत चरित्र र प्रमुख समस्या (अन्तर्विरोध) हरु यिनै हुन् । यिनै विशेषताहरुले नेपाललाई रुस र चीनबाट फरक छुट्टाउँन सकिन्छ । यसैले हामीले हाम्रो विशेषतानुसार नेपाली समाजवादी आन्दोलनको अनिवार्य आधार जातजाति र समुदाय भेदभाव विहिनता पनि समेट्न भूल्नु हुंदैन । जहाँ सयौं जातजाति र भाषालाई पक्षपात विहिनताले समाजवादी आन्दोलनको विधानले समेट्न सक्नुपर्दछ । नेपालको विशिष्ट परिस्थितिले हाम्रो राष्ट्रिय मुक्ति आन्दोलनका दुई पक्ष छन्: पहिलो, साम्राज्यवाद र विस्तारवादजस्ता बाह्य शक्तिबाट सिंगो मुलुकको मुक्ति अर्थात भौगोलिक अखण्डता, मुलुकको स्वाधीनता र नेपाली जनताको सार्वभौमसत्ता र दोस्रो, विभिन्न जातिका नेपाली जनतालाई प्रभुत्वशाली शासक जातीय अहंकारवाद, शोषण, उत्पीडन र भेदभावबाट राष्ट्रिय मुक्ति प्राप्त गर्ने । नेपालको सन्दर्भमा 'समाजवादी क्रान्तिलाई कुनै एउटा निश्चित फाँटमा

लडिने वा कुनै एउटा मोर्चामा लडिने एउटा लडाइको रूपमा मात्र लिनुहुँदैन । यो क्रान्ति चौतर्फी वर्गसंघर्ष, सम्पूर्ण सामाजिक विसंगति, सम्पूर्ण राजनैतिक आर्थिक अवस्थाविरुद्ध, नयाँ आर्थिक-सामाजिक सम्बन्ध स्थापित गर्न लडिने संघर्ष हो ।' स्थानीय वर्गसंघर्षलाई मूल कडीको रुपमा लिदै राजनीतिलाई केन्द्रमा राखेर समाजको आधार र अधिसंरचनामा निरन्तर क्रान्ति ल्याउँदै उत्पादक शक्तिहरुको विकास गर्दै खेतीमा सहकारीकरण, अनि सामुहिकीकरण र अन्त्यमा सामाजिकीकरणको नीति अवलम्बन गरिनुपर्दछ । समाजवाद निर्माणको हतारोमा कृषिमा राष्ट्रियकरण र सामुहिकीकरणको पुरानो गल्ति भने दोहोरयाउनु बेठीक हुनेछ ।

वैज्ञानिक भूमिसुधार पहलो आधार

वैज्ञानिक भूमिसुधारलाई मुख्य रुपमा दुई पाटोमा छुट्याएर हेर्न सकिन्छ । पहिलो हो भूमिमाथिको अधिकार र दोश्रो, कृषि प्रणालीको विकास । वैज्ञानिक भूमिसुधार क्रान्तिपछिको आर्थिक सामाजिक प्रगतिशील रूपान्तरणको कार्यक्रम हो । चीन, भियतनाम र कोरियामा क्रान्ति सम्पन्न भएपछि मात्र भूमिसुधार संभव भएको थियो । पश्चिम वंगालमा कम्यूनिष्ट सरकार भएको हुनाले मात्र भूमिसुधार संभव भयो । दोस्रो विश्वयुद्धमा जापान पराजित भएपछि भूमिसुधार नगर्ने हो भने एशिया कम्यूनिष्टको हातमा जान्छ भन्ने कारणले अमेरिकाको चाहनामा भूमिसुधार गरिएको थियो । विश्वको अनुभवले देखाएको कुरा के हो भने भूमिसुधार विनाको कृषि क्रान्ति अर्थहिन हुन्छ । जमिनको स्वामित्वलाई न्यायपूर्ण वैज्ञानिक र व्यवस्थित नगरी कृषि क्रान्ति संभव पनि हुंदैन । मार्क्सवादी अवधारणामा समाजवादका लागि कृषिमा नीजी सम्पति उन्मुलन र वैज्ञानिक भूमिसुधार उत्पादन पद्धति र चक्लाबन्दीबाट उत्पादनमा छलाङ्ग मार्न सकिन्छ । वैज्ञानिक भूमिसुधारमा भूमिको पुनःवितरणको कुरा मात्र होइन यो कृषिमा व्याप्त सामन्ती, अर्धसामन्ती र नोकरशाही पूजीवादी सम्बन्धको पूर्ण अन्त्य गर्दै कृषिको बृहत्तर विकास, त्यसको आद्योगिकीकरण, रोजगारीको सिर्जना, गरिवी निवारण, समावेशीकरण र सामाजिक न्यायसहतिको समृद्धिसहितको समाजवादको आधार निर्माण गर्ने हुनुपर्दछ ।

भूमिसम्बन्धमा ठूलो भौगोलिक र ऐतिहासिक विविधता रहेको नेपालमा भूमि तथा किसान आन्दोलनको मुख्य माग र रुप कस्तो हुनुपर्छ भन्नेबारे लामो

समयदेखि रहदै आएको अन्यौलता र विवादको हल गर्न अबको समाजवादी आन्दोलनले सक्नुपर्दछ । एउटा सामाजिक प्रणालीलाई निषेध गरेर उच्चत्तर प्रकारको सामाजिक प्रणालीको जग बसाल्न प्रमुख भूमिका निभाउने श्रमजीवि वर्गको नेतृत्वमा चालक शक्ति निर्माण गर्न सक्नुपर्दछ । कृषिको क्षेत्रमा क्रमशः सहकारीकरण गर्दै गएर उद्योगको क्षेत्रमा राज्यको संरक्षण प्राप्त गरेर अथवा क्रमशः समाजवादीकरणको दिशामा अघि बढेर मात्र बहुसंख्यक उत्पादकर्ताहरुले आफ्नो अस्तित्व बचाउन र उत्पादकत्व बढाउन संभव हुन्छ । वैज्ञानिक भूमिसुधार गर्दा क्रान्तिकारी व्यवहारसंग गाँसिएन भने सिद्धान्त उद्देश्यविहिन हुन्छ त्यसरी नै क्रान्तिकारी सिद्धान्तले बाटो देखाएन भने व्यवहार अध्याँरोमा छामछुम गर्न थाल्दछ । त्यसैले सिद्धान्त र व्यवहारको द्वन्द्वात्मक सम्बन्धको कडीले जोडेर सामन्यकरण गर्ने र ठोस समाधान गर्ने बाटो अबलम्बन गर्नुपर्दछ । जमिनको घडेरीकरण, रेमिट्यान्सले भूस्वामित्वमा बदलाव र जमिनको तीब्र बेचविखनले अनुत्पादक पूजीवादमा आएको बदलावका कारण नेपालमा भूमिसुधारका कतिपय नाराहरु र उपायहरुको अहिले सान्दर्भिकता कम हुंदै गएको देखिन्छ तर भूमिसुधार नै असान्दर्भिक भएको भने छैन । यो वहस समाजका सबै क्षेत्रमा नयाँ ढंगले उठिरहेको छ । नेपालको कम्यूनिष्ट आन्दोलन मूलतः किसान क्रान्तिको नाराबाट उदय भएको थियो । वि.सं.२००७ पछि भूमिसुधारले आमूल परिवर्तन गर्न नसकेपनि सामन्तवादका राजनीतिक तथा आर्थिक आधार भत्काउने कडीको रुपमा स्थापित भएको छ । विज्ञान र प्रविधिले तहल्का मच्चाइरहेको आजको अत्याधुनिक विकासको जमानामा पनि कृषिकर्मको कुनै विकल्प नभएको स्थितिले कृषिको दिगो र सतत् विकासका लागि कृषि र किसानको जीवनमा रहेका जमिन, जल, जंगल, जडीबुटी, जनशक्ति र पर्यावरण सबै क्षेत्रमा रहेका समस्या हल गर्दै पर्यावरण र जनसंख्यामैत्री सर्वव्यापी वैज्ञानिक कृषि विकाससहितको वैज्ञानिक भूमिसुधारको अनिवार्यता र अपरिहार्यता आज अझ बढ्न गएको छ ।

युगौदेखि शोषित र उत्पीडित अवस्थामा रहेका र साँस्कृतिक रुपले अत्यन्तै पिछडिएका नेपालका गरिव भूमिहिन किसानहरुलाई सचेत र संगठित नगरीकन वैज्ञानिक भूमिसुधार लागू गर्न संभवै छैन । किनभने जबसम्म जसका लागि वैज्ञानिक भूमिसुधार गर्नुपर्ने हो उनीहरु सचेत भएनन् भने वैज्ञानिक भूमिसुधार

अरुको कार्यक्रम हुनपुग्छ । नेपालको सन्दर्भमा खासगरी ७० प्रतिशत भूमिहिन र गरिव किसानलाई वैज्ञानिक भूमिसुधारको पक्षमा सफलतापूर्वक परिचालित गर्नका लागि २५ प्रतिशत मध्यम तथा धनी किसानहरूलाई समर्थनमा ल्याउन अथवा विरोधमा जान नदिन र ५ प्रतिशत सामन्त तथा नोकरशाही पूजीपतिहरुमाथि कडाइपूर्वक वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्न विशेष ध्यान दिइनुपर्दछ । अहिले देशमा उपलब्ध करिब २६ लाख हेक्टर कृषियोग्य जमिनमध्ये ५ प्रतिशत सामन्त र नोकरशाही पूजिपतिहरुको हातको न्यूनत्तम ४० प्रतिशत जमिन मात्र जफत गर्ने हो भने पनि त्यो १० लाख हेक्टर हुन आउँछ, जुन ७० प्रतिशत भूमिहिन र गरिव किसान परिवारमा बाँड्ने हो भने प्रत्येकलाई थप आधा हेक्टरभन्दा बढी पुग्दछ । त्यसैले वैज्ञानिक भूमिसुधारमार्फत कृषि क्षेत्र र सम्पूर्ण अर्थतन्त्रमा वैज्ञानिक ढंगले कायापलट गर्न सकिने कुरामा कुनै शंका हुन सक्दैन । बितेका सात दशकमा नेपालले राजनैतिक र शासकीय क्षेत्रमा निकै उलटपुलटकारी परिवर्तनहरु व्यहोरे पनि तिनले सम्पत्तिको आधारभूत सूचकका रूपमा स्थापित भूमिस्रोतलाई हेर्ने दृष्टिकोणमा थोरै भएपनि फेरबदल ल्याउन सकेन । नेपालमा भूमि वितरणको असमान प्रणालीलाई सम्बोधन गर्न उपयुक्त नीतिको अभाव रहदै आएको छ । नेपालमा भूमिसुधारको राजनीतिक लक्ष्य सामन्ती भूसम्बन्धको अन्त्य गरी भूमिको पुनर्वितरणमार्फत सामाजिक न्याय प्राप्तिमा केन्द्रित हुनु समाजवादी क्रान्तिको मुख्य कार्यभार हो ।

आगामी समाजवादी बाटो

मार्क्स-एङ्गेल्सले विविध सामाजिक सम्बन्धहरूमध्ये आर्थिक र उत्पादन सम्बन्धले मुख्य र निर्णायक भूमिका खेल्ने 'सामाजिक-आर्थिक संरचना'को (Socio- Economic Formations) अवधारणा सूत्रबद्ध गरे जसको अर्थ सामाजिक (वैचारिक, आर्थिक, पारिवारिक आदि) घटना र प्रक्रियाहरूको जोड (Combination) हो । रुसी क्रान्तिको बदलिंदो अवस्थाले गर्दा लेनिनले भूमिसम्बन्धी नयाँ रणनीतिको लागि आफ्नो विभिन्न लेख-रचनाहरू पार्टीभित्र र बाहिर (खासगरी नारदोनिकहरूसंग त धेरै पहिले १८९० को दशकदेखि नै) बहस चलाउँदै आइरहेका थिए । पछिल्लो समय लेनिन सामन्तहरूबाट

भूमि जफत गर्ने र त्यसको राष्ट्रियकरण गर्ने जस्ता क्रान्तिकारी भूमिसुधारका अर्को मुख्य कार्यक्रमको पक्षमा उभिएका थिए । विश्वभरकै सबैभन्दा सफल भूमिसुधार भएका देशहरुमध्ये जापान, ताइवान र दक्षिण कोरियालाई लिन सकिन्छ । यी देशहरूमा भूमिसुधार हिंसाबिना नै लोकतान्त्रिक संरचनामा प्रवेश गरेको थियो र त्यहाँ पुनर्वितरणमुखी भूमिसुधार पद्धति अपनाइएको थियो र संविधान अनुसार नै भूमिसुधारलाई अन्य सुधारहरु अथात् राजनीतिक सुधार र भूमिसुधार संगसंगै लगिएको थियो । यो आजको नेपाली समाजवादी आन्दोलनको लागि सबैभन्दा उपयुक्त शिक्षा हुन सक्दछ ।

नेपालको सन्दर्भमा हामीले वैज्ञानिक भूमिसुधारको कार्यक्रम लागू गर्दा गरिव, किसान तथा श्राजीवि जनताको व्यापक समर्थन जुटाउँदै पहिलो छोटो अवधिमा गहकिलो धक्का दिने कार्यक्रमको खाँचो हुन्छ । दोस्रो, सबैखाले ग्रामिण भूमिलाई भूमिसुधारको दायरामा ल्याइ पुनर्वितरणको लागि सबैलाई यथेष्ट जग्गा उपलब्ध हुने गरि हदबन्दी निर्धारण गर्नुपर्दछ । सम्पूर्ण भूमिहिन कृषि श्रमिकलाई जग्गामा पहुँच हुने स्पष्ट प्रावधानको आवश्यकता पर्दछ । तेस्रो, जगेडा जमिन पहिचान गर्न, र मोही र भूमिहीनको सही लगत खडा गर्ने कार्यमा शुरुदेखि नै लक्षितवर्गको संलग्नता गरिनुपर्दछ, जसको कारण कार्यान्वयन द्रुत गतिमा सम्पन्न हुनसक्छ । र उनीहरुबाट प्रभावकारी रेखदेख हुनसक्यो भने पुनर्वितरणमुखी सुधारका साथसाथै कृषि विकास, सडक निर्माण, सिंचाई बाजारको पहुँच, उपयुक्त बालीको छनोट, मुल्य नियन्त्रण आदि जस्ता कार्यमा उचित ध्यान पुऱ्याउनुपर्छ अनि मात्र वैज्ञानिक भूमिसुधारले सफलता हासिल गर्दछ । चौथो, हदबन्दीभन्दा बढी कृषि जमिन हुनेको जगेडा जमिन वापतको र कृषि पेशा छोडी अन्य व्यवसाय अवलम्बन गर्न चाहनेले पाउने रकमको अधिकांश हिस्सा ऋण पत्रमार्फत साना उद्योग व्यवसायको विकासमा प्रवाहित गर्न वाध्य तुल्याएर भूमिसुधारको कार्यक्रम लागू हुंदाको अवधिभर सबैप्रकारको कृषिजमिन विक्री निषेधित गरिनुपर्दछ । पाँचौं, भूमिसुधारको अवधि र तत्पश्चात भावी पुस्तामा भूमिहिनता नआओस भन्ने कुराको निराकरणको लागि कृषिको सघनतामा बृद्धि बढी प्रतिफल दिने बालीनालीको छनोट उपयुक्त भू-उपयोग टुक्रा जमिनको चक्लाबन्दी उत्पादनको आकर्षक मूल्य आदिको समुचित व्यवस्थाबाट बढदो जनसंख्यालाई पर्याप्त खाद्यन्न उत्पादन हुन सकोस

र जगेडा कृषि श्रमिकको लागि रोजगारीको अवसर मिलोस भन्ने कुरामा ध्यान दिनुपर्दछ । छैठौं, समय अन्तरालमा आवासको लागि भूमिको आवश्यकता र माग शहरी र नजिकका क्षेत्रमा क्रमिक रुपमा बढदै जान्छ भन्नेबारेको सचेतता अवलम्बन गर्नुपर्दछ, । सातौं, कतिपय सरकारहरु ठूला आकारका जमिन र बाझो जमिनको अनिवार्य अधिग्रहण र शक्तिशाली व्यक्तिहरुले पकड निस्तेज पार्ने कार्यप्रति सचेत हुन जरुरी छ । ऐतिहासिक रूपमा वैज्ञानिक भूमिसुधार भनेको कार्यकाल प्रणालीको सुधार वा भूमि स्वामित्व अधिकारको पुनर्वितरण हो । यसरी वैज्ञानिक भूमिसुधार आर्थिक विकासको राजनीतिक पूर्वाधार हो । भूमिसुधार र स्थायित्व, लोकतन्त्र र समानता जस्ता राजनीतिक मूल्य मान्यताहरुबीचको सम्बन्ध स्थापित गर्दछ । राजनीतिमा आएको विकास र ज्ञानको फराकिलोपनका कारण वैज्ञानिक भूमिसुधार वहसमा रहिरहने मुद्दा बनेको हुन्छ ।

समाजवादी रुपान्तरणको लागि समाजमा रहेका सीमान्तकृत वर्गहरू– मजदुर, किसान, दलित, आदिलाई चालक शक्तिको रुपमा विकास गर्दै आम जनसमुदायको सम्मानपूर्वक, सबैप्रकारका अपमान र बहिस्करणबाट माथि उठेर सम्मानित नागरिकको रूपमा जीवनयापन गर्ने प्रक्रियाको थालनी पहिलो पाइला हो । यो सामाजिक न्यायसहितको समृद्धितर्फको यात्राको पहिलो खुट्किलो पनि हो । जनताको भूमिअधिकार स्थापित गर्न र भूमि समस्यालाई दीर्घकालीनरूपमा समाधान गर्न भूमिमाथिको निजी स्वामित्व पूर्णरूपेण अन्त्य गरी सार्वजनिक तथा सामाजिक स्वामित्व स्थापना गर्ने र वैज्ञानिक भूउपयोग नीतिका आधारमा भूमिको उच्चतम र महत्तम उपयोग हुने गरी आवश्यकता, उपलब्धता र औचित्यका आधारमा आमनागरिकलाई भोगाधिकारसहित भूमि उपलब्ध गराउने नीति बनाई लागु गर्नँपर्छ ।

हामीले विगतमा भूमिसुधार गर्न सकिने पाँचवटा ठूला अवसरहरु गुमायौं । पहिलो, २००७ देखि २०१७ (पुनर्वास योजनाद्धारा असफल बनाइयो), दोस्रो, २०४६ सालको राजनीतिक परिवर्तन (काँग्रेसको नवउदारवादी चिन्तन र एमालेको पार्टी विभाजनले संभव भएन), तेस्रो, २०५१ मा नेकपा (एमाले) को ९ महिने सरकार (बडाल आयोगको प्रतिवेदन आउनासाथ सरकार ढल्यो), चौथो, २०६२/६३ को जनक्रान्तिपछि (माओवादीको एकल क्रान्तिकारी नाराले समाप्त

भयो) । र पाँचौं, २०७४ मा गठन भएको झण्डै दुई तिहाईको कम्युनिष्ट सरकार (केपि ओलीको अंहकारवादले संभव भएन) । यी पाँचवटै घट्नाको सिकाइका आधारमा एकजना प्रसिद्ध जर्मन दार्शनिकले भनेझैं 'क्रान्तिपश्चात अधिकांश क्रान्तिकारीहरु प्रतिक्रान्तिकारीमा बदलिन्छन् र बाँकी रहेकाहरुले क्रान्तिलाई निरन्तरता दिनुपर्छ ।' जुन जिम्मा हाम्रो काँधमा आएको छ ।

वैज्ञानिक भूमिसुधार कार्यक्रम त्यति सहज हुने छैन । समाज जब सानो मात्राको उत्पादन सम्बन्ध एवं पुरानो संस्कृतिबाट औद्योगीकरण एवं शहरीकरण हुँदै नयां सांस्कृतिक परिवेशमा रुपान्तरण हुन थाल्दछ तब कृषि एवं औद्योगिक सर्वहारा वर्ग मात्र होइन, निम्न' पूँजिपति तथा मध्यमवर्ग पनि यसबाट पीडित हुनपुग्छन यसका लागि चारवटा तयारीहरु गर्नुपर्दछ जसमा पहिलो विचारधारात्मक तयारी हो । आम भूमिहिन तथा श्रमजीवि जनतालाई समाजवादी क्रान्तिविना भूमिसुधार संभव छैन त्यसैले समाजवादमा मात्र वैज्ञानिक भूमिसुधार संभव छ भन्ने विचारबाट लैश गर्न गरिनुपर्दछ । दोस्रो, साागठनिक तयारी हो । आजको दलाल पूजीवादसंगको लडाइ सजिलै जित्न सकिन्न त्यसैले श्रमजीविहरुको बलियो संगठन अनिवार्य हुन्छ भन्ने विचारबाट प्रशिक्षित गर्दैबलियो संगठन निर्माण गरिनुपर्दछ । तेस्रो कार्यक्रमिक तयारी हो । वैज्ञानिक भूमिसुधारका लागि हाम्रा तत्कालिन प्रयासहरु त्यसतर्फ केन्द्रीत हुनुपर्दछ । जनजिविकासंग सम्बन्धित सवालमा प्रगतिशील सुधारका कार्यक्रमहरु लागू गरिनुपर्दछ । चौथो, जनपरिचालनको तयारी हो । जब वैज्ञानिक भूमिसुधार कार्यक्रम लागू गर्न थालिन्छ तब यसका विरोधीहरु भूमिसुधार कार्यक्रम विफल बनाउन संगठीत रुपमा आउँनेछन् त्यसबेला श्रमिक वर्गको बलियो संगठन वैज्ञानिक भूमिसुधारको रक्षाका लागि विरोधीहरुको प्रतिरोध गर्न लाखौंको संख्यामा सडकमा आउने तयारी गर्नुपर्दछ । यसरी समाजवादका राजनीतिक, आर्थिक र सामाजिक विशेषताहरु हुन्छन् । अर्थात वैज्ञानिक भूमिसुधारले जमिनका अलावा प्राकृतिक स्रोत तथा कृषिसंग मात्र होइन समग्र राजनीतिक, आर्थिक र सामाजिक रुपान्तरणको पक्ष एकसाथ बोकेको हुनाले समाजवादको आधार निर्माण हुन्छ र समाजवादी क्रान्तिमा बल पुग्ने निश्चित छ ।

सन्दर्भ सामग्रीः

१. भट्राई बाबुराम (२)६३) राजनीतिक अर्थशास्त्रको आँखीझ्यालबाट, जनध्वनि प्रकाशन काठमाडौं ।

२. मार्क्स, एङ्गेल्स, (१८४८) कम्युनिस्ट पाटीको घोषणा पत्र(अनु.गोपीशरण उपाध्याय, स. डा.विजयकुमार पौडल, सम्पादन सहयोगी अशेष घिमिरे (वि.स. २०७५) जनता प्रसारण तथा प्रकाशन लिमिटेड.।

३. नेपाल सरकार (२०७२), नेपालको संविधान, कानुन किताब व्यवस्था समिति ।

४. खड्का, नहेन्द्र (२०६८), नेपालमा कृषि क्रान्ति र युवा किसान, टोपबहादुर खड्का ।

५. विश्वकर्मा, गणेश (२०७०) नेपालमा भूमिसुधारका आधारभूत मुद्दाहरु ।

६. श्रेष्ठ, सुदिप (२०७९) नेपालमा भूसिम्बन्धको विकास र कृषि संरचना कार्यपत्र ।

❖❖❖

एकीकृत समाजवादीको दस्तावेज
अर्को एउटा घुम्ती

दामोदर अर्याल
नेता, नेकपा (एकीकृत समाजवादी)

नेपालको कम्युनिष्ट आन्दोलनको विधिवत सुरूआत २००६ सालमा भएको हो । त्यो दिनदेखि आजको दिनसम्म आइपुग्दा यसले अनेकौँ हण्डर ठक्करका साथसाथै कैयौँ विजयका गौरवमय दिनहरू पनि गुजारेको छ । त्यस बाहेक जबजब यो आन्दोलन अत्यन्त कठिन र बिर्सजनको मोडमा पुग्यो, उसले सहिबाटो चयन गर्दै आफूलाई मोडेको पनि छ । यसका सन्दर्भमा भन्न सकिन्छ, महत्वपूर्ण र ऐतिहासिक घुम्तीहरू पार गर्दै आन्दोलन यहाँसम्म आइपुगेको हो । आन्दोलनको जीवनमा ब्यहोरेका केही महत्वपूर्ण घुम्तिहरूको सामान्य चर्चा गर्ने यस लेखको उद्देश्य हो ।

पार्टीको जन्म

त्यो ताका नेपाली समाज अन्धकारमा गुज्रिरहेको थियो, जतिवेला नेपालमा कम्युनिष्ट पार्टीको जन्मभयो । अन्धकार यस अर्थमा कि राजनीतिक हिसाबले राणाहरूको जहाँनिया शासन थियो । आर्थिक हिसाबले कृषिमा सामन्ती भूस्वामित्व र अन्य क्षेत्रमा पूँजीवादले आफ्नो खुट्टा पसार्दै थियो । सामाजिक हिसाबले घोर जातिप्रथा, हिन्दुहरूको एकक्षत्र प्रभाव, निर्विवाद महिला हिंसा, सिमित शिक्षा व्यवस्था र त्यसमा पनि उच्चवर्गको एकाधिकार, शून्य प्रायः आधुनिक चिकित्सा र नगन्य यातायात सेवा थियो ।

त्यतिखेर मुलुकभित्र प्रयाप्त शिक्षालयहरू नभएका कारण केही उच्च मध्यमवर्ग र मध्यमवर्गका मान्छेहरू शिक्षाका लागि भारततर्फ जान्थे । आम मानिसहरूका लागि शिक्षा शुलभ थिएन । नेपालीहरूका लागि शिक्षा प्राप्तगर्ने मुख्य केन्द्र प्राय कलकत्ता र बनारश हुन्थ्यो । ती विद्यार्थीहरू जो भारतमा अध्ययन गर्दथे, भारतमा चलिरहेको स्वतन्त्रता संग्रामबाट प्रभावित नहुने कुरै थिएन । त्यही प्रभावले गर्दा उनीहरूमा राणाशासन विरोधि भावना पनि जागृत हुँदै गयो । यस्तो राजनीतिक, आर्थिक र सामाजिक परिस्थितीमा २००६ साल बैसाख ११ गते कलकत्तामा नेपाल कम्युनिष्ट पार्टीको जन्म भएको हो ।

विधिवत हिसाबले नेपालमा कम्युनिष्ट पार्टीको जन्महुनु भनेको नेपालको इतिहासमा एउटा असाधारण र ऐतिहासिक घटना भन्न सकिन्छ । मानवजातिले आफ्नो विकाशको क्रममा आर्जन गरेको सवभन्दा विकशित चेतनासँग

नेपाललाई विधिवत र सांगठनिक हिसाबले जोडने काम कम्युनिष्ठ पार्टीको गठनले गऱ्यो । यसको जन्मले केवल एउटा पार्टीको जन्म मात्र गराएको थिएन, नयाँ चेतना र नयाँ सोचको प्रवेश गराएको थियो । त्यसकारण त्यो क्षण नेपाली कम्युनिष्ट आन्दोलनको महत्वपूर्ण र गौरवको क्षण हो ।

त्यस बाहेक यसले नेपालमा सबभन्दा उन्नत विचारको बिजारोपण गरायो पनि भन्न सकिन्छ । सिंगो नेपाली समाजको उज्यालोतर्फको यात्रामा कम्युनिष्ट पार्टीको गठन एउटा महत्वपूर्ण र ऐतिहासिक घुम्ति हो ।

झापा विद्रोह

नेपाल कम्युनिष्ट पार्टीको तेश्रो महाधिवेशनसम्म आइपुग्दा कम्युनिष्ट पार्टी सागठनिक हिसाबले एकै ठाउँमा थियो । तेस्रो महाधिवेशन र यसको वरीपरीबाट आन्दोलनमा व्यापक टुटफुट, विभाजन र विचारमा बेमेल जस्तो अवस्थाबाट आन्दोलन गुज्रिनु पऱ्यो । खासगरी २०१७ साल पौष १ मा राजा महेन्द्रले गरेको 'कु' लाई सो पार्टीका महासचिव डा.केशरजंग रायमाझीले सर्मथन गरेपछि विभाजन तीव्र बनेको पाइन्छ ।

कम्युनिष्ट पार्टीको बहुमत सदस्य रायमाझितर्फ उभिए । उक्त पार्टीका अल्पमत पक्षले 'कु' को विरोध गर्दै सोही वर्षको फागुनमा भारतको दरभंगामा विस्तारित वैठक बोलाए । यसलाई आन्दोलनमा आएको पहिलो विभाजन भन्न सकिन्छ । उक्त वैठकले निर्माण गरेको अन्तर जोन सामनज्यस्य कमिटी, २०१८ को दरभंगा ल्पेनम र २०१९ वैसाख ४–१५ मा भएको नेकपाको तेस्रो महाधिवेशनसम्म आइपुग्दा पार्टीभित्र अनेकौं विचारहरू जन्मे । ति विचारहरू नै फुटका कारण बने । तुल्सीलाल अमात्यको राष्ट्रिय प्रजातन्त्रको कार्यक्रमलाई पार्टीले पारित गरेपनि तत्कालिक नारामा उनीहरू एकमत हुन सकेनन् । कमरेड तुल्सीलाल अमात्यको संप्रभुता सम्पन्न संसदको स्थापना र कमरेड पुष्पलालको विघठित संसदको पुनःस्थापनाका बिचमा प्रतिष्पर्धा भयो । त्यसबाहेक क.मोहनविक्रम सिंहको संविधानसभाको माग छुट्टै थियो । तर, महाधिवेशनले संम्प्रभुत्ता सम्पन्न संसदको नारालाई बहुमतले पास गरेपनि पार्टीभित्र विचारधारात्मक संघर्ष रोकिएन । अझै तेज बन्दै गयो । यसले झन् सांगठनिक अराजकतालाई निम्त्यायो ।

विवादका बिच सम्पन्न भएको पार्टीको तस्रो महाधिवेशन पछि पार्टी पुरै निष्क्रिय रह्यो । विभिन्न तहका कमिटीहरूले आफूलाई केन्द्रबाट अलग रहेको घोषणा गर्नथाले । पार्टीभित्र सांगठनिक र विचारका हिसाबले पनि पुरै अराजकता फैलियो ।

एकातिर राजा महेन्द्रको दमन दिनप्रतिदिन बढ्दै थियो । युवाहरू त्यो उकुसमुकस चिरियोस् भन्ने चाहान्थे, तर, पार्टीले केही निकास दिन सक्ने अवस्थामा थिएन । यसैबीच रायमाझीले २०२४ सालमा फेरी तेस्रे महाधिवेशन गरे । कमरेड पुष्पलालले २०२५ सालमा अर्को तेस्रो सम्मेलन गरे । मनमोहन, शंभुराम र मोहनविक्रम जेलबाट छुटेर आएपछि २०२८ मंसिर २० मा छुट्टै केन्द्रीय न्युक्लियस गठन गरे । यसरी त्यो बेलामा कम्युनिष्ट आन्दोलन तितरवितर भएको पाइन्छ ।

यहि पृष्ठभूमिमा २०२८ सालमा झापा विद्रोह भएको थियो । यो विद्रोहमा पश्चिम वंगालको नक्सलवाडी आन्दोलनको ठूलो प्रभाव परेको देखिन्छ । तत्कालिन पार्टीको पूर्व कोशी प्रान्तिय कमिटीसँग आधारभूत मतभिन्नता देखाउदै झापा जिल्ला कमिटीले विद्रोह गरेपछि झापा विद्रोह सञ्चालन गरिएको थियो । झापा विद्रोहको मूख्य उद्देश्य सशस्त्र विद्रोहबाट सामन्ती राज्यसत्ता ध्वस्त गरी जनवादी राज्यसत्ता स्थापना गर्नुथियो ।

यो विद्रोहलाई पञ्चायती सरकारले व्यापक र निर्मम दमन गऱ्यो । कैयौ मान्छेहरू जेल र निर्वासनमा गए । २०२९ साल फागुन २१ गते पाँच जना क्रान्तिकारीहरूलाई इलामको सुखानीमा हत्या गरेपछि विद्रोह तितरवितर भएको पाइन्छ । यो विद्रोह केवल एक वर्ष चल्यो । तथापि यसले राष्ट्रिय र अर्न्तराष्ट्रिय क्षेत्रमा व्यापक चर्चा पायो । त्यतिबेला झापा विद्रोहले पञ्चायती सरकार पुरै हल्लीएको थियो । नेपालको कम्युनिष्ट आन्दोलनको इतिहासमा यसलाई पहिलो सशस्त्र विद्रोह मान्न सकिन्छ ।

यो विद्रोहमा आधारभूततहका मान्छेहरू सामेल भएका थिए । खासगरी किसान र भूमिहिनहरू । कम्युनिष्ट पार्टीको निष्क्रियतालाई तोड्न यो विद्रोह सफल रह्यो । देशभरका युवाहरू यो विद्रोहप्रति गौरवगर्दै यसमा सामेल हुन थाले ।

यद्धपी यसले अख्तियार गरेको वर्गशत्रु सफाया नीतिप्रति मान्छेहरूको ठूलो आलोचना थियो । पछि यो विद्रोह सम्बद्ध नेताहरू र यसबाट विकशित भएको कोअर्डिनेशन केन्द्रलेसमेत विद्रोहका दौरान भएका उग्रवामपंथी क्रियाकलापमा आत्मआलोचना गरेको पाइन्छ ।

तथापि जे भएपनि २०२८ को झापा विद्रोह सिथिल र निष्क्रिय भएको नेपाली कम्युनिष्ट आन्दोलनलाई व्युत्याउने एउटा गतिशिल प्रयास थियो । यो प्रयासमा उनीहरू पुरै सफल भए । झापा विद्रोहको प्रभाव पुरै देशभरी पऱ्यो । खासगरी युवाहरू यसबाट प्रभावित भए । यही विद्रोहको जगमा निर्माण भएको कोअर्डिनेशन केन्द्र, माले, एमाले हुँदै आज एकीकृत समाजवादीसम्म आइपुगेको छ ।

त्यसकारण २०२८ को झापा आन्दोलनलाई नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा एउटा महत्वपूर्ण घुम्ति मान्न सकिन्छ ।

जनताको बहुदलीय जनवाद

नेकपा (एमाले) को पाँचौ राष्ट्रिय महाधिवेशनबाट पारित जनताको बहुदलीय जनवाद नामक कार्यक्रम नेपाली कम्युनिष्ट आन्दोलनको अर्को एउटा महत्वपूर्ण घुम्ति हो । यद्यपि यसका सन्दर्भमा पार्टीभित्र फरक मत पनि थियो । तर, त्यो फरक मतले यसको प्रभावकारितामा कुनै फरक परेन ।

नेकपा (एमाले) ले जनताको बहुदलीय जनवाद नामक कार्यक्रम निर्माण गर्नुका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कारणहरू थिए ।

राष्ट्रिय कारण

२०४६ सालमा बहुदलीय व्यवस्थाको स्थापनार्थ भएको आन्दोलनमा एमालेको महत्वपूर्ण र नेतृत्वदायी भूमिका थियो । त्यसबाहेक पार्टीले नयाँ संविधान निर्माणमा पनि भाग लिएको हुनाले त्यो व्यवस्थाको स्वामित्व लिन पार्टी बाध्य भयो । यद्धपि पार्टीभित्र प्राप्त व्यवस्थाको जिम्मा नलिने र जनवादी आन्दोलनका लागि निरन्तर संघर्ष गर्ने आवाज नउठेको होइन । यसका लागि उनीहरूको योजना थियो, पार्टीलाई भूमिगत नै राख्ने, चुनावमा भाग लिनका लागि लुज फोरमलाई प्रयोग गर्ने ।

तर, पार्टीको बहुमत पक्ष यसका लागि तयार भएन । प्राप्त उपलब्धिको रक्षागर्ने र संसदलाई प्रयोग गरेर जनताको तत्कालिन समस्या समाधान गर्दै नयाँ जनवादी क्रान्तिका लागि शक्ति सञ्चय गर्ने नीति पार्टीले लियो । यो कामलाई सैद्धान्तिकरण गर्नु जरूरी थियो । फलस्वरूप जनताको बहुदलीय जनवादकमो जन्मभयो ।

अर्न्तराष्ट्रिय कारण

नेपालमा बहुदलिय व्यवस्था स्थापनाका लागि नेपाली कम्युनिष्टहरूले संघर्ष गरिरहँदा पूर्वीयुरोप र पूर्वसोभियत संघमा बहुदलीय व्यवस्था मागगर्ने जनतामाथि समाजवादी सरकारहरूले दमन गरिरहेका थिए । ती मुलुकहरूमा लागेको प्रजातन्त्रको नाराभित्र साम्राज्यवादी षड्यन्त्रको गन्ध आएपनि त्यँहा भएको दमनप्रति विश्व जनमत खुशी थिएन । चिनको तियानमेन स्क्वायर घटना पनि त्यही कालखण्डमा घटेको थियो ।

नेपालमा कम्युनिष्टहरू लोकप्रिय भैरहँदा विश्वका कम्युनिष्टहरू बदनाम भैरहेका थिए । कम्युनिष्टहरू प्रजातन्त्र विरोधी हुन्छन् र अव समाजवादको भविष्य छैन भन्ने जस्ता भाष्य निर्माण गर्न संसारभरका प्रतिक्रियावादीहरू जोडतोडका साथ लागि रहेका थिए । यसको प्रत्यक्ष प्रभाव एमालेमा पऱ्यो । हामी त्यस्तो होइनौँ है भन्नका लागि पनि आन्दोलनको शास्त्रिय शैली परिवर्तन गर्न जरूरी थियो । यसरी जबजको निर्माणमा तत्कालिन विश्व घटना पनि प्रभावी बन्यो ।

जे होस् जनताको बहुदलीय जनवादको कार्यक्रम नेपाली कम्युनिष्ट आन्दोलनको एउटा महत्वपूर्ण घुम्ति थियो । यही कार्यनीतिका आधारमा २०६२६३ को आन्दोलन सफल भएको तर्क गर्दा जबजप्रति प्रयाप्त न्याय हुन्छ ।

जबजको अर्को योगदान भनेको प्रतिष्पर्दाबाट श्रेष्ठता हासिल गर्ने नीति । यो प्रतिष्पर्दाको नीतिले कम्युनिष्ट आन्दोलनलाई लोकतान्त्रिकरण गर्न मदत पनि पुर्‍याएको थियो । त्यसबाहेक नेपालमा कम्युनिष्ट आन्दोलनलाई लोकप्रिय बनाउन जबजको प्रयाप्त योगदान रह्यो भन्दा केही फरक पर्दैन ।

त्यो भन्दा धेरै बहुदल प्राप्त भैसकेपछि राष्ट्रिय अर्न्तराष्ट्रिय क्षेत्रमा देखा परेका समाजवादविरोधी भाष्यलाई चिर्न र आम कार्यकर्तालाई आश्वस्त पार्न पनि

जबजको योगदान छ । त्यसकारण नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासमा यसको पाँचौ राष्ट्रिय महाधिवेशन र यसले पारित गरेको जनताको बहुदलिय जनवाद एउटा महत्वपूर्ण घुम्ति हो ।

माओवादी जनयुद्ध

बहुदल प्राप्तिपछि प्रायः नेपाली कांग्रेस सत्तारूढ भइ नै रह्यो । तथापि बेलाबेलामा कम्युनिष्टहरू पनि सरकारमा नगएका होइनन् । कांग्रेसको नीतिप्रति त आम जनता आजित छँदै थिए, कम्युनिष्टहरूले समेत जनताको मन जित्ने कामगर्न सकेनन् । उनीहरू पनि सामान्य सुधारमै अल्झिएको पाइन्छ । सबै क्षेत्रमा क्रान्तिकारी सुधारको काम गर्न कम्युनिष्टहरू लागेनन् वा सकेनन् । त्यसबाहेक कांग्रेसको असहिष्णु र मिचाहा प्रवृत्तिबाट मान्छेहरू आजित भैसकेका थिए । मान्छेहरू आफ्नो जीवनमा परिवर्तन चाहान्थे । तर, बहुदलले मान्छेको जीवनमा देखिनेगरी केही परिवर्तन ल्याएन । विश्व पूँजीवाद र उसको नवउदारवादी नीतिले देशभित्र दलालहरूको तीव्र उत्पादन गर्दै थियो । शिक्षा, स्वास्थ र अन्य क्षेत्रको नीजिकरणको प्रक्रिया तीव्र बन्दैथियो । मान्छेहरू दिनप्रतिदिन आक्रोसित भैरहेका थिए । ठिक यहि बेलामा २०५२ फागुन २ गते नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले शसस्त्र जनयुद्धको घोषणा गऱ्यो ।

शसस्त्र जनयूद्धको घोषणा नेपालको कम्युनिष्ट आन्दोलनको अर्को एउटा घुम्ती थियो । यसका आलोचकहरूले शसस्त्र जनयुद्धको जति आलोचना गरेपनि वा यसका सर्मथकहरूले यसको असाध्य गौरवीकरण गरेपनि जनयूद्धका सबल र दुर्वल पक्षहरूको पटाक्षेप भइसकेको छ । यसको ठिक मूल्याकंन पनि जनताले गरेका छन् । यसलाई कामगर्ने अवसर पनि दिए, प्रयाप्त परिणाम नभेटे पछि यसलाई यसको आकार र प्रभावलाई सिमित पार्न जनता नै उभ्भिए ।

तरपनि गणतन्त्र प्राप्तिको पुरै श्रेय माओवादीलाई दिदाँ केही फरक पर्दैन । गणतन्त्र माओवादीकै नारा थियो । अरू कम्युनिष्ट पार्टीहरूका राजनैतिक दस्ताबेजमा गणतन्त्रको कुरा उल्लेख गरेपनि पहलकदमीका हिसावले माओवादी नै अग्रस्थानमा थियो । यो मुद्धामा अरू पार्टीहरू सहयोगी मात्र भएका हुन । समाजमा दबिएका आवाजहरू र पछाडि पारिएका समुदायलाई राजनीतिको

मुलधारमा ल्याउन र अग्रगामी चेतनाको विस्तार गर्न माओवादी जनयुद्धको ठूलो भूमिका छ ।

माओवादी आन्दोलन एउटा ठूलो आवाजको साथ आएको एउटा भयकंर ज्वालामुखी थियो । तर, त्यो ज्वालामुखी बिस्तारै सेलाउँदै गयो । सेलाएको मात्र होइन, त्यो पार्टी भयकंर संसदवादी दलदलमा फस्यो । माओवादी नेताहरूको संसदवादी दक्षिणपन्थीरूझानले पार्टीलाई अनेकौं टुक्रामा विभाजित गरायो । विभाजित भएको मात्र होइन, पार्टीभित्र तस्कर र अपराधीहरू पनि जन्मिए । आफ्नो आन्दोलनभित्र तस्करीकरण, अपराधिकरण र सांस्कृतिक विचलनलाई उनीहरूले रोक्न सकेनन् । उनीहरूले आफ्ना कार्यकर्ताहरूलाई सामाजिक र राजनीतिक बनाउन पनि सकेनन् । त्यतिमात्र होइन, गणतन्त्रप्राप्ति पछि संसदीय फोहरमा उनीहरू यति धेरै फसे कि त्यो फोहरबाट उम्कन बहुत गाह्रो छ ।

फेरिपनि यो युद्ध नेपाली कम्युनिष्ट आन्दोलनको एउटा महत्वपूर्ण र बिर्सन नसकिने घुम्ति हो । यो कथाको अन्त्य दुखान्त भएपनि यसको सुरूआत त्याग, बलिदान, सर्मपण र आस्थाको छ । ती बलिदानी दिनहरू नेपाल कम्युनिष्ट आन्दोलनको गौरवमय क्षणहरू हुन् ।

एकीकृत समाजवादी दस्तावेज

मैले अगाडि उल्लेख गरे, जब जब नेपालमा कम्युनिष्ट आन्दोलनमा संकट आउछ, यसले आफूलाई नयाँ घुम्तिमा प्रवेश गराएको छ । आफूलाई जोगाएको छ । २०१७ पछि नेपालको कम्युनिष्ट आन्दोलनमा देखापरेको आत्मसर्मपणवाद, टुटफुट विभाजन र सांगठनिक अराजकतालाई २०२८ सालको झापा विद्रोहको मोडले सच्चाएको थियो । २०४७ पछि नेपालको कम्युनिष्ट आन्दोलनमा देखापरेको संसदीय भास र राजासँगको अघोषित मित्रतालाई २०५२ को शसस्त्र जनयुद्धले केही सच्याउन मदत गऱ्यो । गणतन्त्रप्राप्ति पछि कम्युनिष्ट आन्दोलनमा देखा परेको दक्षिणपन्थी, विर्सजनवाद, टुटफुट विभाजन र आन्दोलनको बुर्जुवाकरणलाई नेकपा (एकीकृत समाजवादी) को दशौं महाधिवेशनमा प्रस्तुत गरिने दस्तावेज र खासगरी समाजवादी कार्यदिशाले तोड्ने छ भन्ने यो पंक्तिकारको दाबी हो । त्यस कारण नेकपा (एकीकृत समाजवादी) को दशौं महाधिवेशन नेपाली कम्युनिष्ट आन्दोलनको अर्को एउटा मोड अथवा घुम्ति सावित हुनसक्छ ।

एकीकृत समाजवादीको दस्तावेजका केही महत्वपूर्ण पक्षलाई बुँदागत रूपान यसरी उल्लेख गर्न सकिन्छ ।

जनताको बहुदलीय जनवाद

दस्तावेजले प्रष्टसँग बोलेको छ, जनताको बहुदलीय जनवाद अब नेपाली कम्युनिष्ट आन्दोलनको मार्गनिर्देशक सिद्धान्त बन्न सक्दैन । इतिहासमा खासगरी २०६२६३ को जनक्रान्ति पछि यसको सान्दर्भिकता सकिएको छ । यस्तो घोषणा गर्नु भनेको स्वयम कमरेड मदन भण्डारीप्रति न्यायगर्नु पनि हो । कमरेड मदनले थुप्रै ठाउँहरूमा भन्नु भएको छ, जबज भनेको सार त नयाँ जनवाद नै हो, अर्थात यो सामन्तवाद विरोधी कार्यक्रम हो । आज राजकीय सत्ता र उत्पादन पद्धतिमा सामन्तवाद समाप्त भएको अवस्थामा जबजको उपादेयता सकिनु स्वभाविकै हो । जबजले उठाएका केही प्रसँगहरू अझैँ बाँकी छन् भने ती अव समाजवादी क्रान्तिका अंग हुनेछन् ।

प्रगतिशिल संसदवाद

२०४८ पछि कम्युनिष्टहरूले जसरी सरकार र संसदलाई प्रयोग गरे ती प्रयोगहरू असफल भए भन्ने दस्तावेजको आशय हो । जसरी पनि चुनाव जित्ने र जसरी पनि सरकारमा जाने तरिकाले आन्दोलनलाई फाइदा पुगेको छैन । बरू आन्दोलन बदनाम भएको छ । आन्दोलन बदनाम हुँदा यसका नेताहरू समाजमा दिनप्रतिदिन अलोकप्रिय भैरहेका छन् ।

यसको विकल्पमा एकीकृत समाजवादीले प्रगतिशिल संसदवादको प्रस्ताव अघि सारेको छ । निर्वाचन, संसद र सरकार पनि वर्ग संघर्षकै क्षेत्रहरू हुन् भन्ने यसको आशय हो । त्यसकारण ति क्षेत्रहरूमा विचारधारात्मक संघर्ष र वर्गपक्षधरता देखिनुपर्छ भन्ने कोणबाट दस्तावेज आएको छ ।

पार्टीमा युवा प्रतिनिधित्वको वैधानिक व्यवस्था

पार्टीलाई स्थिर तलाउ जस्तो होइन, बगिरहेको पानी जस्तो बनाउनु पर्छ । त्यसका लागि नयाँ युवा पुस्ताहरूलाई निर्णय गर्ने ठाउँमा नपुऱ्याई गतिशिल

संगठन बनाउन सकिदैन भन्ने सन्दर्भलाई दस्ताबेजले आत्मसात गरेको छ । त्यसकारण पार्टीको केन्द्रीय कमिटीमा २० प्रतिशत सिटहरू ४० वर्ष मूनिका कमरेडहरूलाई आरक्षण गरिएको छ ।

उम्मेदवार चयनको नयाँ व्यवस्था

वडा सदस्यदेखि मन्त्रिसम्म केन्द्रले छान्ने परम्परालाई यसपाली एकीकृत समाजवादीको दस्तावेजले अस्विकार गरेको छ । आ–आफ्नो क्षेत्रभित्र पर्ने राजकीय पदहरू सम्बन्धित कमिटीहरूले नै चयन गर्न पाउने नयाँ व्यवस्था आत्मसाथ गर्नु भनेको चानचुने कुरा होइन । यस्तो व्यवस्थाले शीर्षस्थ नेताहरूको स्वविवेकीय अधिकारलाई सिमित बनाएको छ ।

पार्टी नेतृत्वमा पुग्ने तेस्रो बाटो

सामान्यतया पार्टीभित्र लामो काम गरेका कमरेडहरू नै पार्टी नेतृत्वका लागि योग्य हुन्छन् र हुने गरेका छन् । तर, पार्टी बाहिर रहेर विभिन्न क्षेत्रमा योगदान गरेका, कुनै विषयवस्तुमा विशेषज्ञता हासिल गरेका र समाजवादी ध्येय बोकेका मान्छेहरू हुन सक्छन् । तर, आजसम्म आन्दोलनले त्यस्ता व्यक्तिहरूलाई नेतृत्वतहमा लान ध्यान पुऱ्याउँन सकेको थिएन । यो कामको शुरूआत गर्ने पहिलो पार्टी एकीकृत समाजवादी बन्दैछ । अब त्यस्ता व्यक्तिहरूको ज्ञान र क्षमतालाई आन्दोलनको हितमा प्रयोग गर्नुपर्ने आवश्यकतालाई दस्तावेजले महशुस गर्नु भनेको अर्को एउटा महत्वपुर्ण कदम हो ।

समाजवादी क्रान्तिको बाटो

अव क्रान्तिको मुख्य ध्येय भनेको समाजवादी क्रान्ति हो भन्ने निर्णय गर्नु भनेको अति महत्वपूर्ण कुरा हो । अव आन्दोलनले बाटो प्राप्त गरेको छ । आन्दोलनका शत्रु र मित्रहरू खुट्याएको छ । मित्रहरूसँग सहकार्य र शत्रुहरूसँग संघर्ष गर्ने बाचा गरेको छ ।

त्यसबाहेक संविधानका, कानुनका, संसदका र सरकारका समाजवादविरोधी प्रावधानहरू, कानुनहरू र अन्य प्रबन्धहरूका विरूद्धमा विचारधारात्मकहिसावले,

कानुनीहि साबले र अन्य संघर्षका तरिकाले व्यापक संघर्ष गर्ने कुरा गरेको छ । यो भनेको सबै क्षेत्रहरूमा वर्गसंघर्ष गर्ने भनेको नै हो । अथवा हाम्रा सबै गतिविधीहरूमा वर्ग पक्षधरता देखाउने प्रतिबद्धता हो ।

यो दस्तावेजले कुनै पनि तहको सरकार प्राप्तिका लागि समाजवादविरोधीहरू सँग गरिने अप्राकृतिक गठजोड र निर्वाचन जित्नका लागि वर्ग पक्षधरतालाई त्याग्ने प्रवृत्तिलाई अस्विकार गरेको छ ।

सारमा के भन्न सकिन्छ भने नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को असार १६ देखि २० सम्म काठमाडौँमा हुन लागेको दशौँ महाधिवेशनमा प्रस्तुत गरिने समाजवादी कार्यदिशा भएको दस्तावेज, पार्टीको महाधिवेशनले पारित गर्दै तदनुकुलको नेतृत्व निर्माण गर्‍यो भने नेपाली कम्युनिष्ट आन्दोलनको लागि यो एउटा कोशेढुगा सावित हुनेछ । त्यसवाहेक यो पंक्तिकारको के दावा हो भने अबको आन्दोलनको केन्द्रविन्दु यहि दस्तावेज हो । आजको दिन अरू कम्युनिष्ट पार्टीले जे भनेपनि यही विचारको सेरोफेरोमा उनीहरू नआई सुखै छैन । कि उनीहरू समाजवादी कार्यदिशामा आउने छन् या त विस्तारै आफूलाई बुर्जुवाकरण गर्ने छन् ।

यतिखेर एकीकृत समाजवादीले अत्यन्त सानो स्वरमा र शान्ततरिकाले एउटा ठूलो क्रान्तिको संखघोष गरेको छ । अत्यन्त भद्रताका साथ पूँजीवादलाई प्रत्यक्ष भिडन्तका लागि आह्वान पनि गरेको छ । अवका दिनहरू भिषण वर्गसंघर्षका दिनहरू हुनेछन् भन्ने प्रक्षेपण गरेको छ । त्यसकारण निर्धक्क भन्न सकिन्छ, एकीकृत समाजवादीको दस्तावेज सिंगो कम्युनिष्ट आन्दोलनको अर्को एउटा महान मोड अर्थात घुम्ति सावित हुँदैछ ।

❖❖❖

समाजवादी संघर्षः तत्कालका मुद्दाहरू

अशेष घिमिरे
नेता, नेकपा (एकीकृत समाजवादी)

केही राजनीतिक दल, नेता, विद्धान लेखक, चिन्तक र अन्य केही मानिसहरु हाकाहाकी भन्छन्, हाम्रो संविधानमा लेखिएको 'समाजवाद' र 'समाजवादी हौं' भन्ने राजनीतिक विचार नै समस्याको जड हो । तर के त्यस्तो हो त ? के समाजवाद नै समस्या हो त ?

एकपटक केही सय वर्ष शासणमा रहेको पुँजीवादलाई नजिकबाट नियालौं । पुँजीवादले आफ्नो दिग्विजयका क्रममा खासगरि फ्रान्सेली राज्यक्रान्तिका बेला समानता, स्वतंत्रता र भातृत्व दिन्छु भनेर गरेको कबोल, दिनप्रतिदिन झुठो भएको लाखौं प्रमाणहरु हाम्रासामु छन् । यसहिसाबले भन्दा त, पुँजीवादले बरु आफ्नो बैधता गुमाइसकेको प्रष्ट छ ।

तरपनि केही मानिसहरु पुँजीवादपट्टी फर्केर हेर्न चहान्नन् । बरु उल्टै, उनीहरुका प्रश्न, र विचार यस्ता छन्, मानौं समाजवाद शासणमा छ र आजका यी तमाम देशभित्र र बाहिरका समस्याहरुको, मानव जातिमा आइलागेको संकटको, असमानता, गरीबी र आततायी युद्ध आदिको जिम्मा मुक्तिकामी आन्दोलनले लिनुपर्नेछ । समाजवादले लिनुपर्नेछ । समाजवादीहरु चुपचाप भए त यो सारा समस्या स्वभावतः हल भैसक्थ्यो जस्ता बालसुलभ तर्कहरु बग्रेल्ती आउने गरेका छन् । तर यो नभुलौं, हामी पुँजीवादी विश्वव्यवस्थामा छौं । नेपाल राष्ट्र र नेपाली जनताले भोगेका रोजगारीको अभाव, विदेशीनु पर्ने बाध्यता, बाँझो जमीन, उद्यमहरुको टाटपल्टाइ, शिक्षा स्वास्थ्यजस्ता अधिकारहरु समेत किन्नुपर्ने बाध्यता, महंगी, भ्रष्टाचार, पर्यावरणको विनाश, श्रमजीवि महिला तथा बालबालिकाहरुको कष्टकर जीवन, विभिन्न रुपका विभेद, उत्पिडन, हिंसा लगायतका समस्याहरुको जरा पनि आज यही पुँजीवादमा छ ।

पाउलो फ्रेरेको दाबी छ, 'संवाद र संघर्षको माध्यमबाट उत्पिडितहरुले आफुलाई मात्र हैन उत्पिडकहरुलाई समेत मुक्त गर्ने ऐतिहासिक तथा मानवीय दायित्व पुरा गर्दछन् ।' त्यसैले यतिबेला विलम्ब नगरी पुँजीवाद बुझ्ने र बदल्ने ध्येयका साथ समाजवादी संघर्षका तत्कालिन मुद्दाहरुमा केही संवाद गर्नुपर्ने भएको छ ताकि समाजवादमाथि प्रश्न उठाउने चेतनाका संवाहकहरुलाई पनि मुक्त गर्न सकियोस् । किनकी समाजवादको मुद्दा सिँगो मानव समाजको मुद्दा हो, यो समाजको हरेक सदस्यको जीवन मानवीय बनाउने प्रयत्न हो । तसर्थ,

आउनुहोस् एकपटक समाजवादी संघर्षलाई ठीक दिशा र परिणाम दिन तत्काल के गर्ने भन्ने विषयमा छलफल केन्द्रित गरौँ ।

रोजगारी:

पूर्ण रोजगारी पुँजीवादमा सम्भव छैन। पुँजीपतिहरुको नाफाको लागि श्रमजीविमाथि शोषण जरुरी हुन्छ । 'शोषण' मुलतः पुँजीले श्रम शक्तिको मुल्यमाथि गरेको चोरी वा ठगी हो । अर्थात् पुँजीले श्रमबापतको ज्यालामा गर्ने बेइमानी हो । यो बेइमानीका लागि पुँजीवादी व्यवस्थामा बेरोजगारहरुको फौज अनिवार्य रुपले चाहिन्छ ताकि श्रमिक कमभन्दा कम ज्यालामा आफ्नो श्रम बेच्न बाध्य बनोस् । फलस्वरुप, पुँजीपतिले नाफाको दरलाई बढाउन सकोस् । यसरी पुँजीवाद, आँफैमा बेरोजगार उत्पादन गर्ने कारखाना हो । तसर्थ सबैलाई रोजगारी, समाजवादको पहिलो मुद्दा हो । यसका लागि तत्काल निम्न कुरामा ध्यान दिनुपर्छ ।

- घरेलु कृषिक्षेत्रको संरक्षण । कृषि क्षेत्रको औद्योगीकरण । यसका लागि आवश्यक जनशक्ति र पुर्वाधारमा व्यापक लगानी । सानोभन्दा सानो किसानको, सानोभन्दा सानो उत्पादन राज्यले किन्नुपर्छ, हरेक कृषि उत्पादनको विक्री ग्यारेण्टी गर्नुपर्छ ।

- भुमण्डलीकृत पुँजीवादको नीति नवउदारवादको निर्वाध प्रयोगले, हाम्रो जनशक्तिलाई सस्तोमा र सित्तैमा कृषि क्षेत्रबाट उखेलेर विश्व पुँजीवादको क्षेत्रीय तथा केन्द्रिय बजारमा लाने प्रक्रिया दिनदैन जारी छ । जनशक्ति पलायनको यो अवस्था रोकेर देशमै उद्योगधन्दाको विकास, सहुलियतपूर्ण कर्जा लगानी गरेर रोजगारीका नयाँ क्षेत्र र तरिकाको खोजी गर्नुपर्छ ।

- कस्ता उद्योगधन्दा, कस्तो जनशक्तिको निर्माण ? यसबारे व्यवस्थित योजना चाहिन्छ । जनशक्तिको विकासको लागि सोही अनुसारको शिक्षानीति, पाठ्यक्रम र शिक्षणशास्त्र चाहिन्छ । नेपाली विशेषताको समाजवाद निर्माणका लागि यो कार्यान्वयन गर्ने सामर्थ्य भएको जनशक्ति नवउदारवादी योजनामा किमार्थ बन्दैन । तसर्थ हाम्रो शिक्षा क्षेत्रलाई नवउदारवादको लगानी र प्रभावमुक्त क्षेत्रको रुपमा विकास गर्नुपर्छ । शिक्षामा हाम्रो आफ्नै योजना र लगानी हुनुपर्छ ।

- विना उत्पादन नाफाको खोजिमा रहने आजको वित्तीय पुँजीवादले, आम मानिसको हित, रोजगारीको बृद्धि, वस्तु र सेवाको उत्पादनमा लगानी केन्द्रित गर्न निरुत्साहित गर्ने मात्र हैन, यस्ता सबैखाले प्रयत्नमाथि अवरोध नै खडा गर्छ । बैकिङ तथा अन्य लगानीका नीतिहरु नै उद्योगधन्दा सिर्जना नगर्ने, रोजगारी सिर्जना नगर्ने तर सिर्फ आयात गर्ने र पैसाले पैसा कसरी छिटोभन्दा छिटो तान्छ, कसरी मुनाफाको दर आकाशिन्छ भन्ने कुरामा मात्र सीमित गर्ने वित्तियकरणमा केन्द्रित हुन्छन् । यसका लागि वित्तीय पुँजीवाद र त्यसका दलालहरुको चक्रव्युहमा समग्र अर्थनीति तयार गरिन्छ । यस कामका लागि दलाल पुँजीपति वर्ग र तिनको संरक्षक वित्तीय संस्थाहरुको जोडबल हुन्छ । हो, यसैका विरुद्ध आज समाजवादीहरुको केन्द्रिय संघर्ष अभिव्यक्त हुन्छ । तसर्थ वस्तु र सेवाको उत्पादनमा समेत सार्वजनिक लगानीका क्षेत्रहरु र प्रयत्नहरु जारी राख्न संघर्ष गर्नु, त्यसमार्फत उत्पादन र रोजगारी बढाउनु आजको समाजवादी आन्दोलनको प्राथमिक मुद्दा हो ।

सार्वजनिक लगानीको विस्तारः

सार्वजनिक लगानीको विस्तारविना समाजवाद असम्भव छ । तर पुँजीवादले सबै सार्बजनिक क्षेत्रलाई संकुचन गरेर यसलाई बजारको जिम्मा लगाइदिन्छ । खासगरि शिक्षा, स्वास्थ्य, उर्जा, यातायात, बाटोघाटो, खानेपानी, सञ्चार लगायतका सार्बजनिक सेवाका क्षेत्रहरु मानव जीवनका अपरिहार्य आवश्यकताका क्षेत्र हुन् । नवउदारवादको प्रभाव संगसंगै बढेको वित्तीयकरणले उत्पादन र रोजगारीलाई संकुचित गरेपछि, यी सार्वजनिक सेवाका क्षेत्रलाई नीजिकरण गर्ने र नाफाको मलिलो क्षेत्रको रुपमा विकास गर्ने कामले गति लिएको छ । यसले जनताका आधारभूत आवश्यकता समेत नाफाको स्रोत बनाएर, त्यसका लागि यस्ता सार्बजनिक सेवाहरुमा कार्टेलिङ र सिण्डीकेट खडा गरेर मानव जीवनलाई थप कष्टकर बनाएको छ । यस्तो प्रवृत्तीलाई निषेध गरेर, सार्वजनिक सेवाका क्षेत्रलाई आधारभूत रुपमा सार्बजनिक लगानीको क्षेत्रको रुपमा विकास गर्नु अनिवार्य छ ।

शिक्षा र स्वास्थ्यमा सार्वजनिक लगानी

आजको पुँजीवादले शिक्षा र स्वास्थ्यजस्ता अधिकारहरु खरिदविक्रीको माल बनाएको छ । राज्यले सार्वजनिक शिक्षा र स्वास्थ्यमा पर्याप्त ध्यान नदिएर, यसलाई नीजि क्षेत्रको जिम्मा लगाइदिँदा, न त राज्यको योजनामा जनशक्तिको विकास हुन्छ, न त त्यसले देश विकासमा टेवा पुग्छ । नवउदारवादले शिक्षा र स्वास्थ्यमा बढाएको व्यापारलाई सहयोग पुऱ्याउन 'नीजि राम्रो सार्वजनिक नराम्रो' भन्ने भाष्य नै स्थापित गराएको छ । तर संसारमा त्यस्ता प्रशस्त उदाहरण छन् जसले नीजि राम्रो सार्बजनिक नराम्रो भन्ने झुठ सजिलै खण्डन गर्छन् । पुँजीवादका यस्ता सबै प्रयत्नहरुको भण्डाफोर गर्ने र शिक्षा तथा स्वास्थ्यलाई सार्वजनिक लगानीको क्षेत्रका रुपमा सुनिश्चित गर्नुपर्छ ।

तीनखम्बे अर्थनीतिमा स्पष्टता:

हामीले सार्बजनिक (राजकीय), सहकारी र नीजी गरेर तीन खम्बे अर्थनीति भनेका छौँ । तर कुन खम्बाले के गर्ने भन्ने योजना नबनाउने हो भने, बाँकी दुई खम्बा नीजि पुँजीको सहयोगीको रुपमा र तिनैको अंगको रुपमा सीमित हुन जान्छन् । पुँजीवादी प्रणालीमा सार्वजनिक र सहकारी क्षेत्रले राज्यको संरक्षणविना नीजि क्षेत्रसँग प्रतिष्पर्धा नै गर्न सक्दैनन् । यसकारण कुन पुँजीले के गर्ने भन्ने क्षेत्र निर्धारण नगर्दा, तीन खम्बे नीति व्यवहारतः एकखम्बे हुनपुग्छ । यतिमात्र होइन, सहकारीलाई नवउदारवादले सहवरण गरेपछि, सहकारीहरु स्वयं वित्तीय शोषणको नयाँ क्षेत्र र औजारका रुपमा विकास भएका छन् । तसर्थ लगानीको क्षेत्रहरुको विन्यास र सहकारी क्षेत्रलाई राज्यको संरक्षण समाजवादको अनिवार्य शर्त हो ।

साना तथा मध्यम उद्योगको संरक्षण:

घोषणापत्रमा मार्क्स भन्छन्, 'पुँजीवादी राज्यमा सरकार पुँजीपति वर्गको हित संरक्षण गर्ने प्रवन्ध समिति हो ।' यस्ता सरकारहरुले स्वतंत्र बजारको नाममा पुँजीपति वर्गको संरक्षण गर्ने गर्दछन् । फलस्वरुप, सरकार र सत्ताका अन्य अवयव प्रयोग गरेर साना तथा निम्न आय भएका मध्यम तथा साना उद्यमहरु ठुला एकाधिकार पुँजी र बहुराष्ट्रिय निगमहरुको कोपभाजनमा पर्ने गर्दछन् ।

तिनीहरु निमोठीन्छन् । तसर्थ यी साना तथा मध्यम पुँजीलाई राज्यको संरक्षण जरुरी हुन्छ । यो काम पुँजीवादी सरकारले गर्दैन, समाजवादीहरुले नै गर्नुपर्छ ।

सुशासनः

पुँजीवादी व्यवस्था वर्गीय व्यवस्था भएकोले यसभित्र सिर्जना भएका हरेक मुद्दामा वर्ग दृष्टिकोण हुन्छ । सुशासन आफैमा वर्गीय मुद्दा हो । करछलि गर्न सक्नेहरुका लागि, राज्यको उद्योगधन्दालाई बन्द गराएर मालामाल बन्ने दलाल पुँजीपति वर्गका लागि, जनताको करोडौँ अपचलन गरेर पनि शानका साथ केही भएको छैन जसरी हिँड्न सक्नेहरुका लागि, पहुँचवाला ठग र तस्करहरुका लागि पुँजीवादी व्यवस्थाले सुशासन दिएकै छ । तर आम जनताको लागि, देशमै केही गरिखान प्रयत्न गर्ने देशभक्त उद्यमी र श्रमजीविहरुका लागि भने सुशासन छैन । 'लाखौँका लागि उजाड छ यो देश मुठ्ठी भरलाई त स्वर्ग छ' भन्ने गीत अहिले पनि सान्दर्भिक छ । तसर्थ आम जनता र श्रमजीवि वर्गको पक्षमा 'सुशासन' समाजवादी संघर्षको महत्वपूर्ण मुद्दा हो ।

समृद्धिः

पुँजीवादी समृद्धि र समाजवादी समृद्धिमा आकाश जमिनको अन्तर छ। पुँजीवादमा सबैका लागि समृद्धि सम्भव छैन । कतै सम्पत्तीको थुप्रो, कतै गरीबी, अभाव र जीर्ण जीवन पुँजीवादी समृद्धिको द्योतक हो । यसरी पुँजीवादी समृद्धि मुठ्ठीभरका लागि वास्तविकता र बहुसंख्यकका लागि भ्रम हो । यसलाई पुष्टि गर्न उनीहरु हातका औँला समान नभएजस्तो सबैको विकास संभव छैन, थोरैको विकास नै सबैको विकास हो भन्ने बकवास गर्दछन् । तर समाजवादीहरुको समृद्धि भने, मार्क्स एंगेल्सले अभिव्यक्त गरेको 'प्रत्येकको विकास सबैको विकासको अनिवार्य शर्त हो' भन्ने भावनाको मुर्त र ठोस कार्यन्वयन हो । समाजवादको समृद्धि सबै मानविय ज्ञान, उत्पादन र स्रोतसाधनमा न्यायपूर्ण स्वामित्व स्थापना गर्नु हो ।

भ्रष्टाचारः

थोरैको हित र धेरैको शोषण गर्ने यो पुँजीवादी व्यवस्थालाई सुदृढ गर्ने नीतिगत, कानुनी र अन्य प्रणाली व्यवस्था गर्न भ्रष्टाचार अनिवार्य हुन्छ । तसर्थ पुँजीवाद

भ्रष्टाचारविना बाँच्नै सक्दैन । भ्रष्टाचार र पुँजीवादलाई अलग गर्नै सकिँदैन । सार्वजनिक लगानी खुम्च्याउन, राजकीय र मानवीय प्रयत्नलाई निस्तेज पार्न, छिटोछिटो र धेरै धेरै नाफा गर्न राजनीतिक दल, त्यसका नेता कार्यकर्ता, कर्मचारी र पुँजीवादी स्वयं आफुहरुले समेत आफु अनुकुल नोकरशाही खडा गर्ने गर्दछन् । यस्तो पुँजीवादी प्रणालीको लाइफलाईन भने भ्रष्टाचार हो । ठोकेर भन्न सकिन्छ, भ्रष्टाचार बन्द हुँदा पुँजीवाद मर्छ । तसर्थ भ्रष्टाचारको नियन्त्रण र अन्त्य समाजवादको महत्वपूर्ण मुद्दा हो । तसर्थ सबैखाले भ्रष्टाचारविरुद्ध संघर्ष, समाजवादी संघर्षको अभिन्न अंग हो ।

पर्यावरणको सुरक्षा:

पर्यावरण र वातावरण तथा प्राकृतिक सम्पदाहरुको सुरक्षाको सवाल यो पुस्ताको मात्र हैन आगामी पुस्ताको पनि बाँच्न पाउने अधिकार र न्यायसँग सम्बन्धित विषय हो । आज नाफका लागि अनियंत्रित रुपमा गरिने प्राकृतिक स्रोत साधनको दोहन, त्यसले निम्त्याउने पर्यावरणीय संकट र परिणामस्वरुप त्यसले मानव जातिको अस्तित्व माथि नै निम्त्याइरहेको खतरालाई पुँजीवादले कुनै वास्ता गर्दैन । पुँजीवादलाई विकास र समृद्धिको यस्तो ज्वरो आएको छ जसले नाफा हुन्छ भने स्वयं पुँजीपतिको विनाश पनि उ सोच्न सक्दैन । जस्तोसुकै मुल्यमा ऊ नाफा चाहान्छ र मानव समाजको ध्वंस प्रति बेपरवाह छ । तर समाजवाद मानव समाजको स्थायीत्व र विकास चहान्छ । यसका लागि पर्यावरणको सन्तुलन अपरिहार्य छ भन्ने कुरा समाजवादका आधारभूत मान्यता हो । विकास र समृद्धिको आवरणमा पर्यावरणीय संकट निम्त्याएर मानव समाजलाई अनिश्चिततातर्फ धकेल्ने पुँजीवादी प्रयत्नको खिलाफमा समाजवादी संघर्ष अगाडि बढाउनुपर्नेछ ।

सामाजिक आन्दोलन र वर्गसंघर्ष:

जाति, भाषा, लिंग, क्षेत्रका नाममा भएका अमानविय विभेदहरु, त्यसका नाममा हुने शोषणका अनेक रुपविरुद्ध दलित, महिला, पिछडिएको क्षेत्र, आदिका सामाजिक आन्दोलनहरु जारी छन् । यी आन्दोलनलाई श्रमिकहरुबीच फाटो र बेमेल ल्याउने अवसरका रुपमा प्रयोग गर्न, उनीहरुमा विभाजन र एकका

विरुद्ध अर्को खडा गर्न पुँजीवादीहरु क्रियाशील छन् । तर समाजवादी संघर्षले यी प्रत्येक मुक्तिकामी संघर्षलाई एकअर्काको परिपुरकका रुपमा संगठीत गर्नुपर्छ । सबै सामाजिक आन्दोलनलाई वर्गसंघर्षसँग गाँस्नुपर्छ ।

समाजवादको लडाइँ निसन्देह वर्गसंघर्ष हो । स्थानीय तहदेखि केन्द्रिय सरकारसम्म, नीतिनिर्माणको थलो सदनदेखि सडकसम्म संघर्षलाई व्यवस्थित र सुदृढ गरेर वर्गसंघर्ष सञ्चालन गर्नुपर्छ । सरकार, सदन र सडकमा पुँजीवादीहरुले गलत र नक्कली मुद्दाहरु अगाडि सार्ने गरेका छन् । यसप्रति सचेत रहँदै सुसुचित वर्गसंघर्ष कसरी चलाउन सकिन्छ, त्यसको मसिनो तयारी समाजवादी संघर्षको आवश्यकता हो ।

खर्चिलो निर्वाचन प्रणाली र उम्मेद्वारः

एक समय थियो गरीबले राजनीति गर्नु हुँदैन भन्थे । अहिले समय आएको छ गरीबले राजनीति गर्न सक्दैन भन्ने । निर्वाचन खर्चिलो बनाएर पुँजीवादले आफ्ना प्रतिनिधीहरुले मात्र जित्ने प्रणाली विकास गरिरहेको छ । स्वभावतः श्रमजीवि वर्गको र आम जनताको प्रतिनिधिले यस्तो खर्चिलो निर्वाचन धान्न सक्दैन । यो परिस्थितिमा कि त उसले निर्वाचनमा सहभागीता जनाउँदैन, कि त तिनै पुँजिपति वर्गको चन्दामा भर परेर चुनाव लड्छ । फलस्वरुप, उसले आफ्नो मुद्दामा सम्झौता गर्नुपर्छ किनकि पुँजिपतिको चन्दा लिएर श्रमजिवि वर्गको पक्षमा वकालत गर्ने परिस्थिति बन्दैन । तसर्थ समाजवादको लागि खर्चिलो निर्वाचन र उम्मेद्वार सहयोगी हुन्नन् ।

विस्तारित अन्तराष्ट्रिय सम्बन्ध

असंलग्न राष्ट्रहरुबीचको गहिरो संवाद, दक्षिणदक्षिण सहकार्यका विकल्प र अवसर हरुको खोजि, विभिन्न पुँजीवाद तथा साम्राज्यवादसँग लडिरहेका देशहरुसँग नयाँ र आपसी सम्बन्धको विस्तार, पश्चिमा साम्राज्यावादको प्रभावबाट मुक्त हुन खोजिरहेका अन्तराष्ट्रिय मञ्चहरुमा उपस्थिति र सहभागिता समाजवादी संघर्षका लागि आजको महत्वपूर्ण मुद्दा हो । विआरआइ, ब्रिक्सजस्ता प्रयत्न र मञ्चहरुमा देशको सहभागितालाई विस्तार गर्नुपर्छ । हाम्रो आफ्नो योजना र आवश्यकतामा लगानीहरु भित्र्याउने सचेत पहल गर्नुपर्छ ।

सांस्कृतिक अतिक्रमणको प्रतिवादः

पुँजीवादी तथा साम्राज्यवादीहरुले आफ्नो दमनकारी व्यवस्था सुदृढ गर्न कुनै पनि देशको मौलिक संस्कृतिमाथि हमला गर्ने गरेकै छ । यो देश खराब छ, यो देशमा उत्पादन हुने सामाग्री खराब छ, नेपाली हो नि जे नि गर्छ, हामी नेपालीको बानी नै खराब छ, हामी खान पनि जान्दैनौँ, हाम्रो व्यवस्था नै राम्रो छैन, यहाँको गीत संगीत साहित्य कला केही गतिलो छैन, हामी त कति हो कति अल्छि छौँ, जस्ता भाष्य खडा गरिएको छ । शान्तिका नाममा लाखौँ मानिसमाथि हमला गर्नेहरु हामीभन्दा मानवीय र असल कुनै हालतले हैनन्, छैनन् । नाफाका लागि युद्ध र बर्वादीको कहर मानव समाजमा लाद्नेहरु यस्ता वाइयात विचारहरु विभिन्न माध्यमबाट हामीमा थोपर्छन् र आफ्नो अपराधी चेष्टालाई लुकाउने भरपुर प्रयास गरिरहेका हुन्छन् ।

साम्राज्यवादीहरुले यस्तै भाष्यका आवरणमा हाम्रा जनशक्तिलाई कौडीका भाउमा उसका क्षेत्रीय तथा केन्द्रीय शहरहरुमा लिएर गएको छ । हाम्रो उत्पादनको क्षमतालाई उसले तहसनहस गरेको छ। हामीलाई दिग्भ्रमित पार्दै सहि र आवश्यक पहलकदमी लिनबाट हामीलाई बञ्चित गरेको छ । हाम्रो आफ्नो सांस्कृतिक, मनोवैज्ञानिक क्षमता समेत संकुचित गराइदिएको छ । यस्ता विषयमा सही सुचना र ज्ञान लिएर असल, सुसंस्कृत, मानविय र सहकार्य भावको संस्कृतिको पक्षमा छौँ हामी छौँ । साम्राज्यवादीहरुका झुठ र षडयन्त्रप्रति हामी सचेत छौँ भन्ने सन्देश हामीले दिन सक्नुपर्छ। यो बुझ्ने सांस्कृतिक चेतना हामीले विकास गर्नुपर्छ । यसरी, हामीमाथि थोपरिने कुनैपनि सांस्कृतिक अतिक्रमणको हामी मिलेर प्रतिरोध गर्नु, आलोचनात्मक चेतना र संस्कृतिको विकास गर्नु आजको समाजवादी आन्दोलनको अर्को महत्वपूर्ण मुद्दा हो ।

राष्ट्रियताको प्रवर्द्धन, सार्वभौमिकताको रक्षा र सीमा सुरक्षाः

भुराजनीतिक संवेदनशीलता पुँजीवादले आफ्नो स्वार्थको लागि प्रयोग गर्ने अर्को हतियार बनेको छ । हाम्रोजस्तो राष्ट्रहरुमाथि अनेक नीति, सन्धी र सम्झौताहरु गरेर हाम्रो राष्ट्रियता कमजोर बनाउन, हाम्रो सावैभौमिकता कमजोर बनाउन र कतिपय सन्दर्भमा हाम्रो सीमामा समेत अतिक्रमण जारी

छ । तसर्थ हाम्रो समाजवादी संघर्षको अर्को महत्वपूर्णै मुद्दा राष्ट्रियताको प्रवर्द्धन, सार्वभौमिकताको रक्षा र सीमा सुरक्षा हो । यसमा हामी सम्झौताहीन संघर्ष गर्नेछौँ ।

सुदृढ समाजवादी पार्टी र जनताः

उल्लेखित मुद्दाहरु छुट्टाछुट्टै मुद्दाहरु होइनन् । यी मुद्दाहरुको एकअर्कासँग घनिष्ट रुपमा गाँसिएका छन् । यीनका वरिपरि अन्य थुप्रै मुद्दाहरु पनि छन् जसबारे हामी स्पष्ट हुनुपर्नेछ । यी मुद्दाहरुलाई संगठीत गर्ने र व्यवस्थित ढंगले संघर्ष सञ्चालन गर्ने वैज्ञानिक ज्ञान र सुचनामा अधारित सुव्यवस्थित समाजवादी पार्टीबिना समाजवादी संघर्ष फलदायी बन्दैन ।

तर पार्टी एक्लै पनि केही होइन । कुनै नेता वा पार्टीले समाजवाद दिने र जनताले लिने भन्ने हुँदैन । हरेक जनता सुष्पष्ट दृष्टिकोण भएको मुद्दाकेन्द्रित पार्टीको संगठीत प्रयत्न र संघर्षमा आफै सामेल भएर मात्र समाजवाद सन्निकट हुन्छ । यसका लागि पार्टी र जनताको खँदिलो एकता चाहिन्छ । चे ग्वेभेरा भन्छन्, 'कोही मुक्तिदाता हुँदैन, जनताले आफ्नो मुक्ति आँफै गर्छन् ।' यसका लागि पार्टी, संगठन र जनता सँगसँगै अगाडि बढ्ने, संघर्ष गर्ने परिस्थिति निर्माण गर्नु, त्यसका लागि मिहिनेत गर्नु आज समाजवादीहरुको दायित्व हो ।

❖❖❖

विकल्प समाजवाद

अर्जुन राई

अध्यक्ष, समाजवाद अध्ययन केन्द्र नेपाल

फेरि एक पटक समाज विकास क्रमका वारेमा सार्थक मन्थन गरौँ । आदिम साम्यवादी युग, दासयुग, सामन्तवादी युग, वर्तमान पुँजीवादी युग र समाजवादी युग । हामीले जतिसुकै कुरा गरेपनि समाज विकासक्रमको गहिरो अध्ययन नगरी, आज हामी कुन युगको कुन चरणमा छौँ भन्ने कुराको ज्ञान नराखी आजको दिनमा हाम्रो सामु उभिएको तमाम समस्या, निराशा, कुण्ठा, अलमल, अभाव, अकर्मन्यता, सबै प्रकारका विभेदहरू र राष्ट्र, समाज अनि व्यक्तिहरूको दिशाहीनताको गाँठो पर्गेल्न सकिँदैन ।

मानव समाजको प्रारम्भिक रूप आदिम साम्यवादी युग । त्यस युगमा मानिसले प्रकृतिद्वारा दिइएका चीजबाट जीविका चलाउँथे र यस युगको उत्तरार्ध तिर पशुपालन र खेतीबाट जीविका चलाउन शुरू सम्म भएको पाईन्छ । त्यति बेलाको समाजमा उत्पादक शक्तिको विकास र चेतना ज्यादै न्युन अवस्थामा थियो । मानिसले एक्लै प्राकृतिक शक्तिहरूसित भिड्न र जीवन निर्वाह गर्नको निम्ति साधन प्राप्त गर्न सक्दैनथ्यो । जीविकापार्जनको लागि साधन प्राप्त गर्न सामुहिक रूपले मिलेर काम गर्दथे । प्रकृतिद्वारा प्राप्त उत्पादनका साधनहरू साझा थियो । निजी भन्ने कुनै कुरा थिएन । सामुहिक श्रमद्वारा प्राप्त जीवन निर्वाहका सबै साधनहरूको वितरण समान रूपमा हुन्थ्यो । निजी सम्पत्ति नभए पछि वर्गहरू हुने कुरा भएन । वर्गहरु नभए पछि वर्गीय शोषण नहुने नै भयो । राज्य भन्ने चीजको परिकल्पना पनि थिएन । त्यसैले त्यो युग र त्यतिबेलाको समाज अवचेतन नै सही पुर्णरुपमा समानतामा आधारित थियो । वैयक्तिक स्वार्थ रहित समाज थियो ।

आदिम साम्यवादी युगको समाप्ति संगै मानव समाज दासयुगमा प्रवेश गरे । मानव समाजले सबै भन्दा बढी यही दासयुग झेले । मानवियताको सर्वस्व हरण यही युगमा भएको छ । समग्रतामा यसो भनौं आदिम साम्यवादी युगको समाप्ति पछि दास युग र दास युग पछिको सामन्तवादी युगलाई वर्गहरुको जन्म अनि विकास र एक वर्गले अर्को वर्गको शोषणको युग भन्दा अतिशयोक्ति हुदैन । भलै यी दुई युगको आधारभुत चरित्र वर्गीय शोषणमा आधारित रहे पनि शोषण गर्ने तरिका, प्रकट रूपहरू, संरचनाहरु, मुल्य मान्यताहरु, निजी सम्पत्ति, उत्पादनका साधनहरू माथीको वर्चस्व, उत्पादन प्रणालीमा परिवर्तन र सोचाईको तरिकाहरू लगायत अरु थुप्रै कुराहरूमा भिन्नता पनि

थिए । यस पंक्तिमा दास युग र सामन्तवादी युगको सम्बन्धमा विषय प्रवेश मात्र गरेको छु । जसको विस्तृत अध्ययन सम्बन्धित सामग्रीहरूको खोजी गरी अध्ययन गर्न अनिवार्य छ र सकिन्छ ।

सामन्तवादी युगको समाप्ति संगै विश्व मानव समाज पुँजीवादी युगमा प्रवेश गऱ्यो । स्वभाविक हिसाबले बुझ्नु के पर्दछ भने ऐतिहासिक परिवर्तनहरू समय, मानिसहरूको चेतना, राजनीतिक चेतना, वस्तुगत परिस्थिती, भौगोलिक अवस्थिती, सामाजिक परिवेश र अरु विविध आयामहरुको प्रभाव र असरहरुले कहीँ चाँडो कहीँ ढिलो हुन पुग्दछ । यस्तो ऐतिहासिक परिवर्तनहरू एकै समयमा एकमुष्ट हिसाबले आउने र लागु हुने विषय होईन । सामन्तवादी युगमा समेत पुँजीवादको भ्रुणहरु थिए र आज पनि सामन्तवादको अवशेषहरू रहेको पाउदछौं । मुलतः पुँजीवादको प्रादुर्भाव युरोपियन मुलुकहरूमा आज भन्दा करिब पाँच सय वर्ष अगाडी सोह्रौं शताब्दीको उत्तरार्ध तिर भएको पाईन्छ । नेपाल त्यो समय राजनीतिक प्रणाली, उत्पादन प्रणाली र उत्पादनको सम्बन्धहरूको हिसाबले पुर्णरुपले सामन्तवादी सामाजिक राजनीतिक प्रणालीमा रहेको थियो । तथापी पुँजीवादको भ्रुणहरु अवश्य थिए भन्न सकिन्छ । राजनीतिक प्रणालीको हिसाबले चैं ०६२/६३ को ऐतिहासिक जनक्रान्तिले दिलाएको परिवर्तन सँगै नेपाल पुँजीवादी युगमा प्रवेश गरेको वामपन्थि दलहरुले घोषणा गरेको पाउँदछौं । यहाँनेर हामीले बुझ्नै पर्ने विषय चैं के हो भने किन युगहरु परिवर्तन भए र हुनपर्छ त ? मुलतः यसको प्रमुख कारण उत्पादन पद्दतीमा हुने फेरबदल वा पुनर्गठन नै हो । मानव जगतको प्रगतिशील परिवर्तनको लागि उत्पादन पद्दती र सम्बन्धमा क्रान्तिकारी पुनर्गठन वा फेरवदल अनिवार्य छ । युग परिवर्तनको आधारभूत चिज पनि यही हो । श्रृंखलाबद्ध हिसाबले आएको विषयवस्तुबाट प्रष्ट के हुन्छ त भन्दा हामी आजको दिनमा पुँजीवादी युगमा छौं । यो युग सामन्तवादी युगकै गर्भबाट आएको हो भन्ने कुरा भुल्न हुन्न । सामन्तवादी युगमा जसरी निजी सम्पत्तिको अस्तित्व र उत्पादनको साधनमा सिमित व्यक्तिहरुबाट कब्जा थियो यस युगमा पनि त्यो छँदैछ । फरक यति हो यसका प्रकट रूपहरु फरक बनाईएका छन् । शोषण गर्ने तरिकाहरु फरक छन् तर हिजो भन्दा डरलाग्दो

हिसाबले शोषण र असमानताको दर चुलिएको छ । यस अर्थमा हिजोको दास युग र सामन्तवादी युग जति क्रुर र अमानवीय थियो परिणामको हिसाबले त्यो भन्दा ज्यादा अमानवीय छ आजको पुँजीवाद ।

क्रुर, निर्मम, चरम अमानवीय यस पुँजीवादी युगमा कसरी नयाँ जस्ता देखिने वर्गहरूको निर्माण भयो र भइरहेको छ ? कसरी मानवीयताको चरम हरण भइरहेको छ ? एक वर्गले अर्को वर्गमाथि शोषण कसरी गरिरहेको छ ? उत्पादनका साधनहरू माथि पैसा र पहुँच भएकाहरूले कसरी एकलौटी कब्जा गरिरहेका छन् ? मानव समाजको भविष्य माथि कुनै वास्ता नगरिकन कसरी प्रकृति माथि दोहन गरिरहेको छ ? कथित उपल्लो वर्ग अथवा आजको दलाल, नोकरशाही, पुँजीपति वर्ग र त्यो वर्गलाई प्रतिनिधित्व गर्नेहरुले कसरी आम मानिसहरूको आधारभूत अधिकारहरूमाथि कब्जा गरिरहेका छन ? समाजमा निजी सम्पत्तिको प्रभाव कति गहिरिदो छ ? कथित त्यस्ता वर्गहरूले आफ्नो रक्षाको निम्ति संस्थाहरू कसरी खडा गरिरहेका छन् ? त्यसरी खडा गरिएका आर्थिक लगायत अन्य विभिन्न रुपको संस्थाहरूले आफ्नो वर्ग र व्यक्तिहरुको हितको निम्ति पर्दा पछाडी बसेर विगत र वर्तमानमा कसरी चरम अमानवीय युद्धहरू थोपरेका छन् ? पुँजीवादले आफ्नो वर्गको हित प्रवर्द्धनका लागि आर्थिक संस्थाहरू खडा गरेर ती संस्थाहरू मार्फत गरिएका शोषणहरूले आज आम मानिसहरु आत्महत्याको बाटोमा कसरी गैरहेका छन ? आर्थिक असमानताको खाडलहरू झन् धेरै किन गहिरिरहेको छ ? करोडौं मानिसहरूसँग नरहेको सम्पत्ति किन सीमित दुई चारजना मानिसहरूमा केन्द्रित भएर बसेको छ ? पुँजीवादले अरुको शरीर बेचेरै भएपनि कसरी नाफा कमाइरहेको छ ? आम मानिसहरूको नैसर्गिक अधिकारको रुपमा रहेको अनिवार्य पाउनु पर्ने शिक्षा, स्वास्थ्य, रोजगारी प्रति कसरी नाफा प्राप्तिको निम्ति व्यापार लादिएको छ ? यस्ता अनेकौं प्रश्न र समस्याहरू हामीसँग छन साथै स्वभावैले सचेत मानिसहरुले समाधानका बाटाहरू खोजिरहेका छन् भने अर्को तर्फ यस्ता कुरूप पक्षहरूलाई यथावत राख्ने कथित वर्गहरू, त्यो वर्गलाई संरक्षण गर्ने संस्थाहरु र त्यो संस्थाहरूलाई समेत मलजल र संरक्षण गर्ने समकालीन राजनीति, प्रणाली, पार्टीहरू, पार्टीहरूले लिने विचारहरु र राजनीतिक संरचनाहरुको सम्वन्धमा

हामीले गहिरो गरी अध्ययन र मनन गर्नै पर्दछ। यस बारेमा आजको समकालीन राजनीतिक अभियान्ताले, अर्थात हामीहरुले क्रुर पुँजीवादको विकल्प अनिवार्य रुपमा खोज्नुपर्ने छ।

विकल्प समाजवाद

सर्वप्रथमतः आजको हाम्रो औसत चेतना, पारम्परिक सोच, व्यक्तिवादी चिन्तन, स्वार्थी मनोविज्ञानमा आमुल परिवर्तन ल्याउन अति जरुरी छ। हामीले उन्नत, मानवीय, सामुहिक र प्रगतिशील चेतमा आधारित चिन्तन प्रणाली विकास गर्न जरुरी छ र यो सम्भव छ। सृष्टिकालदेखि आज पर्यन्त एउटा कुरा तथ्य के हो भने मानव इतिहास अविच्छेदित निरन्तरता सहितको परिवर्तन हो। परिवर्तनले असीमित क्षेत्र ओगटेको छ। यो सर्वव्यापी र सर्वकालीन छ। जैविक, भौगोलिक, मनोवैज्ञानिक, आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक आदि सबै सबै पक्षहरूमा परिवर्तन हुँदै आइरहेको छ र भविष्यमा पनि परिर्वतन अवश्यम्भावी छ। आलोचनात्मक चेतका साथ इतिहासको अध्ययन गर्ने हो भने परिवर्तन कहिल्यै सुस्त, धिमा र कहिले तेजका साथ अगाडि बढेको हामीले पाउँदछौँ साथै इतिहासको कालखण्डमा कहिलेकाहीँ परिवर्तनले उल्टो दिशा समातेको पनि पाउँदछौं तसर्थ हाम्रो उन्नत चेतले परिवर्तनको बाटोलाई असमानताबाट समानतातर्फ, शोषणबाट मुक्तितर्फ, अन्यायबाट न्यायतर्फ र आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक एकाधिकारबाट स्वतन्त्र, साझा, जनपक्षीय र साँचो अर्थमा मानवीय र खुसीतर्फको दिशातिर मोड्न सक्नु पर्दछ किनकि इतिहासमा जति पनि परिवर्तनहरू भए ती सबै परिवर्तनहरूको सञ्चालक र पात्रहरू मान्छेहरू नै थिए। हो आज फेरि हामी सचेत मानव हुनु को नाताले परिवर्तनको दिशा न्याय, समानता, अमानवियताबाट मानवियता तर्फ, अन्यायबाट न्यायतर्फ हुनु अनिवार्य छ। त्यस्तो आर्थिक, सामाजिक, राजनीतिक प्रणाली भनेको समाजवाद नै हो। अथवा समाजवादतर्फको यात्रा नै हो। परिवर्तनको दिशा समाजवाद तर्फ नै हो। नेपालको सन्दर्भमा समाजवाद भनिरहँदा यो कम्युनिष्टहरूले मात्रै वा वामपन्थीहरूले मात्रै वा कुनै अमुक राजनीतिक पार्टीहरूले मात्रै भन्ने विषय हो भनेर बुझ्ने गरिन्छ। यो आफैमा ठुलो भ्रम हो। समाजवाद समाज विकास क्रमको रुपमा रहेको इतिहासको

एउटा कालखण्डमा अनिवार्य रूपले समाजमा लागु हुने प्रणाली हो । त्यसैले यो अवश्यम्भावी छ । हामी सचेत मानिस हुनुको नाताले जति सक्दो चाँडो समाजवाद उन्मुख हुन सकेमा वा समाजलाई डोऱ्याउन सकेमा समाजमा विद्यमान रहेका तमाम शोषण, अन्याय, अत्याचार, विभेदहरूबाट मक्तिको मार्गमा जान सकिने विषय हो । तसर्थ समाजवाद भन्ने विषय कुनै व्यक्ति, राजनीतिक पार्टी वा समूहको विषय मात्रै होइन । यो सम्पूर्ण मानव जगतको हितको विषय हो । यस सन्दर्भमा कसैले आग्रह, पूर्वाग्रहले हेर्न पर्ने वा कुनै व्यक्ति, पार्टी वा समूहले बोक्नुपर्ने विषय होइन । हाम्रो अगाडि वर्तमानमा रहेका सम्पूर्ण समस्याहरूबाट भुक्तभोगी सम्पूर्ण मानव समुदायले साझा रूपमा बोक्न पर्ने, मनन गर्नपर्ने र त्यसतर्फ कदम चाल्नुपर्ने विषय हो । बिना पूर्वाग्रह समाजवादको सन्दर्भमा हामीले बुझ्ने हो भने यो त्यसै सम्पूर्ण मानव समुदायको साझा विषय भएको होइन । यसका खास विशेषताहरू छन् । तसर्थ यो सम्पूर्ण मानव जगतको साझा विषय बन्न पुगेको हो ।

समाजवादको मुख्य विशेषताहरू मध्ये राजनीतिक विशेषतालाई मान्नु पर्दछ । यो साम्राज्यवाद, उपनिवेशवाद, क्षेत्रीय विस्तारवाद र दलाल नोकरशाही पुँजीवाद विरोधी राज्य प्रणाली हो । यसले सार्वभौमिकताको सम्मान गर्ने, राष्ट्रिय नीतिलाई प्रमुख नीतिको रुपमा स्वीकार गर्ने र अहिले विश्वमा देखिरहेको तमाम खाले सैन्यवादको विपक्षमा आफूलाई उभ्याउँदछ । पुँजीवादले आफूलाई टिकाइरहनको निम्ति तयार गरेका आर्थिक नीतिहरू र संस्थाहरूद्वारा लाद्ने वित्तीय पुँजीवादी नीतिहरुलाई राज्यको तर्फबाट निस्तेज गर्नु पर्दछ भन्ने मूल मान्यता राख्दछ । यसको आर्थिक पद्धति पूरापूर समुदायमा आधारित रहने हुनाले राज्यको तर्फबाटै यस्ता आर्थिक पद्धतिहरूलाई संरक्षण गर्ने, विकास गर्ने र लागू गर्नपर्ने मूल मान्यता राख्दछ । समाज विकासक्रमको शृङ्खलामा अस्तित्वमा आउने उत्पीडक र उत्पीडित वर्गबीचको सङ्घर्षको लामो प्रक्रियाबाट स्थापित हुने समाज व्यवस्था वा राजनीतिक प्रणाली समाजवाद भएको हुनाले सदैव उत्पीडित वर्गको पक्षधरताको रुपमा रहेको हुन्छ ।

त्यस्तै समाजवादमा विशिष्ट प्रकारको आर्थिक विशेषताहरु पनि रहन्छ नै । मूलभूत रूपमा उत्पादनका साधनहरू र उत्पादन सम्बन्धको आधारमा

व्यवस्थालाई परिभाषित गर्ने गरिन्छ तसर्थ यसका आर्थिक विशेषताहरू मानव समुदायको हितका निम्ति विशेष रहन पुगेको छ। समाजवादमा समग्र अर्थतन्त्रको विशेषता वा चरित्र पनि सामूहिक र सामाजिक नै हुने गर्दछ। राष्ट्रिय पूँजीको विकास यसको प्रमुख आर्थिक नीति भित्र पर्दछ । आत्मनिर्भर, स्वाबलम्बी राष्ट्रिय अर्थतन्त्रको पक्षपोषण गर्दछ । उत्पादन र वितरणमा राज्यको पहुँच राख्दछ। असीमित नाफा आर्जन गर्ने पद्धतिलाई खारेज गर्दछ। श्रमिकहरूलाई न्यूनतम ज्यालाको ग्यारेन्टी गर्दछ। कृषि लगायत सम्पूर्ण बस्तुहरुको उत्पादन र उपजको न्यूनतम मूल्य र खपतको ग्यारेन्टी गर्दछ । उद्योगमा आधारित अर्थतन्त्रको पूर्णरूपमा विकास गर्दै त्यसमा सबैको पहुँच स्थापित गर्दछ। राष्ट्रिय पुँजीको प्रचुर विकास गर्ने र त्यसलाई समानतामा आधारित रहेर परिचालन र वितरण गर्न पर्दछ भन्ने नीति नै समाजवादी अर्थतन्त्रको विशेषता र नीति हो। यस अर्थमा समाजवादमा अङ्गीकार गर्ने अर्थतन्त्रको मूलभूत चरित्र सार्वजनिक र सामूहिक पद्धतिमा आधारित हुन्छ। श्रमशक्ति खरिद गर्ने विषय होइन भन्ने मूल मान्यता राख्दछ। जसरी पुँजीवादमा मालिक वर्ग र मजदुर वर्गको बीचमा असामान्य खाडल छ त्यसलाई खारेज गर्दछ र सबै मानिस श्रमिक हुन र सबै मानिस श्रमजीवीको भुमिकामा रहनु पर्दछ भन्ने मूल मान्यता राख्दछ । उत्पादनको साधनहरूमा सामूहिक स्वामित्व र सामाजिक रुपमा परिचालन गर्ने व्यवस्था कायम गरिन्छ। निजी स्वामित्वको सट्टामा सामाजिक स्वामित्व स्थापित गरिन्छ । योग्यता अनुसारको काम र काम अनुसारको ज्यालाको नीति लागु गरिन्छ । समाजवाद भनेको आर्थिक तथा सामाजिक प्रणालीको ऐतिहासिक शृङ्खला हो, जहाँ उत्पादक शक्तिहरूको समुचित विकास गर्नुका साथै उत्पादनको साधनहरूमा जनताको नियन्त्रण र सामूहिक स्वामित्व हुन्छ। यी सबै कुराहरूको व्यवस्थापन राज्यले अङ्गीकार गर्ने नीतिहरूद्वारा संस्थागत गरिन्छ । यस अर्थमा राज्यले मानव समुदायको आवश्यकताहरुको दायित्व लिने सामाजिक, आर्थिक पद्धति समाजवाद हो भने बुझ्नु पर्दछ। त्यस अर्थमा समाजवादले राज्य भनेको समृद्ध एवं सुखी समुदायको एक परिवार हो भन्ने परिकल्पना गर्दछ ।

त्यस्तै समाजवादको सांस्कृतिक तथा सामाजिक विशेषताहरु पनि अत्यन्तै महत्त्वपूर्ण रूपमा रहेको छ । समकालीन विश्व समाजमा उपभोक्तावादी

संस्कृतिको बलियो उपस्थिति छ । पूर्णरूपले यो समाजवाद विरोधी संस्कृति हो । उपभोक्तावादी संस्कृतिले समाजवादको वकालत गर्दैन । पुँजीवादको बाइप्रोडक्टको रुपमा रहेको उपभोक्तावादी संस्कृतिले मानिसहरूमा असीमित लोभ, लालच, आवश्यकता र चाहनाको सिर्जना गर्दछ । त्यस्तै असीमित सिर्जनाले मान्छे मान्छे बीचको हार्दिकता, सवार्धता र मेलमिलापको संस्कृतिलाई नराम्ररी बिथोलिदिएको छ । जसको कारण मानव समुदायलाई सांस्कृतिक रूपमै विचलन र बर्बादीको दिशातर्फ लगिरहेको छ । आजको विद्यमान नेपाली समाजलाई हेर्ने हो भने पनि घरमा रहेका परिवारका सदस्यहरूले मृत्युवरण गर्दा समेत उनका छोराछोरी आफन्तजन विदेशबाट हप्तौंसम्म आइ नपुग्दा पार्थिव शरीर पर्खेर बस्नुपर्ने कहाली लाग्दो अवस्थाको सिर्जना भइरहेको छ । यस्तो परिस्थिति सृजना हुनुपर्ने कारणको अन्तर्यलाई गहिरो गरी अध्ययन र मनन गर्नपर्ने आवश्यकता छ । पारिवारिक, सामाजिक हार्दिकताका साथ मानव समाजमा रहेको हार्दिकतापूर्ण संस्कृतिलाई समाजवादले गहिरो गरी आत्मसात गर्दछ । समाजवादी संस्कृति उन्नत, न्यायिक, प्रगतिशील, समानता, हार्दिकता र मानवतामा आधारित हुन्छ । सामाजिक रूपमा पनि एकरूपता, सद्भाव र भाईचाराको नीति अपनाइन्छ । समाजवादमा सबै तह र तप्काका मानिसहरूलाई समान अवसर, न्याय र सम्मान सहितको सामाजिक सद्भावको वकालत गरिन्छ । स्वार्थ, सोच, चाहना, मर्म र भावना पनि सामूहिक वा सामाजिक पद्धतिमा आधारित हुन्छ । सामूहिक रूपमै दुःख, कष्ट, खुसी, हाँसो, पीर र चिन्ता साटासाट गर्ने संस्कृतिको विकास गरिन्छ । अतः हामीले मनन गर्नै पर्ने अनिवार्यता भनेको विकल्प समाजवादी व्यवस्था मात्रै हो । तसर्थ त्यस दिशा तर्फ निर्भीकताका साथ अघि बढौँ ।

❖❖❖

मार्क्सवादी महिलावादको प्रतिरक्षामा

करुणा पराजुली

अधिवक्ता

महिलाको "व्यक्तिगत सशक्तिकरण", "पुरुष समकक्षीहरू" जस्तै समान अधिकार उपभोग", तथा औपचारिक समानतामा केन्द्रीत वैचारिक धरातलमा उभिएको छ नवउदारवादी नारीवाद । यसको पक्षधर महिलाहरुलाई, समाजवादी नेता एलेक्जेन्ड्रा कोलेन्ताई, "बुर्जुवा महिलाहरु" भनी उदृत गर्दथिन् । आजको पुजीवादी अर्थ ब्यवस्थामा 'गोपनीयता र निजी छनौटको अधिकार' जस्ता मुद्दाले मात्र महिलाको बृहत मुक्ति सम्भव छ भनेर धेरै श्रमिक महिलालाई दिग्भ्रमित पारिरहेको छ । त्यसैले त छनौटको नाममा पुरुषहरूले गरिरहेको हानिकारक अभ्यास गर्न पाउनुपर्ने मागमा सिमित हुनपुगेको छ यो नारीवाद । यसको उदाहरण १९२० दशक पछी धुम्रपानलाई "स्वतन्त्रताको मशाल"को संज्ञा दिई महिलाले पनि पुरुष सरह धुम्रपान गर्न थालियो । त्यस्तै पछिल्लो समय, महिला मुक्तिलाई महिलाले आफै विवाह गरे वा गरेनन्; बच्चा जन्माउने छनोट पाए/पाएनन् वा यौन जीवन कस्तो छ भन्ने विषय केन्दृत राखेर संकुचित पारिदैछ ।

महिलाको सामाजिक जीवनको ठाउँमा निजत्व विकास गर्दै, आम महिलाका गाँस, बास र कपासका मुद्दालाई पुजीवादले ओझेल पारिरहेको छ । यहीँ तथ्यलाई उजागर गर्दै, समाजवादी महिलावादकी अगुवा नेन्सी फेजर भन्छिन्, "आजको नारीवाद, पुँजीवादको दासी बन्नपुगेको छ ।" उनी थप्छिन्, "कुनै समय सामाजिक ऐक्यबद्धतालाई प्राथमिकता दिने महिला आन्दोलनले अहिले केही थान महिला उद्यमी र धनी भएको विषयमा उत्सव मनाउन थालेको छ ।" उदारवादी नारीवादले कानूनी र राजनीतिक समानतालाई मात्र प्राथमिकतामा राखेकाले आज महिला मुक्तिको महत्वपुर्ण पाटो, "राज्य संयन्त्रको बर्गीय पुनर्संरचना"को मुद्दा दरिलो गरी उठ्न सकेको छैन । तसर्थ नवउदारवादी महिलावादले, महिला स्वतन्त्रता र लैङ्गिक समानताको नाममा उच्च घराना-श्रोत सम्पन्न भएका धनी महिलाहरुको लागि मात्र अनुकूल हुने चर्को नाराले सृजना गरेको भ्रम चिर्न नसक्दा आज आम श्रमजीवी महिलाहरुको पक्षमा हुनुपर्ने मार्क्सवादी महिलवादी आन्दोलन रक्षात्मक अवस्थामा पुगेको छ । त्यसैले यो भ्रम हटाउने निम्न विषयमा समाजवादी आन्दोलन अगुवाई गरिरहेका कम्युनिष्ट पार्टीहरुको ध्यान जान जरुरी छ ।

१. वर्गीय राज्यसत्ता

अहिलेको विश्वव्यवस्था पुँजीवादी अर्थव्यवस्था हो, र यो विभेदकारी छ । यस व्यवस्थामा निजी सम्पत्ति स्वामित्वको माध्यमबाट सबै खाले विभेद हुने गर्दछ । अक्स्फाम २०२४, असमानता सम्बंधी रिपोर्टका अनुसार विश्वका १% धनीसँग विश्वव्यापी वित्तीय सम्पत्तिहरूको ५९% स्वामित्व छ । सोही रिपोर्टले कोविड महामारी पछि विश्वका अर्बपतिहरूको सम्पत्ती तीन गुणा छिटो बढेको देखाउछ । जसका कारण धनी र गरीबबिच दोस्रो विश्वोयुद्ध पछी कै सर्वाधिक असमानता हुन पुगेको देखिन्छ । जसरी राज्यको बर्गीय स्वरुप परिवर्तन नगरी कम्युनिस्ट सरकार बनेर मात्र तात्विक फरक परेको छैन, त्यस्तै वर्गीय चेत र सो अनुरुपको वर्ग पक्षधरताबिनाको महिला सहभागीताले श्रमजीवी महिलाको जीवनमा केही फरक पार्दैन । महिला सहभागीताको नाममा पुजीवादी ब्यवस्थालाई प्रस्रय दिने व्यवस्थामा सिंगो सम्सद नै महिला प्रतिनिधिले भरे पनि आम श्रमजीवीको जीवनमा अहिलेको अवस्था भन्दा केही फरक पर्दैन ।

२. महिला सबै एक होइनन् र छैनन्

एलेक्जेन्ड्रा कोलोन्ताईले भने झै पुरुषको संसार जस्तै, महिलाको संसार पनि दुई वर्गमा बाँडिएको छ । एउटा महिला समूहको चासो र आकांक्षा पूँजीवादी वर्ग सँग मिल्ने भएकोले उनीहरु पूँजीवादीहरुसँग नजिक हुन्छन् भने अर्को समूह सर्वहारा वर्गसँग घनिष्ठ सम्बन्ध राख्छ । यी दुबै समुहले आफ्नै बर्गको हितमा काम गर्छन् । तसर्थ कोलोन्ताई भन्छिन्, सन्सारका सबै दिदिबहिनी एकै हुनुपर्छ भनेर भावनात्मक कुरा गर्नेहरु श्रमजीवी महिलाको हितमा कम, र आफ्नो पद प्रतिष्ठाको लागिग्न ज्यादा लाग्ने गर्दछन् । यस्ता उदारवादी महिलावादीहरुसँग समाजवादी महिलाहरु एउटै संगठन वा आन्दोलनमा हुनै सक्दैनन् । केबल आफ्नो निजी स्वार्थमा लाग्ने र आम श्रमजीविको मुक्तिका लागि लाग्ने महिलाहरु भिन्न छन् । त्यसैले यी दुई खाले महिलाहरु एकै ठाउँ गोलबन्द हुन सक्दैनन् ।

३. महिला मुक्तिको सवाल केवल, राजनैतिक सहभागीता वा प्रतिनिधित्व मात्र होईन ।

महिला मुक्ति, महिलाहरु राजकीय पद वा राजनैतिक सम्लग्नत अथवा, पार्टीको चुन्नेचुनीने अधिकारसंग मात्र सम्बन्धित छैन । आज नेपालका पुजीवादी एवम् समाजवादी महिलाहरु दुबै थरीले महिलाको ३३ % सहभागिताको विषयलाई महिला आन्दोलको एक महत्वपूर्ण उपलब्धीको रुपमा लिन्छन् । राजनितिक हिसाबमा यस्तो नितिले महिलाको सार्वजनिक जीवनमा प्रभावकारी भूमिका खेलेको छ । तर आजको महिला मुक्तीको सवाल राजनितिक सहभागीता मात्र होईन । नवउदारवादी नीतिले प्रवर्द्धन गरेको महँगो शिक्षा, विश्वव्यापी स्वास्थ्य सेवा प्रणालीको अभाव, बढ्दो आय मुद्रास्फीति, महङ्गो दैनिक खर्च (घर भाडा, उपभोग्य सामान, छोराछोरीको खर्च), अन्य सामाजिक सम्बन्धका सवाल पनि हुन् । भर्खर नर्शिङ पास गरी कर्पोरेट अस्पतालामा १२ घण्टा ड्युटी गरेर जम्मा मासिक १० देखी १५ हजार थाप्ने नर्सका समस्या, अनौपचारिक क्षेत्र अन्तर्गत अस्थायी घरेलु कामको पिरले अन्त कतै काम खोजी हिंड्ने महिलाका दुख देखी पारिवारिक जीवन पाल्न, असुरक्षित तरिकाले खाडी, कतार मात्र होइन युरोप अमेरिका पुग्ने महिलाका अर्थ-राजनितिक र सामाजिक विषय पनि हुन् । कम तलबज्याला मार्फत महिला श्रमिकमाथी हुने सबै खाले शोषण बिरुद्दको श्रमिजीवी महिलाहरुले गरिरहेको संघर्षले पनि आजका महिलाको मुक्तिसँग प्रत्यक्ष साइनो राख्दछन् । तसर्थ समाजवाद निर्माणका लागि चाहिने आधारभुत शर्त जस्तै निःशुल्क र अनिवार्य शिक्षा, सर्वसुलभ र युनिभर्शल स्वास्थ सेवा, जनजीवीका सम्बन्धी सवाल, झन् महत्व र प्राथमिक मुद्दा हुन ।

४. सामाजिकिकरण: महिलाको घरेलु काम

एलेक्जेन्ड्रा कोलोन्ताईले भने अनुरुप पुजीवादी ब्यवस्थाले बालबालिका केवल अभिभावक अझ त्यसमा पनि आमाको मात्र जिम्मा लगाएर आमालाई बालसुखमा रमाउनुभन्दा घर खर्चको मेलो टार्न कामकाजमा लाग्न बाध्य बनाउछ । अनावश्यक बोझमा पार्छ । तसर्थ महिलाको सार्वजनिक जीवन सहज र स्वतन्त्र बनाउन सबैभन्दा पहिले घरेलु कामलाई सामाजिकिकरण

गर्नु जरुरी छ । आज उदारवादी महिलावादले महिलाको घरेलु कामको बोझ बारेको मुद्दा त उठाउछन तर यसको समाधान भने पुरुषले घरको काममा सघाउदा हुने तर्क अघी सार्छन । यो तर्क अपुरो छ किनकी महिलासँग आज पुजीवादले पुरुषलाई पनि व्यस्त, थकित र पेलानका साथ काम लगाउछ । व्यस्त कार्यतालिकाका कारण शहरका धेरै घरका केटाकेटीलाई स्कुल मै खानाको ब्यवस्था गरी उनका आमा बुवा हतारमा कार्यस्थल हिड्छन । यस्तो अवस्थामा अभिभावकले बालबालिकालाई न त राम्रो स्याहारसुसार गर्न सकिरहेका छन् न त पर्याप्त समय दिन पाएका छन् । यस्तो अवस्थामा हुने खानेले त सहयोगी राख्न सक्लान् तर श्रमजिवी महिलाहरुलाई थप कामको भार परिरहेको छ । न पुरुषले समय निकालेर सहयोग गर्न सकेको छ, न बाल स्याहारको राज्यले राम्रो ब्यवस्था गरेको छ। यस्तो अवस्था समाधानको लागी महिलालाई सहयोग गर्ने सन्स्कार विकास गर्नु राम्रो हो तर यो पुजीवादको चेपुवाबाट महिलाको कामलाई हल्का गर्न उनीहरुको कामलाई सामाजीकिकरण गर्नुपर्छ ।

५. सामुदायिक भान्छा र बाल हेरचाह केन्द्रको विकास

महिलाको कामको सामाजीकिकरण गर्ने उद्देश्य सहित सोभियतकालमा सरकारी स्वामित्वको सामुहिक आवास (कम्युनल अपार्ट्मेन्टस), सस्तो दरका सामुदायिक किचन सुरुवात गरियो । विशेषतः महिलाहरूलाई घरेलु कामबाट मुक्त गराउन र राजनैतिक/श्रमिक सँगठनमा कृयाशिल हुन पर्याप्त समय होस भन्ने उद्देश्यका साथ यस्तो ब्यवस्था गरिएको थियो । यसको समर्थनमा "भाडा र प्यानबाट टाढा रहनुहोस्"; "दिउरे पार्टी सेलको शत्रु हो" जस्ता नारा पनि बनेका थिए । यो सफल प्रयोलाई अनुसरण गर्दै बाल स्याहार केन्द्र जस्ता सामाजिक सुरक्षाका कार्यक्रमको राज्यले कडाई साथ लागू गर्नुपर्छ । त्यहाँ आमाबाबु र बच्चाहरूको आवश्यकता अनुसार विभिन्न प्रकारका क्रेचहरू (बाल स्याहार केन्द्र)को ब्यवस्था गरिएको थियो । यी मध्ये धेरै जसो दिउसोको नर्सरीहरू थिए । महिलाहरुले धेरै जसो दिउसोको समयमा कारखानामा काम गर्ने भएकाले, त्यस्ता नर्सरीहरूले सामान्यतया बिहान ७:३० बजे र १०:०० बजेको बीचमा सन्चालित थिए । केही पश्चिम देश जस्तै अमेरिका, बेलायत, डेन्मार्क लगायतमा राज्यले नै यस्तो सुविधा दिईरहेको छ भने नेपाल लगायत

एसीयन्, अफ्रीकन मुलुकहरुमा राज्यले गुणस्तरीय बाल स्याहार केन्द्रहरुको अभावमा ठुलो निजी मोन्टेश्वोरीहरु शहर एवम् ग्रामिण भेगमा फस्टाउदै छन् । राज्यको दायित्व भनेको बालबालिका हुर्काउन अभिभावहरुलाई साथ दिने हो । तसर्थ सरकार अझ हाम्रो जस्तो देशमा स्थानिय सरकारले अभिभावकबाट न्युन शुल्क लिएर यस्ता स्याहार केन्द्र सञ्चालन गर्न सके महिलाहरुको सामाजिक जीवन अझ सहज हुन्छ ।

अलेक्जान्ड्रा कोलोन्ताईले भने झै सामाजिक श्रम, सद्भाव र न्यायको संसारमा मात्र महिलाले समान अधिकार प्राप्त गर्न सक्छन् र वास्तवमा स्वतन्त्र हुन सक्छन् । महिलाहरु विरुद्द हुने सबै खाले शोषणको अन्त्यको लागी पुजीवादको अन्त्य र समाजवादी राज्य ब्यवस्थाको निर्माण हुने जरुरी छ । तर यो सम्भव पार्न, विश्वका सम्पूर्ण श्रमजीवी महिला तथा पुरुषको एकताबाट मात्र सम्भव छ । यसका लागि पुजीवादविरोधी एकतावद्ध क्रान्तिकारी सङ्घर्ष चाहिन्छ ।

❖❖❖